भदौ - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २९, अङ्क ९ | २०७७, भदौ १-१५ | पूर्णाङ्क ६७५



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

### सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा. विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
शाखा अधिकृत श्री घनराज पोखरेल
नायब सुब्बा श्री रूद्र आचार्य
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | ७ | इजलास नं. ९ | ४ |
| इजलास नं. १ | ४ | इजलास नं. १० | ३९ |
| इजलास नं. २ | ३ | इजलास नं. ११ | ३ |
| इजलास नं. ३ | १५ | इजलास नं. १२ | २ |
| इजलास नं. ४ | ४ | इजलास नं. १३ | ४ |
| इजलास नं. ५ | १ | इजलास नं. १४ | २ |
| इजलास नं. ६ | २ | इजलास नं. १५ | २ |
| इजलास नं. ७ | ४ | इजलास नं. १६ | २ |
| इजलास नं. ८ | ३० | एकल इजलास | ५ |
| जम्मा | ७० | जम्मा | ६३ |

**कूल जम्मा ७० + ६३ = १३३**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७७, भदौ – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ – ५** |
| १. | उत्प्रेषण / परमादेश | कर्साङ नुर्बु शेर्पा वि. शेखरबहादुर गिरीसमेत | १ |
| २. | जबरजस्ती करणी र जबरजस्ती चोरी | रेवन्तबहादुर बस्नेत वि. नेपाल सरकार | १ |
| ३. | उत्प्रेषण / परमादेश | जिल्ला विकास समितिको कार्यालय, सिन्धुपाल्चोक वि. देवेन्द्र घोरासैनी | २ |
| ४. | उत्प्रेषण | शम्भुप्रसाद साह वि. सरस्वती मा.वि. चुङनाम, कुन्तादेवी-३, ओखलढुङ्गासमेत | ३ |
| ५. | उत्प्रेषण / परमादेश | डा.नारायणप्रसाद पौडेल वि. माकर गा.वि.स. कार्यालय, नवलपरासीसमेत | ४ |
| **इजलास नं. १** | | | **५ – ८** |
| ६. | लागु औषध खैरो हेरोइन | पासवत भन्ने पासपत साह वि. नेपाल सरकार | ५ |
| ७. | उत्प्रेषण | मेनसन लाखेमरू वि. नेपाल वायु सेवा निगम, न्युरोड काठमाडौंसमेत | ६ |
| ८. | जबरजस्ती करणी | नेपाल सरकार वि. मुसे सार्की नेपाली | ७ |
| ९. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. कमल घर्तीसमेत | ८ |
| **इजलास नं. २** | | | **९ – ११** |
| १०. | मिलापत्र बदर हक कायम खिचोला मेटाई चलन चलाई पाउँ | रामकिशोर कुर्मी वि. नन्दकिशोर कुर्मी | ९ |
| ११. | जबरजस्ती करणी | नेपाल सरकार वि. टेप्रा राजवंशी | ९ |
| १२. | उत्प्रेषण / परमादेश | विर्जु हजरा दुसाध वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत | १० |
| **इजलास नं. ३** | | | **११ – २३** |
| १३. | उत्प्रेषण | डा. गुणराज अवस्थी वि. स्वास्थ्य मन्त्रालय रामशाहपथसमेत | ११ |
| १४. | उत्प्रेषण | मोहनबहादुर सिंह वि. परशुराम अर्यालसमेत | १२ |
| १५. | अंशचलन | किशुकुमारी गुरूङ वि. विशाल गुरूङ | १३ |
| १६. | उत्प्रेषण / निषेधाज्ञा / परमादेश | प्रेमबहादुर गुरूङ वि. जिल्ला प्रशासन कार्यालय, तनहुँसमेत | १४ |
| १७. | उत्प्रेषण / निषेधाज्ञा / परमादेश | गंगाप्रसाद शाही वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत | १५ |

| | | | |
|---|---|---|---|
| १८. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. राजकुमारी सेन (सिंह) | १६ |
| १९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रशन्नध्वज शाह | १७ |
| २०. | उत्प्रेषण | रामशरण महतो वि. रामप्रताप महतोसमेत | १९ |
| २१. | उत्प्रेषण | शेरबहादुर मल्ल वि. सशस्त्र प्रहरी बल बङ्गलामुखी विशेष कार्यदल गण, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१५ हलचोकसमेत | २० |
| २२. | उत्प्रेषण / परमादेश | दिपेन योङपाङ्देन वि. सार्वजनिक खरिद अनुगमन कार्यालय ताहाचलसमेत | २१ |
| २३. | छुट जग्गा दर्ता गरिपाऊँ | छेपधरा चौधरी वि. मालपोत कार्यालय, बेलबारी मोरङ | २१ |
| **इजलास नं. ४** | | | **२३ – २५** |
| २४. | बैंकिङ कसुर (चेक अनादर) | नेपाल सरकार वि. खेम नाथ | २३ |
| २५. | बैंकिङ कसुर | उषादेवी अधिकारी वि. नेपाल सरकार | २४ |
| २६. | बन्दी प्रत्यक्षीकरण | बुधहाङ लिम्बूको हकमा मनिराम लिम्बू वि. गृह मन्त्रालयसमेत | २५ |
| **इजलास नं. ५** | | | **२६** |
| २७. | नक्सा र नक्सामा कित्ताकाट दर्ता बदर हक कायम दर्ता | रामसिंह कुँवर वि. लालसिंह थापा | २६ |
| **इजलास नं. ६** | | | **२७ – २९** |
| २८. | सम्बन्ध विच्छेद, अंश | शेरबहादुर गुरूङ वि. राधिका गुरूङ | २७ |
| २९. | जबरजस्ती करणी | मिनबहादुर खड्का वि. नेपाल सरकार | २७ |
| **इजलास नं. ७** | | | **२९ – ३३** |
| ३०. | कर्तव्य ज्यान | लाक्पा शेर्पासमेत वि. नेपाल सरकार | २९ |
| ३१. | उत्प्रेषण / परमादेश | रजनेश्वरकुमार साह वि. मोहन साह तेलीसमेत | ३० |
| ३२. | अपहरण तथा शरीर बन्धक | हरिदेव ठाकुर वि. नेपाल सरकार | ३१ |
| ३३. | उत्प्रेषण / प्रतिषेध / परमादेश | ईश्वरी पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ३२ |
| **इजलास नं. ८** | | | **३३ – ३९** |
| ३४. | लागु औषध निर्णय बदरसमेत | गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाडौंसमेत वि. लक्ष्मण थापा | ३३ |
| ३५. | लागु औषध (ब्राउन सुगर) समेत | नेपाल सरकार वि. शिवप्रसाद यादव | ३४ |

| | | | |
|---|---|---|---|
| ३६. | उत्प्रेषण / परमादेश | रामसिंह रावल वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत | ३४ |
| ३७. | लिखत बदर | भूमिराज घर्ती वि. गोरा घर्तीमगर | ३६ |
| ३८. | लागु औषध | नेपाल सरकार वि. सन्तोष थनेत चौधरी | ३७ |
| ३९. | सिफारिस निर्णय बदर | नागेश्वर यादव वि. रूपालाल साह सेडीसमेत | ३८ |
| **इजलास नं. ९** | | | **३९ – ४२** |
| ४०. | हातहतियार खरखजाना | नेपाल सरकार वि. ज्ञानबहादुर श्रेष्ठ | ३९ |
| ४१. | उत्प्रेषण / परमादेश | सन्तबहादुर गुरूङ वि. तिनाउ विकास बैंक लिमिटेडसमेत | ४० |
| ४२. | बन्दी प्रत्यक्षीकरण | सन्ध्यादेवी पुनको हकमा उमेशकुमार वि.क. वि. गृह मन्त्रालयसमेत | ४१ |
| **इजलास नं. १०** | | | **४२ – ४७** |
| ४३. | लागु औषध ब्राउनसुगर | नेपाल सरकार वि. गोविन्द अधिकारी | ४२ |
| ४४. | उत्प्रेषण | यामबहादुर लिम्बू वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत | ४३ |
| ४५. | बन्दी प्रत्यक्षीकरण | सुवर्ण थापा वि. महानगरिया प्रहरी परिसर टेकु, काठमाडौंसमेत | ४६ |
| **इजलास नं. ११** | | | **४७ – ४९** |
| ४६. | कर्तव्य ज्यान, जबरजस्ती चोरी | नेपाल सरकार वि. राजकुमार चौधरी (थारू) | ४७ |
| ४७. | जबरजस्ती करणी | पदम सूर्यवंशी वि. नेपाल सरकार | ४८ |
| ४८. | उत्प्रेषण | सनराइज बैंक लिमिटेड, गौरीधाना वि. अरूणकुमार पराजुलीसमेत | ४९ |
| **इजलास नं. १२** | | | **४९ – ५२** |
| ४९. | फैसला बदर दर्ता बदर | लक्ष्मी शर्मा वि. थमानसिंह लामासमेत | ४९ |
| ५०. | जालसाजी | पूर्णबहादुर कुँवरसमेत वि. नन्दराज उपाध्याय | ५० |
| **इजलास नं. १३** | | | **५२ – ५५** |
| ५१. | परमादेश / प्रतिषेध | कृष्णबहादुर गुरूङ वि. जिल्ला वन कार्यालय, तनहुँ, दमौलीसमेत | ५२ |
| ५२. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. सावित्री भन्ने सावित्रा राईसमेत | ५३ |
| **इजलास नं. १४** | | | **५५ – ५७** |
| ५३. | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. श्रीमती रेखा साहसमेत | ५५ |
| ५४. | उत्प्रेषण / परमादेश | जानकी लोहिया चौहान वि. भूमिसुधार कार्यालय, बाँकेसमेत | ५६ |

| | | | |
|---|---|---|---|
| **इजलास नं.१५** | | | **५७ - ५९** |
| **५५.** | अश नामसारी | बेचन जोल्हा वि. हलिम (जोल्हा) मुसलमानसमेत | **५७** |
| **५६.** | बन्दी प्रत्यक्षीकरण | नवराज थापा वि. महानगरीय प्रहरी परिसर, जावलाखेल, ललितपुरसमेत | **५८** |
| **इजलास नं.१६** | | | **५९ - ६१** |
| **५७.** | जबरजस्ती करणी | नेपाल सरकार वि. तारकनाथ सापकोटा | **५९** |
| **५८.** | जबरजस्ती करणी | नेपाल सरकार वि. लछी कामी | **६०** |
| **एकल इजलास** | | | **६१ - ६८** |
| **५९.** | उत्प्रेषण | लडे बोहरा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | **६१** |
| **६०.** | उत्प्रेषण / परमादेश | पूर्ण तण्डुकारसमेत वि. अधिकार सम्पन्न बाग्मती एकीकृत विकास समिति, गुहेश्वरी, काठमाडौंसमेत | **६२** |
| **६१.** | उत्प्रेषण | अधिवक्ता डा.श्री पुण्यप्रसाद खतिवडासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | **६३** |
| **६२.** | बन्दी प्रत्यक्षीकरण | सुवास वाग्ले वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत | **६४** |
| **६३.** | उत्प्रेषण | सबिन पोख्रेल वि. सम्माननीय प्रधान न्यायाधीश तथा न्याय परिषद्को अध्यक्ष चोलेन्द्र शमशेर ज.ब.रा., सर्वोच्च अदालतसमेत | **६६** |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०७३-WO-१११७, उत्प्रेषण / परमादेश, *काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ६ स्थित श्री शेल्कर छ्योदे घदेन लेक्सटलिङ गुम्बाको तर्फबाट अख्तियारप्राप्त गुम्बाका अध्यक्ष कर्साङ नुर्बु शेर्पा वि. शेखरबहादुर गिरीसमेत*

गुम्बालाई प्रतिवादी नै नबनाई भएको हारजित फैसलालाई इंगित गरी रिट निवेदकले फैसला बदरमा दिएको फिराद दर्ता भई मुद्दा विचाराधीन रहेको अवस्थामा पूर्ववत् फैसला कार्यान्वयन हुँदा गुम्बा परिसरमा रहेका धार्मिक सांस्कृतिक महत्त्वका विभिन्न संरचनाहरू विस्थापित हुन जाने र सार्वजनिक सम्पत्ति व्यक्तीकरण हुने सम्भावना नरहने हुँदैन । सार्वजनिक गुम्बाको सम्पत्ति संरक्षण र सम्बर्द्धन गर्ने दायित्वसमेत रहेको सो गुम्बाको तर्फबाट फैसला बदर मुद्दा परी सो मुद्दा विचाराधीन अवस्थामा रहेको र सो फैसला बदरसमेतका मुद्दाहरूमा ठहरेबमोजिम हुने नै हुँदा पूर्ववत् फैसाला कार्यान्वयन गरी गुम्बाले चर्चेको सम्पत्ति हस्तान्तरण गर्नु, भौतिक संरचना हटाउनु वा भत्काउनु मनासिब नहुने भएकोले काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।९।१ मा भएको आदेश र सोही आदेशलाई समर्थन गरी उच्च अदालत पाटनबाट भएको मिति २०७३।११।२६ को आदेश बदर गरिदिएको छ। अब फैसला बदरसमेतका मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म निवेदक गुम्बाको भौतिक स्वरूप नभत्काउन, परिवर्तन नगर्न तथा विवादित जग्गा कित्ताहरूको हक हस्तान्तरण नगर्न विपक्षीहरूको नाममा परमादेश जारी हुने।

इजलास अधिकृत: दिलीपराज पन्त
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७४ साल मङ्सिर ८ गते रोज ६ शुभम्।

२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-CR-००९७, जबरजस्ती करणी र जबरजस्ती चोरी, *रेवन्तबहादुर बस्नेत वि. नेपाल सरकार*

प्रतिवादी रेवन्तबहादुर बस्नेतले अदालतमा गरेको बयानमा मेरो अनुहारमा कोतरिएको घाउ फुटबल ग्राउन्डको साइडमा ऐँसेलुको काँडाले कोतरेको हो । जबरजस्ती करणी गरेको होइन भनी दाबीको कसुरमा इन्कारी बयान गरे तापनि वारदात भएको दिन र समयमा पीडित परिवर्तित नाम धनकुटा **H** र यी प्रतिवादीबिच फलाटे गा.वि.स. स्थित दोभाने जङ्गलको बगानडाँडामा भेट भएको थियो । पीडिताले नै बोलाएकी हुन् । गफगाफ भएको हो । निज विद्यालय ड्रेसमा थिइन् र २० मिनेटजति धनकुटा **H** सँग रेला गर्दै बसेको तथा भोलिपल्टको मोहने भन्ने ठाउँको धाने पूजाको मेलामा बोलाएकोमा जान पाउँदिन भनी भनेकोले सो मेलामा नआए तिम्रो र मेरो सम्बन्ध टुट्छ भनी भनेकी थिइन् भन्ने देखिँदा पीडितको कथनबमोजिम वारदातस्थलमा भेट भएको नदेखिने।

निज प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा पीडित धनकुटा **H** सँग भेट भई निजले बगानडाँडामा घुम्न जाउँ भनिन् र हामी सल्लाहले नै जङ्गलभित्र गई बगानडाँडामा एक डेढ घण्टा कुराकानी गर्‍यौं । मैले एक पटक शारीरिक सम्पर्क गरौंन भन्दा महिनावारी भएको छ हुँदैन । महिनवारी भए पनि केही हुँदैन भनी भनेपछि पीडित धनकुटा **H** लाई आफूले राजीखुसीबाट करणी गरेको हो भनी बयान गरेको

देखिने।

घटनास्थल मुचुल्कामा घटनास्थलमा माटो माडिएर झारपात सोहोरिएको अवस्थामा रहेको भन्ने देखिएको छ । पीडितको स्वास्थ्य जाँच प्रतिवेदन हेर्दा पीडितको योनिको हाइमन च्यातिएको र सुन्निएको, हल्का रगत बगेको, पीडित बालिकाको ढाडमा ३ वटा दाग (Bruise) भएको भन्ने देखिन्छ। पीडितले अनुसन्धानको सिलसिलामा गरेको कागज हेर्दा प्रतिवादीले इच्छाविपरीत जबरजस्ती करणी गर्न खोज्दा आफूले प्रतिवादीलाई आफ्नो हातको पञ्जाले चिथोरेको भन्ने लेखाइएकोमा प्रतिवादीको स्वास्थ्य परीक्षणबाट समेत निजको अनुहारमा कोतरिएको दागसमेत देखिन आएको छ । पीडितले वारदात हुँदा लगाएको स्कुल ड्रेसको पछाडिको भागमा रातो माटोको दाग लागेको थियो भन्ने देख्ने सरोज कार्कीले अदालतमा आई बकपत्र गरेको देखिने।

पीडित वर्ष १३ की नाबालिका देखिन आएको र मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा १६ वर्ष कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा जबरजस्ती करणी गरेको ठहर्छ भनी किटानी व्यवस्था गरेको देखिन्छ। नाबालिका पीडितलाई मन्जुरीले करणी गरेको भनी मौकामा साबिती रही बयान गरेको तथा पीडितले मौकाको कागज गर्दा तथा अदालतमा उपस्थित भई बकपत्र गर्दासमेत प्रतिवादीले आफूलाई सडकदेखि जङ्गलमा बोकी लगी जबरजस्ती करणी गरेको भनी किटानी गरेको र निजले प्रतिकार गर्दा प्रतिवादीलाई अनुहारमा कोतरेको भनेकोमा प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदन र घटनास्थलमा झारपात मडारिएको, पीडितको हाइमन च्यातिएको भन्ने स्वास्थ्य परीक्षणसमेतबाट पीडितको कथन समर्थित भइरहेको पाइने।

वस्तुत: नाबालक वर्ष १३ की धनकुटा **H** लाई प्रतिवादीले सहमतिमा करणी गरेको भनी मौकामा साबिती भएको बयानलाई पीडितको कागज, हाइमन च्यातिएको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका मिसिल कागजातबाट समर्थन भइरहेको देखिँदा अभियोग दाबीको कसुर ठहर गरेको सुरू तथा पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने।

तसर्थ प्रतिवादी रेवन्तबहादुर बस्नेतलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३ को देहाय २ को कसुरमा सोही जबरजस्ती करणीको ३(२) नं. अनुसार निज प्रतिवादी रेवतबहादुर बस्नेतलाई १२ वर्ष कैद सजाय गरी ऐ. को १० नं. अनुसार प्रतिवादीबाट पीडित धनकुटा **H** लाई क्षतिपूर्तिबापत रू.१,००,०००।– (एक लाख) भराई दिने गरेको सुरू धनकुटा जिल्ला अदालतको मिति २०७१।०७।१८ को फैसला सदर गरेको पुनरावेदन अदालत इलामको मिति २०७१।१२।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास सहायकः हर्कबहादुर क्षेत्री

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल चैत १८ गते रोज ६ शुभम्।

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री मीरा खडका,** ०७२-CI-००१८, उत्प्रेषण / परमादेश, *जिल्ला विकास समितिको कार्यालय, सिन्धुपाल्चोक वि. देवेन्द्र घोरासैनी*

पुनरावेदन अदालत पाटनले मिति २०७१।३।३२ मा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्रकाशित सूचनाले वर्षादको समय असार, श्रावण र भाद्र महिनामा ढुङ्गा, गिटी, बालुवाको सङ्कलन / उत्खनन नगर्ने नगराउने भनी सूचना जारी गरेपछि निवेदक फर्मले जिल्ला विकास समितिको कार्यालयसँग गरेको सम्झौताबमोजिमको कार्य गर्न नपाएको देखिँदा सो सूचना कानूनसम्मत देखिएन। अब २०७१ सालको श्रावण, भाद्र र २०७२ सालको असार महिनाको ठेक्का रकम र सोमा लाग्ने

करसमेत कबोल अङ्कमा दामासाहीले घटाई निवेदक फर्मबाट बाँकी रकम मात्र लिने व्यवस्था गर्नु भन्ने बेहोराले पुनरावेदकको नाममा समेत परमादेशको आदेश जारी गरेको देखिने।

जिल्ला विकास समिति सिन्धुपाल्चोकले मिति २०७१।२।१५ मा सूचना प्रकाशन गरी आ.व. ०७१।७२ मा ढुङ्गा, गिटी र बालुवासमेतका मालवस्तुको बिक्री कर सङ्कलन गर्न प्रत्यर्थी निवेदक फर्मसँग सम्झौता गरेको भए पनि सम्झौता गर्ने जिल्ला विकास समितिको कार्यालयको कामकारबाहीले सम्झौताअनुसारको कार्य गर्न बाधा पुगेको देखिँदैन । उक्त कार्य गर्न सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७१।३।३२ को सूचनाले बाधा व्यवधान पुगेको देखिने।

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट मिति २०७१।३।३२ मा प्रकाशित सूचना बदर नभएसम्म सूचनामा उल्लेख भएको व्यवस्थाबमोजिमको कार्य सम्पादन गर्न मिल्दैन। उक्त सूचनाले प्रत्यर्थी निवेदक फर्मले आ.व. ०७१।७२ को बिक्री कर सङ्कलनको सम्झौता गरेकोमा असार, श्रावण र भाद्र ३ महिना ढुङ्गा, गिटी र बालुवासमेतको बिक्री कर सङ्कलन गर्न नपाइने गरी निषेध गरेको देखिने।

कानूनको शासनमा हरेक कार्य कानूनबमोजिम सम्पादन भएको हुनुपर्छ। यो कानूनको शासनको अभिष्ट पनि हो। त्यसमा पनि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय कानूनबमोजिम कार्य सम्पादन गर्ने निकाय हो। त्यस्ता निकायले कानूनबमोजिमको कार्य गर्नु वाञ्छनीय हुन्छ । प्रत्यर्थी निवेदक फर्मले वर्षात्को ३ महिना असार, श्रावण र भाद्र महिना ढुङ्गा, गिटी, बालुवाको संकलन / उत्खनन गर्न नपाउने भनी मन्त्रालयबाट सूचना प्रकाशन गर्दा कुन कानूनबमोजिम सूचना प्रकाशन गरेको भन्ने कुरा उल्लेख भएको नदेखिने।

कानूनको अख्तियारीबिना भए गरिएका कामकारबाही स्वेच्छाचारी हुने कुरामा विवाद देखिँदैन । सूचना प्रकाशन गर्नुपूर्व प्रत्यर्थी निवेदक फर्मलाई वर्षादको ३ महिना नदीनालाहरूबाट ढुङ्गा, गिटी र बालुवासमेतका मालवस्तु सङ्कलन / उत्खनन गर्न नपाइने भनी जानकारी दिएको पनि देखिँदैन । पूर्वजानकारी नदिई भएको कामकारबाही प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने।

कानूनको अख्तियारीबेगर भए गरेका कामकारबाही स्वेच्छाचारी, पूर्वजानकारी नदिई गरिएको कामकारबाही प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने र आ.व. ०७१/७२ को श्रावण, भाद्र र असारमा प्रत्यर्थी निवेदक फर्मले सम्झौतामा उल्लेख भएको कार्य गर्न नपाउँदा प्रत्यर्थी फर्मलाई क्षति पुग्न जाने हुँदासमेत पुनरावेदन अदालत पाटनको मिति २०७१।७।२६ को आदेश (फैसला) मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल माघ २९ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CI-००१९, १०४०, उत्प्रेषण / परमादेश, *जिल्ला विकास समितिको कार्यालय, सिन्धुपाल्चोक वि. हेमबहादुर बुढाथोकी, स्थानीय विकास मन्त्रालय वि. हेमबहादुर बुढाथोकी*
- ०७२-CI-००२०, उत्प्रेषण / परमादेश, *जिल्ला विकास समितिको कार्यालय, सिन्धुपाल्चोक वि. विकुलादास श्रेष्ठ*

४

**स.प्र.न्या.श्री ओमप्रसामाद मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-WO-११४८, उत्प्रेषण, *शम्भुप्रसाद साह वि. सरस्वती मा.वि. चुङनाम, कुन्तादेवी-३, ओखलढुङ्गासमेत*

शिक्षा ऐन, शिक्षा नियमावलीबमोजिम

निवेदकले पाउने सम्पूर्ण बिदाहरूको समाप्तिपश्चात् पनि निवेदक विद्यालयमा हाजिर हुन नआएकोले विद्यालयको तर्फबाट च.नं. ६७ मिति २०६९।९।६ को पत्रमार्फत निवेदकको स्थायी ठेगानामा स्पष्टीकरणसहित हाजिर हुन आउने र नआएमा ऐनबमोजिम कारबाही हुने बेहोरासमेत उल्लेख गरी पत्राचार गरिएको पुन: च.नं. ६८ मिति २०६९।९।१९ को पत्रमार्फत स्पष्टीकरणसहित हाजिर हुन आउनु भनी पत्राचार गरिएकोमा निवेदकले हुलाकमार्फत पठाएको ३ महिना आराम गर्नुपर्ने भन्ने लेखिएको निजी क्लिनिकको Presentation राखी २०६९।२।१९ मा विद्यालयमा निवेदन पठाएको देखिने।

उक्त Presentation सरकारी अस्पतालको नभई निजी क्लिनिकको देखिँदा सोसमेत विश्वसनीय नभई बनावटी किसिमको देखिएकोले तपाईँलाई किन अवकाश नदिने भन्ने बेहोरा लेखी पुन: च.नं. ६९ मिति २०६९।११।२९ गतेको निर्णयको निवेदकलाई शिक्षक पदबाट अवकाश दिई सोको जानकारी निजलाई २०६९।१२।६ को पत्रमार्फत गराइएको बेहोरा विपक्षी सरस्वती मा.वि. चुङनाम कुन्तादेवी ओखलढुङ्गासमेतको लिखित जवाफबाट देखिने।

निवेदक राहत कोटाको शिक्षक पदमा नियुक्त भएकोमा विद्यालयमा उपस्थित रही पठनपाठनमा संलग्न हुनुपर्ने दायित्व भएकोमा बिदा स्वीकृत नगराई २०६९।८।१ देखि विद्यालयबाट अनुपस्थित रहेको र २०६९।१०।१० गते ७ दिनभित्र उपस्थित हुन आउनु भनी सूचना पठाउँदा पनि उपस्थित रही गैरजिम्मेवारपूर्ण आचरण गरेको देखिन्छ। शिक्षा ऐन, २०२८ को नियम १६ङ(५)(ग) मा बिनासूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहने शिक्षकलाई पदबाट हटाउने भन्ने कानूनी व्यवस्था भइरहेकोमा निवेदक १५ दिनभन्दा बढी समयसम्म विद्यालयमा अनुपस्थित रहनुका साथै पटकपटक सूचना दिई जानकारी गराउँदा पनि विद्यालयमा उपस्थित हुन आएको नदेखिएको कारणले निजलाई पदबाट हटाउने गरी विद्यालय व्यवस्थापन समितिले गरेको निर्णय कानूनअनुरूप नै भएकोले मागबमोजिम आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ज्ञानेन्द्र इटेनी

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७५ साल कात्तिक १३ गते रोज ३ शुभम्।

५

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-WO-०४६२, उत्प्रेषण / परमादेश, *डा.नारायणप्रसाद पौडेल वि. माकर गा.वि.स. कार्यालय, नवलपरासीसमेत*

कुनै पनि व्यक्तिउपर चलेको मुद्दामा कानूनबमोजिम प्रतिवाद गर्न पाउने हकलाई हनन गर्न मिल्दैन। आफूउपर लागेको अभियोगमा प्रतिवाद गर्न पाउने त्यस्तो कानूनी हक प्राकृतिक न्यायको सिद्धान्तमा आधारित हुने हुँदा प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको कामकारबाहीले वैधता प्राप्त गर्न सक्दैन भन्ने सम्बन्धमा यस अदालतको पूर्ण इजलासबाट निवेदक वीरबहादुर राउत अहिर विरूद्ध गृह मन्त्रालयसमेत भएको (*ने.का.प.* २०६८, मंसिर, निर्णय नं.८६६३, पृष्ठ १२७६) उत्प्रेषणयुक्त परमादेश मुद्दामा "कुनै निर्णयबाट कसैको हकमा आघात पर्दछ भने निर्णय गर्नुपूर्व सुनुवाइको मौका दिनुपर्ने कुरा अनिवार्य र स्वाभाविक हुन्छ। सुनुवाइको मौका नदिई गरिएको निर्णयले निर्णयको स्थान नै लिन नसक्ने हुँदा न्यायिक प्रक्रियामा वैधानिक मान्यता प्राप्त गर्न नसक्ने । प्राकृतिक न्यायको सिद्धान्तले न्यायिक प्रक्रियालाई स्वच्छ र विश्वसनीय बनाउने हुँदा यसको उपेक्षा गरी भएको निर्णयलाई पूर्वाग्रही निर्णयको संज्ञा दिनु उपयुक्त हुने। कानूनमा उल्लिखित कार्यविधिको अक्षरश: पालना वा अवलम्बन गरिएको हुनुपर्दछ । प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन गरी वा कानूनबमोजिमको उचित प्रक्रिया पालना नगरी निर्णय

हुन पुग्दछ भने त्यस्तो निर्णयलाई कानूनको दृष्टिमा शून्य मान्नु पर्ने" भन्नेसमेत सिद्धान्त प्रतिपादन भएको हुँदा म्याद कानूनबमोजिम रीतपूर्वक तामेल भएको हुँदैन भने त्यस्तो तामेली म्यादको आधारमा भएको फैसलाले मान्यता प्राप्त गर्न सक्ने नदेखिने।

निवेदकले माग गरेबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा माथि गरिएको विवेचनासमेतबाट निवेदकको नामको म्याद नै अ.बं. ११० नं. को रीत नपुगी गलत वतनमा तामेल भई प्राकृतिक न्यायको सिद्धान्त विपरीतसमेत भएको देखिएको र बेरितको तामेली म्यादको आधारमा कसुरदार ठहर गर्दा निवेदकको संविधान प्रदत्त समानता, स्वतन्त्रता र न्यायसम्बन्धी हकमा प्रतिकूल असर पर्ने देखिँदा २०६८।८।१७ मा तामेल भएको बेरितको म्यादको रोहमा निवेदकलाई १ वर्ष कैद सजाय र दस हजार जरिवाना हुने ठहर गरेको नवलपरासी जिल्ला अदालतको मिति २०६९।९।३ को फैसला बदरयोग्य देखियो । त्यसैगरी निवेदकउपर चलेको मुद्दामा नवलपरासी जिल्ला अदालतको फैसला पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।८।९ मा सदर भएको देखियो । निवेदक / प्रतिवादीले पुनरावेदनको फैसला बदर माग नगरेको भए पनि सुरू फैसला नै बदर भएपछि पुनरावेदन तहबाट सुरू फैसला सदर गरेको फैसलाको कुनै अर्थ नै नरहने र त्यो फैसला बदर नगरी फैसला कायम रही रहे निवेदकको हकमा पर्ने प्रतिकूल असर कायमै रहिरहने हुँदा सुरू अदालतको मिति २०६९।९।३ र पुनरावेदन अदालत बुटवलको मिति २०७०।८।९ को फैसला नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) र नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदक नारायणप्रसाद पौडेलउपर चलेको बहुविवाह मुद्दामा निजको नाममा कानूनबमोजिम म्याद तामेल गरी बयान र प्रतिवाद गर्ने मौका प्रदान गरी कानूनबमोजिमका अन्य आदेशहरूका प्रक्रिया पूरा गरी पुनः कानूनबमोजिम फैसला गर्नु भनी नवलपरासी जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : भीमबहादुर निरौला

इति संवत् २०७५ साल साउन २८ गते रोज २ शुभम्।

**इजलास नं. १**

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-CR-०५५८, लागु औषध खैरो हेरोइन, *पासवत भन्ने पासपत साह वि. नेपाल सरकार, विकास पोडे वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी पासपत साहले ताहिर भन्ने व्यक्तिको अवस्था यकिन नभएको र लागु औषध आफूबाट बरामद नभएकोले कसुरदार ठहर गर्न मिल्दैन भनी लिएको जिकिरतर्फ हेर्दा यी पुनरावेदकले भारत निवासी ताहिर भन्ने व्यक्तिबाट आफूले लागु औषध खरिद गरी ल्याउने गरेको भनी बयानमा खुलाएको देखिन्छ । यसरी ताहिर भन्ने व्यक्तिको पोल यिनै पुनरावेदकले गरेकोले निज ताहिरको नाम थर वतन स्पष्ट दिई निजको अस्तित्वलाई स्थापित गराउने दायित्व यी पुनरावेदककै हो । आफूले स्पष्ट नामथर वतन नदिने अनि निजको अस्तित्व स्थापित हुन नसकेको अवस्थाको फाइदा यी पुनरावेदकले प्राप्त गरी निजले कसुरबाट उन्मुक्ति पाउनु पर्दछ भन्ने जिकिर कानूनसम्मत नदेखिने।

सहप्रतिवादी विकास पोडेले ४/५ पोका लागु औषध पासपतबाट किनेको हुँ भनी अदालतमा बयान गरेको अवस्था छ । यसरी प्रतिवेदकको बकपत्र सहप्रतिवादीको अदालतको बयान एकआपसमा मेल खाएको अवस्थामा निजको साथमा तत्काल लागु औषध नरहेको भए तापनि निज पासपतले विकास

पोडेलाई लागु औषध बिक्री गरेको प्रमाणित हुन आएको छ । प्रतिवेदक होमविक्रम कार्कीले यी प्रतिवादीसमेत तीनजनालाई लागु औषधसहित एकै पटक नियन्त्रणमा लिएको भनी अदालतमा बकपत्र गरेको देखिन्छ । तसर्थ निजको साथबाट तत्काल लागु औषध बरामद नभए पनि अन्य सहप्रतिवादीहरूसँगै पक्राउ परेको र सहअभियुक्तको बयानबाट खैरो हिरोइन बिक्री गरेको तथ्यको पुष्ट्याइ भइरहेबाट निज पुनरावेदक पासपत साहलाई निर्दोष हुन भन्न नमिल्ने।

तसर्थ पुनरावेदक प्रतिवादीहरू पासपत साह र विकास पोडेले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(च)(छ) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)(२) बमोजिम जनही १० वर्ष कैद र रू.७५,०००।– जरिवाना गर्ने ठहऱ्याई भएको पुनरावेदन अदालत पाटनको मिति २०७०।१।१० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकद्वयको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ ८ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-WO-०७२७, उत्प्रेषण, *मेनसन लाखेमरू वि. नेपाल वायु सेवा निगम, न्युरोड काठमाडौंसमेत*

मिति २०७०।०२।०१ गतेको गोरखापत्रमा नेपाल वायुसेवा निगमले आवश्यकता भनी विज्ञापन गरेको र उक्त विज्ञापनमा निवेदकसहितका व्यक्तिहरूले आवेदन दिएर परीक्षा सम्पन्न भई लिखित तथा अन्तरवार्तामा सफल भएका उम्मेदवारहरूको मिति २०७१।११।६ गतेको पदपूर्ति समितिको निर्णयानुसार मिति २०७१।११।२८ गते गोरखापत्रमा नतिजा प्राप्त भई रिट निवेदक मेनसन लाखेमरू आदिवासी जनजातितर्फको वैकल्पिक सूचीमा परेपछि मात्र रिट लिएर आए देखिन्छ । जबकि विज्ञापन खुलाएपछि फारम भर्दा र लिखित परीक्षा तथा परीक्षा फल प्रकाशित हुँदासमेत रिट निवेदक चुप लागी बसेको देखिएको र आफू वैकल्पिक सूचीमा परेपछि मात्र उपचारको लागि अदालत प्रवेश गरेको देखिँदा निजले सफाहात र मनसायले रिट निवेदन दिएको नदेखिने।

नेपाल सरकारको अख्तियारप्राप्त निकाय अर्थात् जिल्ला प्रशासन कार्यालयबाट आदिवासी जनजाति भनी प्रमाणित गरिदिएको सिफारिसलाई अन्यथा हो भनी निवेदकले कुनै स्वतन्त्र र भरपर्दो प्रमाणले पुष्टि गरेको पनि नदेखिने।

अगाडिको मितिमा विज्ञापन खुली फाराम भरेर लिखित र मौखिक परीक्षामा सामेल भई आफू अनुत्तीर्ण भएपछि मात्र यी रिट निवेदक अदालत प्रवेश गरेको देखिँदा निवेदकको मनसाय स्वार्थ प्रेरित र दूषित हो कि भन्ने देखिने।

कुनै पनि कानूनी व्यवस्थाको विशेष लाभ आफूले मात्र पाउनुपर्छ भनी कसैले पनि मान्यता राख्नु हुँदैन। न त कानूनी व्यवस्थाको व्याख्या आफ्नो अनुकूल हुनुपर्दछ भन्ने अपेक्षा नै गर्नु हुन्छ । यसमा निवेदकसमेत एउटै प्रक्रियामा सहभागी भई असफल भएपछि मात्र सो प्रक्रियाबाट उत्तीर्ण व्यक्तिको योग्यता अनुभवको साथै प्रक्रिया निर्धारक कानूनी व्यवस्थासमेत उपर प्रश्न उठाउने निवेदकलाई अदालतले सहयोग गर्न सक्ने अवस्था नदेखिने।

तसर्थ, उल्लिखित तथ्य व्यवस्था एवम् विवेचनासमेतको आधारमा नेपाल सरकारको आधिकारिक निकाय जिल्ला प्रशासन कार्यालय, पर्सा वीरगन्जले दिएको विपक्षी रविन्द्रकुमार साह तुराहा आदिवासी जनजाति भएको कुरालाई हैन भनी निवेदकले कुनै भरपर्दो प्रमाणले पुष्टि गर्न नसकेको र सो प्रमाणीकरण बेठीक हो भन्ने कुरा प्रमाण बुझेपछि मात्र निरूपण हुनसक्ने प्रकृतिको भएकोमा रिट निवेदनबाट प्रमाण बुझी इन्साफ गर्न नमिल्ने भएको साथै नेपाल

वायुसेवा निगमले प्रकाशित गरेको विज्ञापनमा फाराम भरी लिखित तथा मौखिक परीक्षा उत्तीर्ण गरिसकेपछि आफू वैकल्पिक योग्यता सूचीमा परी परिणाम निस्केपछि रिट दायर भएको देखिँदा निवेदकको कुनै पनि संवैधानिक र कानूनी हकमा आघात परेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । सो ठहर्नाले मिति २०७१।१२।०३ मा यस अदालतबाट जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने ।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल असार ११ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-CR-१०८८, जबरजस्ती करणी, *नेपाल सरकार वि. मुसे सार्की नेपाली*

प्रतिवादीले पीडितको योनिमा उत्तेजित लिङ्ग टेकाएको मात्र हुँ धकेल्ने तथा भित्र प्रवेश गराउने कार्य अर्थात् करणी गरेको छैन भनी अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा लेखाएको देखिन्छ । पीडितको स्वास्थ्य परीक्षणबाट योनिमा वीर्य नदेखिएको, कन्याजाली नच्यातिएको भन्ने उल्लेख हुनुका साथै योनि रातो भएको उल्लेख भएको पाइन्छ । योनि सामान्य अवस्थामा नरही रातो भएको भन्ने स्वास्थ्य परीक्षणबाट देखिँदा पीडितको योनिमा लिङ्गको घर्षण भएको मान्नुपर्ने हुन आयो । प्रतिवादीले पीडितको योनिमा लिङ्ग टेकाएको भनी उल्लेख गरेको तथ्य स्वास्थ्य परीक्षण प्रतिवेदनबाट समेत समर्थन भएको देखियो । मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को देहाय (ग) मा योनिमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनका लागि करणी गरेको मानिनेछ भन्ने कानूनी व्यवस्था रहेको हुँदा जबरजस्ती करणीको कसुर कायम हुन योनिभित्र लिङ्ग पूरै प्रवेश गरेको हुनुपर्ने, वीर्य स्खलन हुनुपर्ने एवम् कन्याजाली च्यातिएको हुनुपर्ने अनिवार्यता रहेको नदेखिने ।

प्रस्तुत मुद्दामा प्रतिवादीले बालिकाको योनिमा लिङ्ग प्रवेश गराई यौन सन्तुष्टि लिन नपाएको भए पनि १० वर्षकी नाबालिकालाई ललाई फकाई करणी गर्ने मनसायले बालिकाको यौनाङ्ग लिङ्गले छुने, रगड्ने कार्य गरेको भन्ने पुष्टि हुन आएको हुँदा जबरजस्ती करणीको १ नं. को कानूनी व्यवस्था एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्तअनुसार त्यसलाई जबरजस्ती करणीको पूर्ण कसुर मान्नुपर्ने देखियो । उक्त आधारबाट हेर्दा प्रतिवादीले यौन कार्य पूरा गर्न नपाएको, प्रयास मात्र गरेको भनी उद्योगमा सजाय गर्ने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको इन्साफ त्रुटिपूर्ण रहेको देखिने ।

विवेचित आधार कारणबाट प्रतिवादी मुसे सार्कीले पीडित बालिकालाई जबरजस्ती करणी गरेको ठहर भएको हुँदा प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय १ अनुसार प्रतिवादीलाई १० वर्ष कैद सजाय हुने ठहर गर्नुपर्नेमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणीको उद्योग गरेको ठहऱ्याई मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं. बमोजिम ५ वर्ष कैद सजाय हुने ठहऱ्याई भएको सुरू गोरखा जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पोखराबाट मिति २०६८।११।९ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय १ अनुसार प्रतिवादीलाई १० वर्ष कैद सजाय हुने ।

प्रतिवादीको अंशभागबाट जबरजस्ती करणीको १० नं. अनुसार पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाउँ भन्नेसमेत अभियोग दाबी रहेको सन्दर्भमा विचार गर्दा प्रतिवादीका नाममा जम्मा ९-३-१-० रोपनी चाहार जग्गा मात्र रहेको देखियो । सोबाहेक अन्य सम्पत्ति रहेको देखिँदैन । निजका २ जना अंशियार छोरासमेत भएबाट प्रतिवादीको

नामको उक्त जग्गाबाट क्षतिपूर्ति भराउँदा पीडितले नगण्य मात्रामा क्षतिपूर्ति प्राप्त गर्ने अवस्था देखियो । अपराध पीडितले उचित र मनासिव क्षतिपूर्ति पाउने कुरा पीडितको अधिकारअन्तर्गत पर्न आउँछ । यसर्थ पीडकबाट क्षतिपूर्ति प्राप्त हुन सक्ने अवस्था नरहेबाट राज्यको तर्फबाटै क्षतिपुर्ति भराइदिनु पर्ने देखिँदा सम्बन्धित स्थानीय तहको महिला तथा बालबालिका शाखामार्फत पीडित बालिकालाई क्षतिपूर्तिस्वरूप रू.३००००।- (तीस हजार) भराइदिने ठहर्छ । अदालतबाट विभिन्न मुद्दामा यस्तै प्रकारले पीडितलाई क्षतिपूर्ति भराइदिने गरी आदेश हुने गरेको तर त्यसरी भएको आदेश के कति कार्यान्वयन भयो सो विषयमा अदालतलाई कुनै जानकारी उपलब्ध हुने गरेको नपाइएकोले जबरजस्ती करणीको कसुरबाट पीडितलाई अदालतको आदेशानुसारको क्षतिपूर्ति भराई दिएको र भराउन नसकेको भए त्यसको उचित कारण खुलाई फैसला कार्यान्वयन निर्देशनालयलाई विवरण उपलब्ध गराउने सन्दर्भमा आवश्यक संयन्त्रको स्थापना गर्नु भनी महिला तथा बालबालिका मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: विशाल खड्गी

इति संवत् २०७४ साल भदौ २८ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-०४४२, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. कमल घर्तीसमेत*

प्रतिवादीहरू कमल घर्ती र यमबहादुर मगरले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतसमेत नलिई पुजा श्रेष्ठ र धनमाया श्रेष्ठलाई भारतको दिल्ली हुँदै दुबई पठाउन लागेकोले निज प्रतिवादीहरूको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर भएकोले सोही ऐनको दफा ४३ बमोजिम सजाय गरिपाउँ भनी अभियोग माग दाबी भएकोमा यी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहरी वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला भएको देखिने।

प्रस्तुत मुद्दाको पीडित भनिएको पुजा श्रेष्ठ र धनमाया चौहानले प्रतिवादीहरूले निजहरूलाई भारत लगेको नभई आफ्नो सहमतिअनुरूप भारतको बाटो जान लागेको हो । प्रतिवादीहरूले ललाई फकाई वा प्रलोभनमा पारेको होइन भनी अनुसन्धानको क्रममा कागज गरिदिएको देखिन्छ । प्रतिवादी कमल घर्तीले पुजा श्रेष्ठ र धनमाया चौहानलाई बुटवल पुऱ्याएको भनी स्वीकार गरे पनि वारदातसँग सम्बन्धित अन्य कुनै पनि तथ्य स्वीकार गरेको निजको अनुसन्धानको क्रममा भएको बयानबाट देखिँदैन। अर्का प्रतिवादी यमबहादुर घर्तीले पुजा श्रेष्ठ र धनमाया चौहानलाई भारतको बाटो हुँदै दुबईमा वैदेशिक रोजगारीको लागि पठाउन लागेको भनी स्वीकार गरे पनि वैदेशिक रोजगारी न्यायाधिकरणमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही कुटपिट गरी डर-त्रास देखाई अनुसन्धानको क्रममा बयान गराएको हो भनी बयान गरेका देखिने।

पीडित भनिएका पुजा श्रेष्ठ र धनमाया चौहानलाई मुलुकी ऐन, अ.बं. ११५ नं. बमोजिम वैदेशिक रोजगार न्यायाधिकरणबाट बुझ्दा निजहरू आफ्नो नामको म्याद बुझेको देखिए पनि न्यायाधिकरणमा उपस्थित भई आफ्नो बेहोरा लेखाउन सकेका छैनन्। प्रतिवादीहरूले पुजा श्रेष्ठ र धनमाया चौहानलाई वैदेशिक रोजगारीमा पठाइदिन भनी कुनै रकम लिएको वा प्रलोभनमा पारेका होइनन् भनी प्रतिवादीहरूका साक्षीहरूले वैदेशिक रोजगार न्यायाधिकरणमा बकपत्र गरी प्रतिवादीहरूको न्यायाधिकरणसमक्षको इन्कारी बयानलाई समर्थन गरिदिएका छन्। फौजदारी मुद्दामा प्रतिवादीउपरको कसुर प्रमाणित गर्ने भार वादीको हुन्छ। तर प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले आरोपित कसुर गरेको तथ्य कुनै विश्वसनीय प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन। अनुसन्धानको क्रममा भएको बयान

आफैँमा प्रमाण नभई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएमा मात्र त्यसको आधारमा प्रतिवादीहरूको अपराध पुष्टि हुने हुँदा यी प्रतिवादीहरू विरूद्ध लगाइएको आरोप पुष्टि नभएको अवस्थामा निजहरूलाई सफाइ दिएको फैसलालाई अन्यथा गरिरहन नपर्ने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरू कमल घर्ती र यमबहादुर घर्तीले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।१२।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल माघ २ गते रोज ३ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०६८-CI-१५०२ र ०६८-CI-१५०३, मिलापत्र बदर हक कायम खिचोला मेटाई चलन चलाई पाउँ, *रामकिशोर कुर्मी वि. नन्दकिशोर कुर्मी र नन्दकिशोर कुर्मी वि. उद्धव कुर्मीसमेत*

सुरू अदालतबाट मिति २०६६।१२।१२ मा भएको सर्जमिन मुचुल्कामा मंगला कुर्मीको स्याहारसम्भार र मृत्युपर्यन्त काजकिरिया को कसले गरेको हो भन्ने सम्बन्धमा केहीले नन्दकिशोर कुर्मीले गरेको भनेको, केहीले उद्धवले, केहीले भारत र रामकिशोरले गरेको भनी फरकफरक बेहोरा लेखाइदिएबाट एकलौटी रूपमा वादी वा प्रतिवादीहरूले काजकिरियालगायतका कर्म गरेको भन्ने पुष्टि हुन आएन । वादी र प्रतिवादीहरूमाथि उल्लिखित अपुतालीको ३ नं.को कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा निज मृतक मंगला कुर्मीका समान पुस्ताका हकवालासमेत देखिएको सन्दर्भमा मृतक मंगलाको काजकिरियासमेतका क्रिया वादी प्रतिवादीहरूसमेतका ४ जनाले गरेको अवस्था देखिन आई निजहरू मंगलाका हकदारसमेत रहे भएबाट निजको अपुताली वादी प्रतिवादीहरू सबैले पाउने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला न्यायसङ्गत देखिन आउने।

तसर्थ, माथि विवेचित आधार र कारणहरूबाट कपिलवस्तु जिल्ला अदालतको फैसला उल्टी हुने ठहर्‍याई पुनरावेदक वादी नन्दकिशोर कुर्मीले निजकी काकी मंगला कुर्मीको सम्पत्तिमा ४ भागको १ भाग अपुताली पाउने देखिँदा सो हदसम्म मिति २०६६।४।२३ को मिलापत्र बदर भई ४ भागको १ भाग सम्पत्तिमा पुनरावेदक वादीको अपुताली हक कायम हुने ठहर्‍याएको पुनरावेदन अदालत बुटवलको मिति २०६८।१०।३ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल मङ्सिर २५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०६९-CR-०४९७, जबरजस्ती करणी, *नेपाल सरकार वि. टेप्रा राजवंशी*

प्रतिवादीउपर जबरजस्ती करणीको महलको १ नं. र ३(१) नं.को कसुर अपराधको अभियोग लगाइएको भए पनि स्वयम् जाहेरवाला एवम् पीडित र प्रत्यक्षदर्शीले आरोपित कसुर यी प्रतिवादीले नगरेको भनी अदालतसमक्ष बेहोरा लेखाएको पाइन्छ। निजहरूको मौकाको कागज एवम् प्रतिवादीको मौकाको बयानमा अन्यथा उल्लेख भएको भए पनि अदालतसमक्ष सोविपरीतको कथन देखिन आएको हुँदा प्रमाण ऐन, २०३१ को दफा १८ ले त्यस्तो मौकाको भनाइलाई मात्र प्रमाणमा ग्रहण गर्न मिल्ने नदेखिने । जाहेरवालालगायत मौकामा कागज गर्ने पीडितले प्रतिकूल (Hostile) बकपत्र गरेको हो कि भन्नलाई

मिसिल संलग्न प्रत्यक्षदर्शीको अदालतसमक्षको बकपत्र एवम् पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणीको कसुर गरेको भन्ने कुरा नदेखिएको अवस्था विद्यमान छ । फौजदारी मुद्दामा आफ्नो अभियोग दाबी प्रमाणित गर्ने भार वादीमा रहने सामान्य सिद्धान्तबमोजिम पनि प्रस्तुत मुद्दामा प्रतिवादीलाई अभियोग दाबी प्रमाणित हुने प्रमाण वादी पक्षले प्रस्तुत गर्न सकेको नदेखिएको र शङ्का र अनुमानको भरमा अदालतले कसैलाई कसुरदार घोषित गर्न नसक्ने हुँदा अभियोग दाबीबाट प्रतिवादीले सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला मिलेको देखिने।

तसर्थ माथि उल्लिखित तथ्यगत एवम् कानूनी विवेचनाबाट प्रतिवादी विल्टु भन्ने टेप्रा राजवंशीले पीडितलाई जबरजस्ती करणीको उद्योग गरेको ठहर्‍याई ५ वर्ष कैद सजाय गर्ने गरी झापा जिल्ला अदालतबाट भएको फैसला उल्टी भई निज प्रतिवादी टेप्रा राजवंशीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत इलामको मिति २०६९।३।१९ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पुस ३ गते रोज २ शुभम्।

३

**मा.न्या. श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७४-WO-०१४४, उत्प्रेषण / परमादेश, *विर्जु हजरा दुसाध वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत*

पदपूर्ति समितिले सिफारिस गरेको उम्मेदवारलाई सम्बन्धित स्थानीय निकायको निर्णयानुसार सचिवले नियुक्ति दिने छ भन्ने व्यवस्थाबमोजिम गाउँ विकास समितिको कार्यालय हरैया बाराबाट मिति २०६९।१।२७ को विर्जु हजरा दुसाधलाई नियुक्ति गर्ने सम्बन्धमा भएको पत्रमा गाउँ परिषद्‌बाट ऐन, नियमको प्रतिकूल नहुने गरी चालु आ.व.०६८/६९ देखि नै प्रचलित तलब स्केल पाउने गरी पियन पदमा स्थायी गर्ने निर्णय भएको र २०६९ वैशाख महिनादेखि नेपाल सरकारको तलब स्केल उपलब्ध गराइने जानकारी गराइएको देखिन्छ । निजलाई स्वीकृत दरबन्दीमै गाउँ परिषद्‌बाट नियुक्त गरिएकोमा विवाद देखिँदैन । गाउँ परिषद्‌को निर्णय कार्यान्वयनका लागि गाउँ परिषद्‌को निर्णयअनुसार गाउँ विकास समितिको सचिवबाट निज विर्जु हजरा दुसाधलाई नियुक्त गरिएको देखिन्छ। सो नियुक्ति गर्दा कायम रही आएको दरबन्दीकै पदमा अस्थायीलाई स्थायीको रूपमा निरन्तरता दिएको देखिन्छ । अघिदेखि नै सिर्जित दरबन्दी भएकोमा नयाँ दरबन्दी सिर्जना गरिएको विषय पनि होइन। स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६ मा गाउँ परिषद्‌को काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएकोमा सोही व्यवस्था र कानूनबमोजिम अधिकारप्राप्त अधिकारीद्वारा नियुक्त गरिएको देखिन्छ। सो समयदेखि नै निज विर्जु हजरा दुसाधले लगातार रूपमा कामकाज गर्दै आएको देखिन्छ। यस्तो अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले रिट निवेदकलाई गाउँ विकास समितिको स्थायी पदमा नियुक्त गर्ने मिति २०६८।९।२९ को गाउँ परिषद्‌को निर्णय प्रचलित कानूनविपरीत भएको भनी मान्न नमिल्ने।

आयोगले निर्णय गर्दा उल्लेख गरेको अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (ख) को व्यवस्थाले समेत अख्तियार दुरूपयोग आयोग आफैँलाई निर्णय गर्ने अधिकार प्रदान नगरी सम्बन्धित निकायमा लेखी पठाउनेसम्म अधिकार दिएको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफैँले निर्णय गरी निर्णयानुसारको कार्य गर्नु गराउनु भनी लेखी पठाएको कार्य मिलेको नदेखिने।

अतः निवेदक विगत लामो समयदेखि गाउँ

विकास समितिको कार्यालयको अस्थायी पियन पदमा कामकाज गर्दै आएकोमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा संशोधित नियमावली, २०५६ को नियम २१३(क) अनुसार स्थायी प्रक्रियामा समावेश गर्न छुट भएकोमा ऐन, नियमको प्रतिकूल नहुने गरी स्थायी गर्ने निर्णय भएकोमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७३।१।१३ को निर्णयानुसार निवेदकलाई दिएको नियुक्ति कानून व्यवस्थाविपरीत भनी निज निवेदक विर्जु हजरा दुसाधबाट खाइपाई आएको तलब भत्ता भरिभराउ गर्ने निर्णय गरेको कानूनसम्मत देखिएन। निवेदकलाई स्वीकृत दरबन्दीमै गाउँ परिषद्बाट कानूनसम्मत नियुक्त गरिएकोमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको मिति २०७३।१।१३ को निर्णय त्रुटिपूर्ण देखिएकोले सो निर्णय तथा उक्त निर्णयका आधारमा लेखिएको मिति २०७३।१।३० को पत्र एवम् सोबमोजिम भएका कामकारबाही उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। निवेदकलाई निर्वाध रूपमा कार्यालयमा कामकाज गर्न दिनु साथै निजले काम गरेको अवधिको भुक्तानी लिन बाँकी तलब भत्ता भुक्तानी दिनु भनी विपक्षी जिल्ला बारा, हरैया गाउँ विकास समिति हाल परिवर्तित करैयामाई गाउँपालिकाका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः शोभा पाठक

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल असार १७ गते रोज १ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७४-WO-०१६२, उत्प्रेषण, *डा. गुणराज अवस्थी वि. स्वास्थ्य मन्त्रालय रामशाहपथसमेत*

विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निवेदकको २ तलब वृद्धि रोक्का हुने गरी विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निर्णय कार्यान्वयन गर्नेबारे ताकेता भनी पठाएको पत्रको आधारमा निर्णय गरेको देखियो । यसरी मिति ०६९।२।१४ को अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशनलाई मिति ०७४।२।२४ मा कार्यान्वयन गर्न खोजेको देखिन्छ। अनुचित कार्यको सम्बन्धमा वर्तमान नेपालको संविधान, २०७२ जारी भएपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले त्यस्तो निर्देशनसमेत दिन पाउने अवस्था नदेखिने।

राज्यका हरेक निकायहरूले संविधान र कानूनले दिएको अख्तियारीको सीमाभित्र रही कार्य गर्नुपर्ने हुन्छ। ती निकायहरूले आफूबाट भएका हरेक कामकारबाही र निर्णयको कानूनी आधार देखाउन सक्नु पर्दछ, सो देखाउन नसके त्यस्ता कामकारबाहीले वैधता प्राप्त गर्न सक्दैन। विपक्षी आयोगले निवेदकले सि.अ.हे.व. भुवनप्रसाद जोशीलगायत कर्मचारीहरूलाई पदस्थापन गरेको विषय नियमसङ्गत देखिएन भन्ने आधार लिई प्रचलित स्वास्थ्य सेवा ऐन, नियमावलीबमोजिम विभागीय कारबाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई मिति २०६९।५।१४ मा लेखिएको पत्रमा निवेदकले कर्मचारीहरूको पदस्थापन गरेको विषय नियमसङ्गत देखिएन भनी खुलाएको तर के कुन कारणले नियमसङ्गत भएन भनी आफ्नो पत्र र लिखित जवाफ दुवैमा खुलाउन सकेको नदेखिँदा विपक्षी आयोगको उक्त कामकारबाही कुनै कानूनमा आधारित रहेको भन्ने देखिँदैन । यसरी हचुवाको भरमा निवेदकलाई कारबाही गर्नु भनी पठाएको पत्र कार्यान्वयन गर्ने क्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निवेदकलाई नेपाल सरकार (सचिव स्तर) को मिति ०७४।०२।२४ को निर्णयानुसार नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७३(क) को खण्ड (ख) बमोजिमको कसुरमा सोही ऐनको दफा ७२(क)

को खण्ड (ख) को देहाय (३) बमोजिम २ (दुई) तलब वृद्धि रोक्का गरिएको कार्य आफैँमा कानूनसङ्गत नदेखिने । निज निवेदक डा. गुणराज अवस्थीले के कुन किसिमको अनुशासनहीन काम गरेको र पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेको भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आफ्नो पत्रमा खुलाउन नसकेको अवस्थामा केवल अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशनमा निवेदकलाई कुनै कानूनी आधार कारणबिना नै कारबाही गरेको भन्ने देखिने ।

मिसिल संलग्न कागजातबाट निज निवेदकले दुराशयपूर्ण रूपमा सरूवा गरिएका भनिएका व्यक्ति भुवनप्रसाद जोशीले आफ्नो सरूवा बदर सम्बन्धमा यसै अदालतमा दायर गरेको ०६९-WO-०३४३ नं. को उत्प्रेषणसमेत मुद्दामा निवेदक भुवनप्रसाद जोशीसमेतको पदस्थापना बदर गर्ने गरी विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट भएको मिति २०६९।४।३ को निर्णय र सोका आधारमा भएका सम्पूर्ण पत्राचारहरूसमेत बदर भई निज रिट निवेदक डा. गुणराज अवस्थीले गरेको सरूवा नै यथावत् रहने गरी मिति २०७२।८।१३ मा फैसला भएको देखिने ।

यसरी एक राष्ट्रसेवक कर्मचारीलाई आफूले के कुन कसुर गरेको उपर कारबाही भएको हो भन्नेसमेत थाहा जानकारी नदिई कारबाही गरिएको कार्य कानूनसङ्गत नदेखिएको एवम् ०६९-WO-०३४३ नं. को मुद्दामा निज निवेदकले गरेको सरूवा नै कायम रहने गरी यस अदालतबाट फैसला भएको देखिएको स्थितिमा निवेदकलाई २ (दुई) तलब वृद्धि रोक्का गर्ने गरी भएको विपक्षी मन्त्रालयको कार्य कानूनविपरीत देखिएकोले उक्त विपक्षीहरूको कार्य उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत: हिरा डंगोल

इति संवत् २०७४ साल चैत १८ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CR-००८०, उत्प्रेषण, *मोहनबहादुर सिंह वि. परशुराम अर्यालसमेत*

मिति ०७०।५।१ मा चरिचरण बन्द गरिएको वेतकोट सामुदायिक वन क्षेत्रभित्र ७ वटा पाडा र २ वटा ठुलो बंगुर फेला पारी सामुदायिक वन कार्ययोजनाबमोजिम सामुदायिक वनको कान्जी हाउसमा राखी बंगुर धनीले आफ्नो बंगुर नियमानुसार लैजान भनी स्थानीय स्तरको सार्वजनिक स्थल, संस्था र दैजी गा.वि.स. कार्यालयमा सार्वजनिक सूचना टाँस गरी पटकपटक सूचना जारी गर्दा कसैले पनि मेरो बंगुर हो भनी दाबी गर्न नआएको हुँदा श्री वेतकोट सामुदायिक वन उपभोक्ता समूहले आफ्नो कार्ययोजनामा व्यवस्था भएको अधिकारको प्रयोग गरी मिति ०७०।०५।२० मा बडाबड मूल्य रू.१९,४००।– मा बंगुर लिलाम गरेको भन्ने कुरा रिट निवेदन बेहोराबाट देखिने ।

मिति ०७०।५।१ मा चरिचरण बन्द गरिएको वेतकोट सामुदायिक वन क्षेत्रभित्र ७ वटा पाडा र २ वटा ठुलो बंगुर फेला पारी सामुदायिक वन कार्ययोजनाबमोजिम सामुदायिक वनको कान्जी हाउसमा राखी बंगुर धनीले आफ्नो बंगुर नियमानुसार लैजान भनी स्थानीय स्तरको सार्वजनिक स्थल, संस्था र दैजी गा.वि.स. कार्यालयमा सार्वजनिक सूचना टाँस गरी पटकपटक सूचना जारी गर्दा कसैले पनि मेरो बंगुर हो भनी दाबी गर्न नआएको हुँदा श्री वेतकोट सामुदायिक वन उपभोक्ता समूहले आफ्नो कार्ययोजनामा व्यवस्था भएको अधिकारको प्रयोग गरी मिति ०७०।०५।२० मा बडाबड मूल्य रू.१९,४००।– मा बंगुर लिलाम गरेको भन्ने कुरा रिट निवेदन बेहोराबाट देखिने ।

बंगुर धनी कालु बोहराले बंगुर सुरक्षित गरी पाउन जिल्ला प्रशासन कार्यालयमा मिति ०७०।५।१९ मा निवेदन दिएकोमा, जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी श्री

परशुराम अर्यालले मिति ०७०।०६।२२ मा वेतकोट सामुदायिक वन उपभोक्ता समूहले लिलाम गर्दा प्रचलित ऐन, नियमबमोजिम नगरी हचुवाको भरमा लिलाम गरी नितान्त व्यक्तिगत सम्पत्ति लिलाम गर्दा कुनै पनि सञ्चार माध्यममा नगई हतार हतार लिलाम गर्नु आर्थिक कार्यविधिको सिद्धान्तलाई पूर्ण रूपमा उपेक्षा गरी गरिएको लिलामी प्रक्रिया पूर्ण रूपमा बदरयोग्य देखिन आएकोले लिलाम गरिएको भनिएका बंगुरहरू सम्बन्धित धनीलाई फिर्ता दिन वा सो बंगुर बराबरको चल अचल धनमाल दिलाई भराई दिने गरी भनी निर्णय गरेकोमा सो निर्णयमा चित्त नबुझाई पुनरावेदक निवेदक मिति ०७१।०१।०४ मा रिटको माध्यमबाट अदालतमा प्रवेश गरेको देखिन्छ । यसरी ०७०।०६।२२ मा जिल्ला प्रशासन कार्यालयबाट भएको निर्णयउपर चित्त नबुझाई मिति ०७१।०१।१४ मा मात्रै निज पुनरावेदक निवेदक अदालतमा विलम्ब गरेर उपस्थित भएको देखिने।

रिट निवेदन गर्नका लागि निश्चित हदम्याद तोकिएको हुँदैन । तर हदम्याद नतोकिनुको तात्पर्य जहिलेसुकै पनि निवेदन गर्न सकिने भन्ने होइन, उचित समयभित्र उचित कानूनी प्रक्रियाको अवलम्बन गरी अदालतसमक्ष आफ्नो माग प्रस्तुत गर्नुपर्ने हुन्छ । ढिलो भएको अवस्था छ भने पनि ढिलो गरी निवेदन गर्नु परेको कारण वा त्यस्तो अवस्थाको सिर्जना भएको अवस्थाको बारेमा स्पष्ट आधार दिनुपर्छ । अन्यथा अदालतले त्यस्तो निवेदकलाई सहयोग गर्न सक्दैन । ढिलो गरी प्राप्त भएको निवेदन स्वयम्ले नै निवेदनको औचित्य र आधारलाई कमजोर पार्छ र त्यस्तो कमजोर निवेदनका आधारमा न्याय निरूपण गर्न सकिँदैन । विधिशास्त्रमा प्रचलित रहेको Delay Defeats Justice को उक्ति पनि यसैको उपज हो भन्न सकिन्छ । आफ्नो अधिकारप्रति सचेत हुने व्यक्तिलाई मात्र अदालतले मद्दत गर्न सक्छ भन्ने नै विलम्बको सिद्धान्तको सैद्धान्तिक आधार हुने।

अतः यसरी अनुचित विलम्ब गरी दायर हुन आएको पुनरावेदक निवेदकको रिट निवेदन खारेज हुने ठहर गरी पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति ०७१।१०।१२ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हिरा डंगोल

इति संवत् २०७५ साल असार ३२ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६७-CI-१६७९ र ०६७-CI-१६८०, अंश चलन, *किशुकुमारी गुरूङ वि. विशाल गुरूङ र किशुकुमारी गुरूङसमेत वि. रीता राई (गुरूङ)*

प्रत्यर्थी शान्ता गुरूङको नाममा रहेको का.म.न.पा. वडा नं.४ कि.नं.१४ को जग्गा घर बन्डा लाग्ने हो कि होइन ? भन्नेतर्फ विचार गर्दा, उक्त जग्गा २०३९ सालमा पारित लिखतअनुसार प्राप्त गरेको देखिन्छ । निजको बलराम गुरूङसँग २०४४।१।१० मा विवाह भएको मिसिल संलग्न विवाह प्रमाणपत्रबाट देखिन्छ । साथै निजको विवाहपश्चात् कुनै पैतृक सम्पत्ति बेचबिखन भएको भन्ने पनि देखिन आएन । यी पुनरावेदिकासमेतको अंशियार कायम नहुँदैको अवस्था अर्थात् विवाह हुनुपूर्व नै उक्त सम्पत्ति निजको नाममा रहेको देखिने । अंशियार कायम नहुँदैको अवस्थामा निजको नाममा रहेको सम्पत्तिलाई पैतृक सम्पत्तिअन्तर्गतको भनी अर्थ गरी बन्डा लगाउनु न्यायको मान्य सिद्धान्तविपरीत हुन जान्छ । हाम्रो कानून प्रणालीले अंशबन्डालाई पैतृक सम्पत्ति प्राप्त गर्ने महत्त्वपूर्ण स्रोतको रूपमा मान्यता दिई पैतृक सम्पत्तिलाई मात्र अंशियारमा बन्डा लाग्नु पर्ने मान्यतालाई आत्मसात् गरेको छ । यसरी कानूनले नै पैतृक सम्पत्ति मात्र बन्डा लाग्नु पर्ने स्पष्ट गरिरहेको अवस्थामा विवाह हुनुअघि नै प्राप्त गरेको निजको नामको सम्पत्ति बन्डा लाग्न नमिल्ने।

विवेचित तथ्यहरूका आधारमा

पुनरावेदिका किशुकुमारी गुरूङको नामको खोटाङ दिक्तेल ६ अन्तर्गतको कि.नं.१३२० समेतका जग्गा सबै अंशियारहरूलाई बन्डा लाग्ने र शान्ता गुरूङको नाममा रहेको काठमाडौं म.न.पा. वडा नं.४ अन्तर्गतको कि.नं. १४ को जग्गा घर बन्डा नलाग्ने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर कायम गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला त्रुटिपूर्ण नदेखिँदा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

तसर्थ उपर्युक्त आधार, कारण र प्रमाणबाट किशुकुमारी गुरूङको नामको खोटाङ दिक्तेल ६ अन्तर्गतको कि.नं.१३२० समेतका जग्गा सबै अंशियारहरूलाई बन्डा लाग्ने र शान्ता गुरूङको नाममा रहेको काठमाडौं म.न.पा. वडा नं.४ अन्तर्गतको कि.नं. १४ को जग्गा घर बन्डा नलाग्ने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर कायम गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०६६।०८।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः चिन्तामणि शर्मा

कम्प्युटरः कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल फागुन १३ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CI-१४५४, उत्प्रेषण निषेधाज्ञा / परमादेश, *प्रेमबहादुर गुरूङ वि. जिल्ला प्रशासन कार्यालय, तनहुँसमेत*

परम्परागत रूपमा २०२५ सालदेखि र नगरपालिकाको अनुमति प्राप्त गरी २०५२ सालदेखि सञ्चालनमा रहेको मरणघाटको विरूद्ध २०७१ सालमा मात्रै रिट निवेदन दर्ता गरेको पाइन्छ । आफूलाई स्थानीय भनी आफ्नो हकका लागि अदालत प्रवेश गरेका यी निवेदकका आफन्त परिवारजनसमेत मरणघाट रहेको व्यास नगरपालिकामै बसी आएको देखिँदा निवेदकलाई उक्त जग्गामा मरणघाट रहेको कुरा यति ढिला थाहा हुन गयो भन्नु पत्यारलायक देखिँदैन। मिति २०५२।४।११ को बैठकबाट भएको निर्णयउपर निवेदकहरू तत्कालै चुनौती नदिई धेरै लामो समयपछि मात्र रिट दायर गरेको देखिन्छ। यस अवस्थामा यी निवेदकले विलम्ब नगरी रिट दायर गरेको हो भन्ने पुनरावेदन जिकिरसँग यो अदालत सहमत हुन नसक्ने।

त्यस्तै मरणघाट रहेको स्थान नजिकै बस्ती रहेको भनी निवेदकहरूले जिकिर लिएको भए तापनि मिसिल संलग्न कागजातहरूबाट सो कुरा पुष्टि हुन सकेको देखिँदैन । गुरूङहरूको मरणघाट सञ्चालन भएकोमा आपत्ति जनाई रिट निवेदन दायर गरेका यी निवेदकले सोही स्थानबाट ४०० मि.को दूरीमा रहेको मुस्लिम समुदायको मरणघाट सम्बन्धमा भने कुनै आपत्ति जनाएको नदेखिने।

निवेदकले उल्लिखित मरणघाटले निजको वातावरणीय हकअधिकारमा आघात पुऱ्याएको भनी लिएको जिकिरतर्फ विचार गर्दा, व्यास नगरपालिकाको मिति २०५२।४।११ गते बसेको बैठकले सो जग्गामा कम्पाउन्ड गर्नुपर्ने, चिहान क्षेत्रको वन गोडमेल गर्ने, सो गर्दा वन उपभोक्ता समितिको रोहवरमा गर्नुपर्ने, मृतकको लासलाई गाड्दा वरपरको रूख बिरूवालाई हानि नोक्सानी नपर्ने गरी गाड्नु पर्ने, शवसँग लागेको ऊनको कपडा, गुन्द्रीलगायतका सामानहरू वन वातावरणलाई असर नपर्ने गरी जलाउनुपर्ने, चिहानको क्षेत्रभित्र शवलाई जलाउन नपाइने, जलाउनु परे मादी र सेतीको दोभानमा लगी जलाउनुपर्ने भनी मानिसको स्वास्थ्य तथा वातावरणीय स्वच्छतालाई ध्यानमा राखी जिल्ला वन कार्यालय, वन उपभोक्ता समिति तथा गुरूङ समाजलाई आपसमा समन्वय गरी उल्लिखित जग्गा गुरूङ समाजका मानिसहरूको शवलाई विसर्जन गर्नका लागि उपलब्ध गराई उपभोग गर्न दिने भनी

निर्णय गरी जग्गा छुट्ट्याउँदा वातावरणीय पक्षको विशेष ख्याल गरी निर्णय गरेको देखिने।

मिति २०७१।२।२९ मा रिट निवेदकहरूसहित अन्य सरोकारवाला संस्थाहरूको उपस्थितिमा भएको छलफलमा उक्त मरणघाटलाई वातावरणीय दृष्टिकोणले प्रतिकूल असर नपर्ने गरी व्यवस्थित गर्ने निर्णय भई विवाद समाधानका साथ मेलमिलापसमेत भइसकेको देखिन्छ। यस अवस्थामा उक्त मरणघाटले निवेदकको वातावरणीय हकअधिकार हनन गरेको भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने।

मिति २०५२।०८।११ मा स्थानीय बासिन्दाहरूको वातावरणसम्बन्धी हक अधिकारलाई समेत मध्यनजर राखी साबिक फराकचौर गा.वि.स. वडा नं.९झ को ५ रोपनी जग्गा गुरूङ समाजलाई मरणघाटको रूपमा प्रयोग गर्न दिने गरी व्यास नगरपालिकाबाट भएको निर्णयले पुनरावेदकको वातावरणसम्बन्धी लगायत अन्य हक अधिकारमा आघात पुगेको नदेखिँदा रिट निवेदन खारेज हुने गरी पुनरावेदन अदालत पोखराबाट भएको आदेशलाई अन्यथा मान्न नमिल्ने।

अतः उपर्युक्त विवेचित आधार कारणबाट पुनरावेदन अदालत पोखराबाट मिति २०७१।९।२ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इशा सुवेदी
कम्प्युटर: रमला पराजुली
इति संवत् २०७५ साल जेठ २७ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CI-०८२२, उत्प्रेषण / निषेधाज्ञा / परमादेश, *गंगाप्रसाद शाही वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत*

रिट निवेदक गंगाप्रसाद शाहीले काठमाडौं महानगरपालिका वडा नं. ६ बौद्ध रामहिटीमा पशु वधस्थल सञ्चालन गरी मासु बेचबिखन गर्दै आएको देखिन्छ । निजसमेतले सञ्चालन गरी आएको वधशालाबाट निस्कने फोहोर टोल वरपर अव्यवस्थित रूपमा थुपारिएकोले टोलबासीहरूको स्वास्थ्यमा समेत असर पर्न जाने हुनाले सो वधशाला व्यवस्थित गरिपाउँ भनी स्थानीय सिद्धेश्वर संरक्षण कार्यदल समूहले काठमाडौं महानगरपालिकामा दिएको उजुरीमा मिति २०६५।१२।११ मा काठमाडौं महानगरपालिकाका पदाधिकारीहरूको रोहवरमा वधशालालाई व्यवस्थित र सफा राख्ने सम्बन्धमा वधशाला सञ्चालक स्वयम् सक्रिय हुने गरी निर्णयहरू गरेको देखिने।

वधशाला व्यवस्थित र सफा राख्ने सम्बन्धमा मिति २०६५।१२।११ मा भएको निर्णयबमोजिम वधशालाको उचित व्यवस्थापन हुन नसकेकाले वधशाला हटाइपाउँ भनी रामहिटीका स्थानीय बासिन्दाहरूले वधशालाका सञ्चालकहरू विरूद्ध २०६९ सालमा पुनरावेदन अदालत पाटनमा रिट निवेदन (०६९-WO-०९५८) दायर गरेको देखिन्छ । सो निवेदनमा पुनरावेदन अदालत पाटनले निवेदकहरूको मागदाबीबमोजिम काठमाडौं महानगरपालिकालाई पशु वधशालासम्बन्धी व्यवस्था गर्नु भनी उक्त रिट निवेदनका विपक्षी काठमाडौं महानगरपालिकाको नाममा मिति २०७०।८।१२ मा परमादेशको आदेश जारी गरेको देखिने।

मिति २०७१।४।४ को काठमाडौं महानगरपालिकाको निर्णय र सोसम्बन्धी अन्य निर्णयसमेत कार्यान्वयनमा रोक लगाउनु भनी मिति २०७१।४।१८ मा यी पुनरावेदकले पुनरावेदन अदालत पाटनमा रिट निवेदन दिएकोमा सो रिट निवेदन खारेज हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१।९ मा आदेश भएको देखिने।

प्रस्तुत रिट निवेदनमा वधशाला व्यवस्था गर्ने दायित्व काठमाडौं महानगरपालिकाको देखिएको र सो सम्बन्धमा महानगरपालिकाले आफ्नो

कानूनबमोजिमको दायित्व पूरा गर्न मिति २०७१।४।४ मा गरेको निर्णय कानूनबमोजिम नै देखिएको सन्दर्भमा पुनरावेदन अदालत पाटनबाट निवेदकको रिट निवेदन खारेज हुने ठहरी मिति २०७२।१।९ मा भएको आदेशलाई अन्यथा मान्न नमिल्ने।

अत: उपर्युक्त विवेचित आधार कारणहरूबाट निवेदकको रिट निवदेन खारेज गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इशा सुवेदी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७५ साल जेठ २७ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CI-०८२४, उत्प्रेषण / निषेधाज्ञा / परमादेश, *देवनारायण खड्गी वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत*
- ०७२-CI-०८२५, उत्प्रेषण / निषेधाज्ञा / परमादेश, *न्हुच्छराम शाही (खड्गी) वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत*

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-१२५४, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. राजकुमारी सेन (सिंह)*

प्रतिवादी राजकुमारी सेन सिंहले अनुसंधानमा सावित रहि बयान गरेको भए तापनि अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । सो इन्कारी निजहरूको साक्षीहरूको बकपत्रबाट समर्थित भई पुष्टि भएको देखिन्छ । जाहेरवाली पीडित **पोखरा ३८** समेतले अदालतमा आई बकपत्र गर्दा उक्त दिन मेरो केटा साथी चित्रबहादुर भण्डारीले उक्त प्रतिक्षा गेष्ट हाउसको कोठा बुक गरी हामी उक्त राति सँगै बसेका हौं आफूलाई प्रतिवादीहरूले बेचबिखन गर्न लगेको होइन भनी मौकाको आफ्नो भनाइलाई खण्डित हुने गरी अदालतमा बकपत्र गरिदिएको र उक्त बकपत्रको बेहोरा होटेलको सक्कल इन्ट्रीबुकबाट पुष्टि भएको देखिने।

पीडित भनिएकी जाहेरवाला **पोखरा ३८** लाई प्रतिवादी राजकुमारी सेन सिंहले जबरजस्ती यौनकार्यमा लगाई मानव बेचबिखन गरेको भन्ने अदालतद्वारा प्रमाणित बयानमा उल्लेख भए पनि स्वयम् जाहेरवाली पीडित **पोखरा ३८** ले आफूहरूलाई प्रतिवादीहरूले बेचबिखन गर्न लगेको होइन उक्त दिन मेरो केटा साथी चित्रबहादुर भणडारीले उक्त प्रतिक्षा गेष्ट हाउसको कोठा बुक गरी हामी सँगै बसेका हौँ। आफूलाई प्रतिवादीहरूले बेचबिखन गर्न लगेको होइन भनी मौकाको आफ्नो भनाइलाई खण्डित हुने गरी अदालतमा बकपत्र गरिदिएको अवस्थामा कुनै महिलाले आफूलाई कसैले बेच्यो भनी जाहेरी दिई सोहीअनुरूप बयान प्रमाणित गराएकै भरमा निजको सो कथनलाई समर्थन गर्ने अन्य प्रमाण भए नभएतर्फ नहेरिने हो भने मानव बेचबिखनको कार्यका सम्बन्धमा भएको कानूनी प्रावधानको दुरूपयोग हुन सक्ने खतरा रहन्छ। त्यसैले न्यायकर्ताले उक्त प्रावधानलाई एकतर्फीरूपमा पीडित भनी जाहेरी दिने वा बयान प्रमाणित गराउनेको सन्दर्भमा मात्र नहेरी अपराध घटे नघटेको, आरोपित प्रतिवादीले अपराध गरेको प्रमाण रहे नरहेको, प्रतिवादीले आफ्नो निर्दोषिताको प्रमाण दिन सकेको नसकेको आदि समग्र वस्तुस्थितितर्फ अदालतको ध्यान जानु जरूरी हुने।

प्रस्तुत मुद्दामा वादीले प्रतिवादी राजकुमारी सेन सिंहउपरको कसुर शङ्कारहित तवरबाट पुष्टि गर्न सकेको देखिएन । जाहेरी दरखास्त आफैँमा प्रमाण होइन यो त अपराधको सूचनासम्म हो । प्रस्तुत मुद्दामा प्रतिवादी राजकुमारी सेन सिंहको नाम जाहेरी दरखास्तमा उल्लेख भएबाहेक अन्य कुनै पनि स्वतन्त्र प्रमाणबाट कसुरमा संलग्नता रहेको देखिएन। प्रतिवादी राजकुमारी सेन सिंहको अदालतमा

भएको इन्कारी बयान, प्रतिवादी राजकुमारी सेन सिंहको कसुरमा संलग्नता नरहेको भनी निजको बयानसँग मिल्दो जुल्दो साक्षी बकपत्र, स्वयम् जाहेरवाली पीडित **पोखरा ३८** ले आफूहरूलाई प्रतिवादीहरूले बेचबिखन गर्न लगेको होइन उक्त दिन मेरो केटा साथी चित्रबहादुर भण्डारीले उक्त प्रतिक्षा गेष्ट हाउसको कोठा बुक गरी हामी सँगै बसेका हौँ। आफूलाई प्रतिवादीहरूले बेचबिखन गर्न लगेको होइन भनी मौकाको आफ्नो भनाइलाई खण्डित हुने गरी अदालतमा गरिदिएको बकपत्र र अन्य परिस्थितिजन्य प्रमाणबाट समेत निजको संलग्नता रहेको नदेखिएको अवस्थामा निजलाई कसुरबाट सफाइ दिने गरी भएको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याई भएको पुनरावेदन अदालत पोखराको फैसलालाई अन्यथा मान्ने अवस्था नहुँदा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ प्रतिवादी राजकुमारी सेन सिंहले सफाइ पाउने गरी भएको सुरू कास्की जिल्ला अदालतबाट मिति २०७१।१२।०९ मा भएको फैसला र सो फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पोखराबाट भएको मिति २०७२।०५।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम्।

यसै समान प्रकृतिको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७२-CR-१५७४, मानव बेचबिखन तथा औसारपसार, *नेपाल सरकार वि. शंकर दमाईसमेत*
- ०७२-CR-१५७४, मानव बेचबिखन तथा औसारपसार, *नेपाल सरकार वि. मोहम्मद अजैयासमेत*

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-CR-०४०२ र ०७३-CR-१४००, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रशन्नध्वज शाह र आदर्शध्वज शाह वि. नेपाल सरकार*

मृतक उपेन्द्रध्वज शाहको आँखामा निलडाम, दाहिने आँखाको माथि घाउखत भई रगत बगेको र शरीरमा समेत निलडाम देखिएको हुँदा निजको मृत्यु निजकै छोरा आदर्शध्वज शाहको कुटपिटबाट भएको हो भन्ने प्रहरी प्रतिवेदन रहेको पाइन्छ । दैलेख जिल्ला, दुल्लु गा.वि.स. वडा नं.६ स्थित डिलबहादुर खत्रीको पाखोबारीमा उत्तर सिरान दक्षिण गोड्यान भई उत्तानो अवस्थामा रहेको मृतक उपेन्द्रध्वज शाहको आँखामा चोट लागेको, दुवै खुट्टामा खोस्रिएको घाउ, कम्मरमा ससाना घाउहरू, दाहिने आँखामा १.५ से.मी चौडाई, १.५ से.मी. लम्बाई र १ से.मी. गहिरो भएको घाउ चोट लागी रगत बगेको भन्ने घटनास्थल तथा लास जाँच मुचुल्काबाट देखिन्छ। मृतक उपेन्द्रध्वज शाहको शव परीक्षण प्रतिवेदन हेर्दा छाती र टाउकोमा लागेको चोटको कारणबाट मृतकको मृत्यु भएको भन्ने पाइन्छ । यसरी प्रहरी प्रतिवेदन र घटनास्थल तथा लास जाँच मुचुल्का एवम् शव परीक्षण प्रतिवेदन, बुझिएका मानिसको कागज एवम् बकपत्रसमेतको तथ्यबाट मृतक उपेन्द्रध्वज शाहको मृत्यु स्वाभाविक नभई निजकै छोरा प्रतिवादी आदर्शध्वज शाहको कर्तव्यबाट भएको देखिने।

यसरी प्रतिवादी आदर्शध्वज शाहले मृतक बाबु उपेन्द्रध्वज शाहलाई धकेल पकेल गर्दै घरबाहिर ल्याई लछारपछार गरी कुटपिट गरी कर्तव्य गरी मारेको अवस्थामा प्रतिवादीमध्येका प्रशन्नध्वज शाह वारदातको समयमा वारदातस्थलमा रहे भएको भन्ने कोही कसैले पनि पोल नगरेको र वारदात

समयभन्दा अगावै निज प्रतिवादी वारदातस्थलबाट अन्यत्र गइसकेको देखिँदा निजले ज्यान मार्ने कामको मतलबीको कसुर गरेको भन्ने नदेखिँदा निज प्रतिवादी प्रशन्नध्वज शाहलाई अभियोग दाबीबाट निजलाई सफाइ दिने गरी भएको फैसलालाई अन्यथा भन्न पर्ने अवस्था नदेखिँदा निज प्रतिवादीलाई अभियोग दाबीअनुरूप सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ प्रतिवादी आदर्शध्वज शाहको बयान, बुझिएका मानिसहरू विष्णा खत्री र आशाराम जैसीसमेतले मौकामा गरेको कागज एवम् बकपत्र, प्रहरी प्रतिवेदन, लास जाँच मुचुल्काबाट मृतक उपेन्द्रध्वज शाहको शरीरमा विभिन्न चोटपटक देखिएको, छाती र टाउकोमा लागेको चोटका कारण मृतकको मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदन, मृतकको शरीरमा चोटपटक देखिएका मिसिल संलग्न फोटाहरू, मृतकको शरीरमा भएको उक्त चोटपटकलाई अन्यथा बेहोराबाट लागेको भनी प्रतिवादी आदर्शध्वज शाहले जिकिर लिन सकेको अवस्था नहुँदा प्रतिवादी आदर्शध्वज शाहले आफ्नै बाबु मृतक उपेन्द्रध्वज शाहलाई धकेल पकेल तथा लछारपछार एवम् कुटपिट गरी निजकै कर्तव्यबाट बुबा मृत्यु भएको तथ्य पुष्टि भएको देखिँदा निज प्रतिवादी आदर्शध्वज शाहलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(४) नं.बमोजिम २ (दुई) कैद सजाय हुने र अर्का प्रतिवादी प्रशन्नध्वज शाहलाई अभियोग मागदाबीबाट सफाइ दिन ठहर गरी सुरू दैलेख जिल्ला अदालतबाट मिति २०७१।९।१४ मा भएको फैसला केही उल्टी गरी निज प्रतिवादी आदर्शध्वज शाहलाई ऐ. ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी पुनरावेदन अदालत सुर्खेतबाट मिति २०७३।२।१४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

अब पुनरावेदन अदालत सुर्खेतबाट प्रतिवादी आदर्शध्वज शाहलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम ५ (पाँच) वर्ष कैद सजाय गर्न व्यक्त गरेको रायतर्फ हेर्दा निज प्रतिवादी आदर्शध्वज शाहले आफ्नो बुबा उपेन्द्रध्वज शाहलाई धकेल पकेल तथा लछारपछार गर्दै कुटपिट गरी कर्तव्य गरेर मारेको देखिए पनि निजले आफ्नो बुबालाई मार्नु पर्ने पूर्वरिसइवी एवम् मारौं भन्ने नियतका साथ मारेको भन्ने देखिँदैन। प्रतिवादी आफूले पनि मादक पदार्थ सेवन गरेको र निजका बुबा मृतकले समेत मादक पदार्थ सेवन गरी नसामा रहेको अवस्थामा वारदात हुन गएको पाइन्छ। निज प्रतिवादीले आफ्नो बुबालाई मरोस् भन्ने अभिप्रायले कुटपिट एवम् लछारपछार गरी घिसारेको अवस्था पनि मिसिल प्रमाणबाट देखिँदैन। प्रतिवादी र मृतक अंशबन्डा गर्ने प्रयोजनको लागि दैलेख आएको अवस्थामा रक्सीको नसामा विवाद भई घटना घटेको अवस्था देखिन्छ। प्रतिवादी र मृतक दुवैजना रक्सीको नसामा रहेको अवस्थामा प्रतिवादीले आफ्नो बुबालाई कठालोमा समातेर घिसार्दै विष्णा खत्रीको घरबाट बाहिर ल्याई लछारपछार गरी कुटपिट गर्दा घटना घटेको अवस्था र प्रकृतिलाई दृष्टिगत गरी कसुरको मात्रासमेतलाई विचार गर्दा निज प्रतिवादीलाई अभियोग दाबीको सजाय गर्दा चर्को पर्ने देखिई पुनरावेदन अदालत सुर्खेतबाट अ.बं.१८८ नं. बमोजिम ५ (पाँच) वर्ष कैद सजाय गर्न राय व्यक्त गरेको भए पनि एउटा जवान छोराले वृद्ध बाबुलाई सम्मानजनक व्यवहार गर्नुपर्नेमा सो नगरी यी प्रतिवादी आफ्नो विभिन्न रोग लागी शारीरिक रूपमा कमजोर अवस्थामा रहेका ६० वर्षका वृद्ध बाबुलाई लछारपछार गरी कुटपिट गर्दा छाती र टाउकोमा लागेको चोट पीडाबाट मृतकको मृत्यु भएको तथ्य घटनाको प्रत्यक्षदर्शी विष्णा खत्रीको कागज एवम् बकपत्र र मृतकको शव परीक्षण प्रतिवेदनसमेतबाट देखिँदा पुनरावेदन अदालत सुर्खेतबाट अ.बं.१८८ नं.बमोजिम ५ (पाँच) वर्ष कैद

सजाय गर्न व्यक्त गरेको राय नमिली निज प्रतिवादीलाई अ.बं.१८८ नं. बमोजिम ८ (आठ) वर्ष कैद सजाय गर्दा उपयुक्त र पर्याप्त हुने तथा ऐनको मकसदसमेत पूरा हुने देखिँदा निज प्रतिवादी आदर्शध्वज शाहलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम ८ (आठ) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७५ साल जेठ २३ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-WO-१२८९, उत्प्रेषण, *रामशरण महतो वि. रामप्रताप महतोसमेत*

प्रस्तुत रिट निवेदनसँग सम्बन्धित २०४६ सालको दे.नं.८५८ को अंश मुद्दामा निवेदक तथा विपक्षी दुवै प्रतिवादी रहेकोमा उक्त मुद्दामा वादी दाबीबमोजिम अंशबन्डा हुने गरी महोत्तरी जिल्ला अदालतबाट फैसला भएकोमा विवाद छैन। अंश मुद्दामा वादी दाबी पुग्ने गरी फैसला हुँदा वादीले आफ्नो भागको सम्पत्ति लिने भए तापनि प्रतिवादी-प्रतिवादी भई एउटै पक्ष रहेका व्यक्तिहरू भने फैसलापश्चात् छुट्टिएकै हुन्छन् भनी मान्न मिल्ने हुँदैन। अंश बन्डा लाग्ने गरी फैसला भएकोमा पनि एकै पक्ष रहेका प्रतिवादीहरू सगोलमै बसिरहन सक्ने।

यसरी जिल्ला अदालतबाट आफ्नो क्षेत्राधिकारभित्र चलिरहेको मुद्दामा तायदाती माग गर्ने गरी भएको आदेश उक्त अंश मुद्दाको निर्क्यौल गर्नका लागि सो अदालतले उचित ठानी अपनाएको एउटा प्रक्रिया मात्र हो । अंश पाउने देखिन आएपछि अंशबन्डाको २० नं. बमोजिम तायदाती माग गरिने हुन्छ। अन्तिम फैसला हुँदा अंश पाउने नपाउने, अंश पाउने भए कस-कसबाट पाउने वा कस-कसबाट नपाउने कुन कुन सम्पत्ति बन्डा लाग्ने भन्ने कुराको विश्लेषण हुन्छ । अदालतबाट फैसला भइसकेपछि पनि आफूलाई चित्त नबुझेको कुरामा पुनरावेदनको अधिकार पक्षलाई सुरक्षित नै रहेको हुन्छ । यस्तो सुरक्षित वैकल्पिक अधिकार रहँदा रहँदै तायदाती माग गरेको आदेशउपर असाधारण अधिकार क्षेत्रअन्तर्गत माथिल्लो अदालतमा प्रवेश गर्नु उचित हुँदैन। विपक्षी रामप्रताप महतोले जिल्ला अदालतबाट तायदाती फाँटवारी माग गर्ने गरी भएको आदेश विरूद्ध उच्च अदालतमा अ.बं. १७ नं. को निवेदन दिएको दखिन्छ । त्यस्तो आदेशउपर परेको निवेदनमा निवेदकको जिकिरबमोजिम गरिदिने हो भने सुरू जिल्ला अदालतमा चलेको अंश मुद्दाको निर्णयमा प्रत्यक्ष असर पर्न जाने।

कार्यविधि कानूनअन्तर्गतको कानूनी व्यवस्थाबाट कसैको हक अधिकारमा असर पर्ने गरी मूलभूत विषयमा कुनै आदेश गर्न मिल्ने हुँदैन । माथिल्लो अदालतले तल्लो अदालतमा विचाराधीन कुनै मुद्दालाई असर पार्ने गरी कुनै पनि आदेश जारी गर्नु उपयुक्त हुँदैन। प्रस्तुत रिट निवेदनका निवेदक र विपक्षीबिच वादी प्रतिवादी भएको अंश मुद्दा महोत्तरी जिल्ला अदालतमा विचाराधीन रहेको हुँदा त्यसमा कानूनबमोजिम हुने नै भएकोले सोको निर्णयलाई असर पर्ने गरी माथिल्लो अदालतबाट आदेश गर्न नमिल्ने।

अतः महोत्तरी जिल्ला अदालतमा विचाराधीन प्रस्तुत रिट निवेदनसँग सम्बन्धित ०७१-CP-०९०८ को अंश दर्ता मुद्दामा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी तायदाती माग गर्ने गरी मिति २०७३।७।११ मा भएको आदेश बदर गरी पक्षहरू प्रतिवादी रहेको २०४६ सालको दे.नं. ८५८ को मुद्दाको फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गर्ने गरी उच्च अदालत जनकपुरबाट मिति २०७३।१२।४ मा भएको आदेशले जिल्ला अदालतको स्वतन्त्र निर्णय गर्न पाउने अधिकारमा प्रत्यक्ष रूपमा असर पर्न गएकोले उच्च अदालत जनकपुरको मिति २०७३।१२।४ को आदेश

त्रुटिपूर्ण भई उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत (शाखा अधिकृत) : इशा सुवेदी

कम्प्युटरः रमला पराजुली

इति संवत् २०७५ साल असोज १० गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७०-WO-०७५६, उत्प्रेषण, *शेरबहादुर मल्ल वि. सशस्त्र प्रहरी बल बङ्गलामुखी विशेष कार्यदल गण, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १५ हलचोकसमेत*

रिट निवेदकलाई सशस्त्र प्रहरी बल बडिमालीका गणको च.नं.५६२, मिति २०६७।८।२९ गते र सशस्त्र प्रहरी बल विपद् व्यवस्थापन तालिम केन्द्रको च.नं.६२१, मिति २०६८।१२।१२ को पत्रले नसिहत, सशस्त्र प्रहरी बल बडिमालीका गणको च.नं. ३५२, मिति २०६९।८।०३ गतेको पत्रले दुई वर्ष बढुवा रोक्का तथा ऐ. गणको च.नं.५५४, मिति २०६९।१०।०८ गतेको पत्रले सशस्त्र प्रहरी वरिष्ठ हवल्दारबाट सशस्त्र प्रहरी हवल्दार पदमा घटुवा गरी पटकपटक सुध्रने मौकास्वरूप विभागीय कारबाही गरेको भन्ने विपक्षी कार्यालयहरूको लिखित जवाफ र उक्त कागजातहरू मिसिल संलग्न रहेबाट समेत निवेदकले आफ्नो आचरणमा सुधार नै नगरी बारम्बार अनुशासनहीन तथा आचरणविपरीत कार्य गरेको भन्ने देखिने।

निज निवेदकलाई सुध्रने मौका स्वरूप पटक-पटक विभागीय कारबाहीहरू हुँदासमेत निजले आफ्नो बानी व्यवहार एवम् आचरणमा सुधार गर्नुको सट्टा आचरणसम्बन्धी कुरा बारम्बार उल्लङ्घन गरी कार्यालय समयमा उर्दीको पोशाक लगाई मादक पदार्थ सेवन गरी, अनुशासनहीन काम गरी आफ्नो पदको जिम्मेवारी बेवास्ता गरी आफ्नो काम कर्तव्यप्रति गैरजिम्मेवारीपूर्ण भएको अवस्थालाई सामान्य मान्ने कुरा हुँदैन । एक राष्ट्र सेवकले ड्युटीको समयमा आफ्नो ड्युटी बिर्सेर मादक पदार्थ सेवन गरी बसेको गम्भीर अनुशासन उल्लङ्घनको कार्य मान्नु पर्ने।

सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८७ को उपनियम १ को (ग) मा आचरणसम्बन्धी कुरा बराबर उल्लङ्घन गरेमा, (घ) मा कार्यालयको समयमा वा कार्यालय समयको अघिपछि उर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरेमा, (ङ) मा बारम्बार अनुशासनहिन काम गरेमा र (ज) मा आफ्नो पदको जिम्मेवारी बराबर बेवास्ता गरेमा सशस्त्र प्रहरीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने छ भन्ने कानूनी व्यवस्था भएको देखिन्छ । रिट निवेदकले उपर्युक्तबमोजिमको कसुर गरेको देखिँदा ऐ. ऐनको नियम ८४ को सजायअन्तर्गतको उपनियम (क) मा सामान्य सजाय उल्लेख भएकोमा यी रिट निवेदकलाई सामान्य सजायका रूपमा रहेका चेतावनी दिने, नसिहत दिने, पद घटुवा गर्नेलगायतका सजाय दिइसक्दा पनि निवेदकको आचरणमा सुधार नभएकाले उक्त नियम ८४ (१) (ख) मा “भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने” भन्ने प्रावधानअन्तर्गत नै नियम ८८ को अनुसूची ६ ले दिएको अधिकार प्रयोग गरी यी रिट निवेदकलाई सशस्त्र प्रहरी बल बङ्गलामुखी विशेष कार्यदल गण काठमाडौंबाट भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी भएको मिति २०७०।१।१० को निर्णय अन्यथा मान्नु पर्ने देखिँदैन । त्यसरी बारम्बार अनुशासन गम्भीर उल्लङ्घन गरेका प्रतिवादीलाई दिइएको विभागीय सजाय के कसरी कानूनी त्रुटि भयो निवेदकले स्पस्ट गर्न सकेको छैन । यस्तो अवस्थामा मिति २०७०।१।१० को निर्णय उत्प्रेषणको आदेशले बदर गरी रिट निवेदकलाई पुनः सेवामा कायम गराइपाउन विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्ने रिट निवेदन दाबी तथा निवेदकतर्फका

विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस जिकिरसँग सहमत हुन सकिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: हिरा डंगोल

इति संवत् २०७४ साल कात्तिक २३ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-WO-०३१६, उत्प्रेषण / परमादेश, *दिपेन योङपाङ्देन वि. सार्वजनिक खरिद अनुगमन कार्यालय ताहाचलसमेत*

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(३) बमोजिम खरिद सम्झौता गर्न सम्बन्धित कम्पनीले पत्राचार गर्दा ऐ.ऐनको दफा २७ (४) बमोजिम खरिद सम्झौता नगरेमा वा सम्झौता गर्न नगएमा ऐ.ऐनको दफा २७(५) बमोजिम खरिद सम्झौता गर्न नजाने बोलपत्रदाताको कार्य सम्पादन जमानत र अग्रिम भुक्तानी जमानत रकम जफत गर्न सक्ने कानूनी व्यवस्था भएको हुँदा सोबमोजिम जमानत रकम जफत गर्नुलाई अन्यथा मान्न नमिल्ने ।

निवेदक कम्पनीलाई मिति २०७२।१२।२१ मा सम्झौता गर्न पत्राचार गरी मिति २०७३।१।५ सम्म सम्झौता गर्न बोलाउँदा उक्त समयभित्र सम्झौता गर्न नआएको भनी मिति २०७३।२।५ मा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्राचार गरेकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को मिति २०७३।३।३० को पहिलो संशोधनबाट भएको कानूनी व्यवस्था र प्रक्रिया अपनाई मिति २०७३।६।७ मा निर्णय गरी मिति २०७३।६।१० को गोरखापत्रमा सूचना प्रकाशन गरी सूचना प्रकाशनको मितिबाट ३ वर्षसम्म उक्त श्रृङ्गलिला निर्माण सेवा प्रा.लि. फिदिमलाई कालोसूचीमा राख्ने कार्य कानूनसम्मत देखिन आएन । कानून संशोधनको परिणाम स्पष्ट भइरहेको अवस्थामा कानूनले गरेको स्पष्ट व्यवस्थालाई निस्तेज गर्ने गरी कामकारबाही हुनु कानूनी हक अधिकार तथा आर्थिक सुशासनसमेतमा गम्भीर असर पर्नु हो । यस्तो अवस्थामा जिम्मेवार पदाधिकारीले कानूनी अधिकारको प्रयोग गर्दा तत्कालीन कानूनमा भएको संशोधन वा खारेजीको दीर्घकालीन परिणाम के हुन्छ भनी त्यसतर्फ पनि हेक्का पुर्‍याएर निर्णय गर्नुपर्ने ।

तसर्थ, माथि विवेचित आधार तथा कारणहरूसमेतबाट जिल्ला विकास समितिको कार्यालय, भद्रपुर, झापाले मिति २०७३।२।५ मा सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंले गरेको पत्राचारबमोजिम सो कार्यालयले मिति २०७३।६।७ मा निर्णय गरी मिति २०७३।६।१० को गोरखापत्रमा सूचना प्रकाशन गरी श्रङ्गलिला निर्माण सेवा प्रा.लि. फिदिमलाई ३ वर्षका लागि कालोसूचीमा राख्ने सूचना समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत (शाखा अधिकृत): इशा सुवेदी

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल वैशाख १० गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७१-CI-०२९३, छुट जग्गा दर्ता गरिपाऊँ, *छेपधरा चौधरी वि. मालपोत कार्यालय, बेलबारी मोरङ*

यसमा पिता बौकाइ चौधरीका नाममा २०२३ सालमा नापी भई फिल्डबुक कायम भएको जिल्ला मोरङ दुलारी गा.वि.स. वडा नं ४ (ख) कि न. २ को ०-१६-१४$^1/_2$ जग्गा तत्कालीन समयमा दर्ता गरी जग्गाधनी पुर्जा लिन छुट भएकोले सो जग्गा दर्ता गरी म हकवाला छेपधारा चौधरीको नाममा जग्गाधनी पुर्जा बनाई पाउँ भनी छेपधारा चौधरीको मालपोत कार्यालय, बेलबारी, मोरङमा मिति २०७०।२।२६ मा निवेदन परेको रहेछ । निवेदनउपर कारबाही हुँदा

निवेदकले दाबी गरेको दुलारी – ७ ख कि.नं. २ क्षेत्रफल कायम ०–१६–१४$^{१}/_{२}$ को जग्गा श्री ५ को सरकार (हाल नेपाल सरकार) का नाममा दर्ता भई स्रेस्ता कायम भइसकेको देखिँदा नेपाल सरकारको नाममा दर्ता भइसकेको जग्गालाई दर्ता गर्न छुट भएको भन्न नमिल्ने र निवेदन तामेलीमा जाने भन्ने सुरू मालपोत कार्यालय, बेलबारी, मोरङको मिति २०७०।४।२१ को निर्णय रहेको देखिने।

निवेदकले निवेदनसाथ सर्जमिन मुचुल्का तथा गा.वि.स. सुन्दरपुर मोरङको ज.ध.पुर्जा पाउनको लागि गरिएको सिफारिसपत्रसमेत पेस गरेको देखिन्छ। मिसिल संलग्न जग्गाधनी दर्ता स्रेस्तामा दुलारी-७ ख कि.नं. २ क्षेत्रफल कायम ०–१६–१४$^{१}/_{२}$ को जग्गा श्री ५ को सरकारको नाममा देखिएको र मोहीको नाम थर वतनको महलमा बौकाई चौधरी वाड नं. ७ उल्लेख गरिएको देखिन्छ। निवेदकले पेस गरेको मिसिल संलग्न नापी कार्यालय बेलबारी मोरङको फिल्डबुक उतार फाराममा उक्त जग्गाको जग्गा धनीको नाम, थर, वतनको महल खाली रही जोताहाको नाम, थर, वतनमा बौकाइ चौधरी वडा नं. ७ उल्लेख भएको र किसानको बेहोराको महलमा यो जग्गा मैले ०१९ सालदेखि हाल आवादी गरी आएको छु तिरो तिरेको छैन भन्ने उल्लेख रहेको र नापी भएको मिति ०२३।१२।३ उल्लेख भएकोसमेत देखिने।

विपक्षीले जग्गा दर्ताको लागि माग दाबी गरेको दुलारी गा.वि.स. वडा न ७(ख) कि.न. २ को क्षेत्रफल १६ कठ्ठा साढे १४ धुर जग्गा सुरु नापीकै बखतमै तत्कालीन श्री ५ को सरकारका नाममा जग्गाधनी कायम रहेको कार्यालयको अभिलेखबाट देखिन्छ। यदी विपक्षी निवेदकको साबिक नम्बरी लगत तिरो र भोगभित्रको जग्गा भए सुरू नापी बखत नै नापी गोश्वारा विरूद्ध ऐनको म्यादभित्र सम्बन्धित अदालतमा नालिस उजुर गर्ने व्यवस्था थियो। तत्कालीन अवस्थामा ऐनका म्यादभित्र केही नगरी श्री ५ को सरकारको नाममा दर्ता भएको उल्लिखित जग्गालाई स्वीकार गरी बसेको देखिन्छ। मालपोत ऐन, २०३४ को दफा ७ (२), जग्गा नाप जाँच ऐन, २०१९ बमोजिम नाप नक्सा भई दर्ता छुट भएकोमा उक्त जग्गाको साबिक नम्बरी लगत, तिरो र भोगसमेतको आधारमा दर्ता गर्न सक्ने भन्ने प्रावधान भएकोमा सोबमोजिम ज.ध.कायम भएको र तिरोसमेत तिरेको उल्लेख नभएकोले निवेदन दाबी खारेज भागी छ भन्नेसमेत बेहोराको मालपोत कार्यालय बेलबारी, मोरङको तर्फबाट पुनरावेदन अदालत विराटनगर र यस अदालतसमक्ष पेस हुन आएको लिखित जवाफ रहेको देखिने।

मालपोत ऐन, २०३४ को दफा ७ (२) मा जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नाप नक्सा भएको कुनै जग्गा दर्ता गर्नसम्म छुट भएकोमा उक्त जग्गाको साबिक दर्ता, तिरो र भोगसमेतको आवश्यक छानबिन गरी तोकिएबमोजिमको समितिको सिफारिसमा तोकिएको प्रक्रिया अपनाई मालपोत कार्यालयले त्यस्तो जग्गा दर्ता गर्न सक्ने छ भन्ने व्यवस्थासमेत रहेको पाइने।

कुनै विषयमा कसैले निर्णय निकासा दिनुपर्ने निकायमा निवेदन दिएपश्चात् उक्त निवेदन र निजले पेस गरेका प्रमाण कागजहरूको यथोचित मूल्याङ्कन गरी निवेदकको दाबी पुग्ने नपुग्ने सम्बन्धमा निर्णय गर्नुपर्ने हुन्छ। सो नगरी गरिएको निर्णय ठीक बेठिक जे भए पनि प्रमाण मूल्याङ्कनको रोहमा उचित भनी मान्न सकिने हुँदैन। निवेदकले छुट जग्गा दर्ता गराई पाउँ भनी निवेदन दाबी गरेपश्चात् निजको प्रमाण कागजको मूल्याङ्कन गरी सम्बन्धित कानूनी प्रावधानसमेतको आधारमा विवादित जग्गामा निजको हक पुग्ने नपुग्ने सम्बन्धमा मालपोत कार्यालय, बेलबारी, मोरङले निर्णय दिनु पर्ने हुन्छ। विवादित जग्गा नेपाल सरकारका नाममा दर्ता रहेकोमा विवाद रहेको छैन भने मालपोत

ऐन, २०३४ को दफा ७ (२) ले तोकिएका निश्चित आधारमा छुट जग्गा दर्ता गराउन सकिनेसमेत उल्लेख गरेको छ । मालपोत कार्यालय, बेलबारी, मोरङको निर्णयले यस सम्बन्धमा सम्बोधन गरेको छैन । उक्त कार्यालयबाट निवेदकका तर्फबाट पेस हुन आएका प्रमाणको मूल्याङ्कन नगरी विवादित जग्गा नेपाल सरकारको नाममा दर्ता कायम रहेको भन्ने आधारमा उक्त जग्गालाई दर्ता गर्न छुट भएको भन्न नमिल्ने र निवेदन तामेलीमा जाने भनी भएको मालपोत कार्यालय, बेलबारी, मोरङको सुरू निर्णय त्रुटिपूर्ण रहेको देखिने।

कानूनबमोजिम निर्णय गर्न अख्तियारप्राप्त निकायले नै सम्बन्धित विषयमा निर्णय गर्नुपर्ने हुन्छ। उक्त निकायले निर्णय गरेपश्चात् उक्त निर्णयउपर कानूनबमोजिम पुनरावेदन गर्ने र पुनरावेदन सुन्ने निकायले पुनरावेदनको रोहमा उक्त निर्णयको मूल्याङ्कन गरिने विषय रहन्छ। मालपोत कार्यालय, बेलबारी, मोरङले निवेदकको दाबीका सम्बन्धमा प्रमाण मूल्याङ्कन गरी निर्णय निकासा दिनु पर्नेमा सो गरेको देखिन आएन । विवादित विषयलाई सम्बोधन नगरी भएको सुरू निर्णय र हक बेहकमा जानु भनी सुनाउने गरी भएको पुनरावेदन अदालत विराटनगरको फैसलालाई उचित मान्न नमिल्ने।

अतः नेपाल सरकारका नाममा दर्ता भएको भन्ने आधारमा छुट जग्गा दर्ता गर्न नमिल्ने निर्णय मालपोत कार्यालयबाट भएको देखियो । निवेदकले पेस गरेको प्रमाणको मूल्याङ्कन नै भएको देखिएन। मिति २०७०।४।२१ को मालपोत कार्यालय, बेलबारी, मोरङ र मिति २०७१।३।२९ को पुनरावेदन अदालत विराटनगरको फैसला बदर गरिदिएको छ । प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्नु भनि मालपोत कार्यालयमा उपस्थित पक्षलाई तारेख तोकी पठाइ दिने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल जेठ ३१ गते रोज ६ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७५-RB-०५४१, बैंकिङ कसुर (चेक अनादर), *नेपाल सरकार वि. खेम नाथ*

जाहेरी दर्खास्त परेपछि जाहेरवालाको खातामा रकम जम्मा गरेको भन्ने प्रतिवाद जिकिर रहे तापनि प्रतिवादीले तत्काल चेक अनादर (बैंकिङ कसुर) हुने गरी आफ्नो खातामा रकम नरहेको अवस्थामा चेक काटी दिनु र सो चेक बैंकबाट अनादर हुनु अर्थात् चेकमा लेखिएअनुसारको रकम सम्बन्धित खातामा नभएको भनी चेक नै फिर्ता हुनु बैंकिङ कसुर अपराध हुने । खातामा रकम नभएको अवस्थामा कसैलाई चेक काटिदिने कार्य भइसकेपछि अन्यथा तर्क गरेर कसुरबाट पूर्ण रूपमा उन्मुक्ति पाउने अवस्था नहुने।

जाहेरवालालाई रू.१,४२,०००।- (एक लाख बयालिस हजार) को चेक काटिदिएको हो भनी प्रतिवादीले अदालतसमक्ष बयान गरेको र मिति २०७५।२।२८ मा जाहेरवालाको नबिल बैंक लिमिटेडमा रहेको खातामा जाहेरवालाले दाबी गरेको रकम जम्मा गरी दिएको र सो रकम यी जाहेरवालाले पाइसकेको भनी जाहेरवालाले बकपत्र गरेको देखिँदा अभियोग दाबीबमोजिमको बिगो नै बाँकी नरहेको अवस्थामा वादी नेपाल सरकारको बिगोबमोजिमको जरिवाना गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार र कारणसमेतबाट प्रतिवादी खेम नाथले अभियोग दाबीबमोजिम बैंकिङ कसुर (चेक अनादर) गरेकै देखिएकोले निजलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा सोही ऐनको दफा १५(१) बमोजिम १(एक) महिना कैद सजाय हुने र दाबीबमोजिमको

रकम जाहेरवालाको नबिल बैंक लिमिटेडमा रहेको खातामा जम्मा गरिदिएकोले पाइसकेको भन्ने बेहोरा जाहेरवालाले अदालतमा गरेको बकपत्रबाट देखिँदा अभियोग दाबीबमोजिमको बिगो बाँकी रहेको देखिन आएन । यसरी दाबीको बिगो बाँकी नरहेको अवस्थामा बिगोबमोजिम जरिवाना गर्नु न्यायोचित नहुने हुँदा प्रतिवादीलाई बिगोबमोजिम जरिवाना नगर्ने गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७५।३।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल असार २ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७५-RB-०५९०, बैंकिङ कसुर, *उषादेवी अधिकारी वि. नेपाल सरकार*

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ मा "कसैले पनि बैंक वा वित्तीय संस्थामा खाता खोल्दा वा रकम भुक्तानी माग गर्दा देहायको कार्य गर्न हुँदैन" भनी खण्ड (ग) मा "आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटी दिन" भन्ने उल्लेख भएको छ । यसै प्रकृतिको व्यवस्था विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७(क) मा "बैंकमा आफ्नो निक्षेप छैन वा भए पनि पर्याप्त छैन भन्ने जानी जानी कुनै व्यक्तिले चेक काटी कसैलाई हस्तान्तरण गरेमा र त्यसरी हस्तान्तरण गरिएको चेक अनादर भएमा चेक काट्ने व्यक्तिबाट चेकमा उल्लिखित रकम र ब्याजसमेत धारकलाई भराई चेक काट्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। विगतमा यसै व्यवस्थाअनुसार दुनियाँवादी फौजदारी कसुरको रूपमा कारबाही र सजाय गरिँदै आएकोमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को मिति २०७३।६।१८ मा भएको पहिलो संशोधनले बैंकिङ तथा वित्तीय प्रणालीको कारोबारमा हुन सक्ने कसुरजन्य कार्यबाट बैंकिङ तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गरी बैंकिङ तथा वित्तीय प्रणालीप्रति विश्वसनीयता अभिवृद्धि गर्ने प्रयोजनार्थ बैंकिङ कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्नका लागि दफा ३ को व्यवस्थालाई थप प्रस्ट पारी यस कार्यलाई सरकारवादी फौजदारीअन्तर्गतको कसुर परिभाषित गरेको र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र राखेको पाइन्छ। बैंकिङ कसुरसम्बन्धी मुद्दामा प्रचलित कानूनले आफ्नो खातामा पर्याप्त रकम छैन भन्ने जान्दाजान्दै चेक काटी भुक्तानी माग गरिएको छ भने मात्र पनि उक्त कार्य दफा ३ को खण्ड (ग) अन्तर्गत कसुर कायम हुने देखिने। प्रस्तुत मुद्दामा प्रतिवादी उषादेवी अधिकारीले जाहेरवालालाई आफ्नो एच. एण्ड वि. डेभलपमेन्ट बैंक लि. को खाता नं.०२८११११०००८७०६००००००१ मा भुक्तानी दिन रकम मौज्दात नभएको जानी जानी चेक नं. यु ००६६५३ मा रू.११,७५,०००।– को चेक काटी दिएको र सो चेक सटही गर्न बैंकमा जाँदा उक्त खातामा पर्याप्त रकम नभएको हुँदा भुक्तानी दिन नमिल्ने भनी बैंकबाट लिखित रूपमा चेक अनादर गरिदिएको अवस्था प्रमाणित भएबाट प्रतिवादीले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) अनुसारको कसुर गरेको देखिन आएकोले पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर तर्क र कानूनसङ्गत देखिन नआउने।

तसर्थ, विवेचित आधार र कारणसमेतबाट प्रतिवादी उषादेवी अधिकारीउपरको किटानी जाहेरी, निज प्रतिवादीले गरेको बयान, खातामा पर्याप्त रकम नभई भुक्तानी हुन नसकेको चेकसमेतका मिसिल संलग्न प्रमाणबाट निज प्रतिवादीले अभियोग दाबीको कसुर गरेको पुष्टि भएकोले निज प्रतिवादी उषादेवी

अधिकारीलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा सोही ऐनको दफा १५(१) अनुसार बिगोबमोजिम रू. ११,७५,०००।- (एघार लाख पचहत्तर हजार) जरिवाना र १ महिना कैद सजाय हुने र जाहेरवालीले यी प्रतिवादीबाट बिगो रकम रू.११,७५,०००।- (एघार लाख पचहत्तर हजार) भरी पाउने गरी उच्च अदालत पाटनबाट भएको मिति २०७५।०३।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल असार २ गते रोज २ शुभम्।

- यसै लगाउको ०७५-RB-०५९१, बैंकिङ कसुर, *उषादेवी अधिकारी वि. नेपाल सरकारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७५-WH-०२२२, बन्दीप्रत्यक्षीकरण, *बुधहाङ लिम्बूको हकमा मनिराम लिम्बू वि. गृह मन्त्रालयसमेत*

प्रस्तुत मुद्दामा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ मा भएको व्यवस्थाबमोजिम निवेदकहरूलाई थुनामा राखी अनुसन्धान गर्ने पर्ने भनी प्रमुख जिल्ला अधिकारीले म्याद थप गर्दा आधार र कारण उल्लेख गरेको देखिँदैन। म्याद थप दिने अधिकारीले म्याद थपको आदेश दिँदा कुन कार्यको लागि म्याद थप दिएको हो सोको स्पष्ट आधार उल्लेख नगरी केबल प्रमुख जिल्ला अधिकारीको आदेशानुसार भनी म्याद थप दिएको देखिन्छ। प्रस्तुत सन्दर्भमा निवेदकहरूले के कसरी सार्वजनिक हित, सुरक्षा, सुविधा र नैतिकता विरूद्धको कसुर अपराध गरेको हो भन्ने पर्याप्त आधार र कारणसमेत उल्लेख नगरी कुनै राजनीतिक दल विशेषमा आबद्ध भएको कारणले विपक्षीहरूद्वारा बदनियत र प्रवृत धारणा राखी अपत्यारिलो मुद्दा दर्ता गरी सोही मुद्दाको अनुसन्धान गर्न थुनामा राख्न म्याद माग गर्ने र म्याद थप गर्ने विपक्षीहरूबाट भएको कार्यलाई कानूनबमोजिम कानूनी प्रक्रिया पूरा गरी भए गरेको भन्ने देखिन नआउने।

कुनै पनि व्यक्तिउपर फौजदारी कसुरमा मुद्दा चलाउन वस्तुनिष्ठ आधार हुनुपर्छ, कुनै पार्टी वा समूहको विचारसँग आबद्ध रहेको भन्ने कथित आधारमा निवेदकहरूलाई थुनामा नै राख्ने उद्देश्यबाट अपत्यारिलो अभियोग लगाई थुनामा राख्नु गैरकानूनी हुन जान्छ। बन्दीप्रत्यक्षीकरणको रिटमा थुनाको वैधताको परीक्षण गर्दा थुनामा राख्नु पर्नेसम्मको अवस्था छ छैन ? कानूनको प्रक्रिया पूरा गरिएको छ छैन भनी हेरिनु पर्ने हुन्छ। अनुसन्धान गर्ने र मुद्दा हेर्ने अधिकारीले थुनामा नै राख्ने पूर्वाग्रह राखी म्याद थप गरिएको कार्यलाई वैध मान्न सकिँदैन, त्यस्तो कार्यले अधिकारको दुरूपयोग गरी व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने हुँदा निवेदकहरूको संविधान प्रदत्त मौलिक हकको रक्षा गर्नु यस अदालतको कर्तव्यसमेत हुन आउने।

तसर्थ, यसमा निवेदकहरूलाई वस्तुनिष्ठ आधार र कारणबिना पक्राउ गर्ने र अनुसन्धानको क्रममा भनी थुनामा राख्ने कार्य मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ विपरीत प्रवृत्त भावनाबाट कानूनको उचित पालना नगरी थुनामा राखेको देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ (क) र (ख) बमोजिम विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: महेन्द्रराज काफ्ले

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७६ साल असार १६ गते रोज २ शुभम्।

## इजलास नं. ५

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६७-CI-११०१, नक्सा र नक्सामा कित्ताकाट दर्ता बदर हक कायम दर्ता, *रामसिंह कुँवर वि. लालसिंह थापा*

प्रतिवादीले वादीसँग कि.नं. १०४१ को जग्गा खरिद गरी लिएको भनी जिकिर लिएको भए पनि उक्त जग्गा खरिद गरी लिएको भन्ने कुनै लिखत प्रमाण प्रतिवादीबाट पेस हुन सकेको देखिँदैन। एकाको स्वामित्वमा रहेको जग्गा मौखिक रूपमा मैले खरिद गरी लिएको जिकिर लिँदैमा कानूनबमोजिम रजिस्ट्रेसन पारित गरी नलिएको अवस्थामा अचल सम्पत्तिको स्वामित्व हस्तान्तरण हुन नसक्ने हुँदा कि.नं. १०४१ को जग्गा वादीकै देखिन आउने।

घरले चर्चेको जग्गाको पूर्व केही ऐलानी जग्गा रहेको नक्सा मुचुल्काबाट देखिन आएको छ । सो न.नं. ५ को ऐलानी जग्गा प्रतिवादीको नाउँमा दर्ता गरेको कार्यले कानूनी मान्यता प्राप्त गर्न सक्दैन। साथै सो ऐलानी जग्गा आफ्ना नाउँमा दर्ता गरिपाउँ भन्ने वादीको दाबीसमेत मनासिब नदेखिने।

कुनै पनि जग्गामा कसैको स्वामित्व हुनको लागि त्यस्तो जग्गा खरिद वा अन्य कुनै बेहोराले पूर्वस्वामित्व भएको व्यक्तिबाट लिए पाएको कुरा स्थापित हुनुपर्छ । जग्गा आफ्नो नाउँमा स्वामित्व हस्तान्तरणबाट प्राप्त भइसकेपछि उक्त जग्गामा जग्गाधनीले सालबसाली तिरो भरो नियमितरूपमा तिरेको प्रमाण हुनुपर्ने।

प्रतिवादी राम सिंह कुँवरले आफ्नो हकभोगको कुनै प्रमाण पेस गर्न नसकेको, वादी लालसिंह थापाको हकभोग र स्वामित्व भएको जग्गामा अनाधिकार तरिकाले घर बनाएकै नाताले जग्गाको स्वामित्व प्रतिवादी रामसिंह कुँवरलाई प्राप्त हुन्छ भन्न मिल्ने नदेखिने।

घर बनाउँदा अपनाउनु पर्ने प्रक्रिया, घर बहालमा बस्ने र घर धनीको अधिकारका कुरालगायत अर्काको जग्गामा अनाधिकार किसिमबाट घर बनाएमा र त्यसका विरूद्ध उजुरी परेमा घर भत्काएर लैजानुपर्नेलगायतका व्यवस्था मुलुकी ऐन, घर बनाउनेको महलमा भएको पाइन्छ । मुलुकी ऐन, घर बनाउनेको महलमा भएको सम्पूर्ण व्यवस्थाको अवलोकन गर्दा जग्गाको स्वामित्व हस्तान्तरण हुने कुरा उल्लेख भएको पनि देखिँदैन। यसरी हदम्यादभित्र उजुरी नपरेको कारणबाट घर भत्काई लैजान नपर्ने गरी पहिला फैसला भएकै आधारमा घर बनेको जग्गा पनि स्वतः प्राप्त हुन आउँछ भन्न मिलेन। मुलुकी ऐन, घर बनाउनेको महलमा रहेको व्यवस्थाले घर रहे भएसम्म घर बनाउने व्यक्तिले उक्त घर भोगचलनसम्म गर्न पाउने भन्ने देखिने।

तसर्थ, माथि विवेचना गरिएका आधार र कारण र प्रमाणहरूसमेतबाट ऐलानी जग्गाको दर्ता नाप जाँच बदर भई वादी प्रतिवादी कसैको नाउँमा पनि दर्ता नहुने र प्रतिवादी रामसिंह कुँवरले कि.नं. १०४१ को जग्गामा बनाएको घरले चर्चेको जग्गाको समेत दर्ता बदर हुने ठहऱ्याई कि.नं. १०४१ को सम्पूर्ण जग्गाको हकमा वादी दाबीबमोजिम नाप जाँच बदर भई वादीको हक कायम हुने ठहऱ्याएको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०६७।१०।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। आफ्नो हकै नपुग्ने जग्गाको नापजाँच आफ्नो नाममा कायम गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल फागुन ९ गते रोज २ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CI-११५२, सम्बन्ध विच्छेद, अंश, *शेरबहादुर गुरूङ वि. राधिका गुरूङ*

वादी प्रतिवादीहरूको शारीरिक सम्बन्धबाट एउटा सन्तानको जायजन्म भएको र सो नाबालक छोरा वादी राधिका गुरूङले नै पालनपोषण गरेको भन्ने देखिन्छ । प्रतिवादी वैदेशिक रोजगारीमा रहेको र घरमा निजका आमा बुबा भएकोमा आमा बुबाले समेत घरमा बस्न नदिएबाट वादी राधिका गुरूङ आफ्नो माइतीघरमा बस्दै आएको भन्ने वादी दाबी देखिन्छ । आफ्नी श्रीमती माइती घरमा बस्दै आएको कुरा स्वयम् प्रतिवादीले समेत स्वीकार गरेको अवस्था रहेको छ । यिनीको आफ्नो कुनै आयस्रोत छ भनी प्रतिवादीले जिकिर लिन सकेको देखिएन । माइतीको शरणमा बसेकी एउटा बेरोजगार नारीले आफू तथा आफ्नो नाबालक छोरासमेतको हेरविचार गर्नुपर्ने तथा औषधोपचार गर्नुपर्ने बाध्यात्मक अवस्था रहेकोमा आफ्नो लोग्नेसँग मानाचामलको दाबी लिनुलाई अन्यथा भन्न सकिने अवस्था नरहने ।

श्रीमतीले श्रीमान्‌बाट के कुन अवस्थामा माना चामल भराई लिन पाउने हो ? भन्ने सम्बन्धमा रहेको कानूनी व्यवस्थातर्फ हेर्दा अंशबन्डाको १० नं. मा "लोग्ने वा बाबु आमाले स्वास्नी वा छोराछोरीलाई इज्जत आमदअनुसार खान लाउन र आवश्यकतानुसार उचित शिक्षादीक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्छ सो नगरे अंश दिनुपर्छ, लोग्ने स्वास्नीको ४ नम्बरमा लेखिएको कुरामा भने सोहीबमोजिम हुन्छ" भन्ने कानूनी व्यवस्था रहेकोमा लोग्ने स्वास्नीको ४ नं. मा भएको व्यवस्था हेर्दा "सासू ससुरा भई वा लोग्नेले मात्र खान लाउन नदिई घरबाट निकाला गरेको वा कुटपिट गरी दु:ख दिने गरेको वा लोग्नेले अरू स्वास्नी ल्याए वा राखेकोमा त्यस्ती स्वास्नीले लोग्नेको अंशबाट आफ्नो अंश छुट्याई लिन पाउँछ । त्यस्ती स्वास्नी मानिस मरेमा वा निजले अर्को विवाह गरेमा उसले खाई लाई बाँकी रहेजति हकवालाको हुन्छ । सासू ससुराले मात्र निकाला गरेमा इज्जत आमदअनुसार खान लाउन दिनुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइने ।

यसरी उल्लिखित कानूनी व्यवस्थासमेतले वादीलाई खान लाउन दिनुपर्ने दायित्व स्वयम् प्रतिवादी किरण गुरूङको भएकोमा मेरो नाममा कुनै सम्पत्ति रहे भएको छैन भनी श्रीमती तथा नाबालक छोरालाई पालन पोषण गर्ने दायित्वबाट निज प्रतिवादीले उन्मुक्ति पाउने अवस्था रहँदैन । प्रतिवादी वैदेशिक रोजगारमा रहेको अवस्थामा आयस्रोत नै छैन भन्ने निजको पुनरावेदन जिकिर मनासिब नहुँदा सो पुनरावेदन जिकिर एवम् प्रतिवादीका तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन । पुनरावेदन अदालत बुटवलको फैसलाउपर वादीको पुनरावेदन नपरेबाट त्यसतर्फ केही बोलिरहनु नपर्ने ।

अतः प्रतिवादीले वैदेशिक रोजगारीबाट प्राप्त गर्ने आय निजका घर परिवारका अन्य सदस्य संख्यासमेतका आधारमा निर्धारण गर्दा वादीले प्रतिवादीबाट मासिक रू.२५००।- का दरले माना चामल भराई पाउने र सुरू गुल्मी जिल्ला अदालतबाट मिति २०६९।१।७ मा भएको फैसला केही उल्टी भई प्रतिवादी अमृताले मानो छुट्टिएको मितिपछि खरिद गरेको जगाबाट अंश नपाउने ठहर्‍याई पुनरावेदन अदालत बुटवलले मिति २०७०।३।११ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जगदिशप्रसाद भट्ट

इति संवत् २०७५ साल साउन ३० गते रोज ४ शुमभ् ।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-००३१, जबरजस्ती

करणी, *मिनबहादुर खड्का वि. नेपाल सरकार*

प्रमाण ऐन, २०३१ को उक्त व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दाको तथ्यगत अवस्थालाई हेर्दा प्रस्तुत मुद्दाको घटनाबाट पीडित डोटी "क" ले घटनाको तत्कालपछि गरेको कागजमा लेखाएको बेहोराबाट यी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने कुरा उल्लेख गरी प्रमाण ऐनको दफा १८ बमोजिम मौकाको आफ्नो बेहोरालाई समर्थन गर्दै अदालतमा बकपत्र गरेको अवस्था छ। त्यस्तै पीडितका बाबु डोटी "ए" ले मौकाको आफ्नो जाहेरी बेहोरालाई समर्थन गर्दै अदालतमा बकपत्र गरेको देखिएकाले जाहेरवालाको भनाइ र पीडितको भनाइलाई प्रमाण ऐन, २०३१ को उक्त व्यवस्थाअनुसार ठोस प्रमाण मान्नुपर्ने अवस्था देखिने।

यसप्रकार प्रतिवादी मिनबहादुर खड्का मौकामा अख्तियारप्राप्त अधिकारीसमक्ष र साथ साथै अदालतको बयानमा समेत निज कसुरप्रति इन्कार रहे पनि निज बाख्रा किन्ने निहुँमा भए पनि मौकामा पीडित रहेको स्थान एवम् घटनास्थलमा गएको तथ्य निजकै इन्कारी बयानमा उल्लेख छ । पीडिताको योनि एवम् स्वास्थ्य परीक्षणको प्रतिवेदन हेर्दा निजको कन्याजाली च्यातिएको, सुरूवालमा रगत लागेको र बायाँ स्तनमा खोस्रिएको दाग रहेको स्थिति छ । यो असामान्य अवस्था अन्य कुनै कारणबाट भएको हो भन्ने कुनै तथ्यगत अवस्था र स्थिति खुल्न सकेको पाइँदैन । पीडिता नाबालिकाउपर भएको जबरजस्ती करणीजस्तो जघन्य एवम् गम्भीर कसुरमा प्रतिवादी मौकामा कसुरप्रति इन्कार रहेकै आधारमा निज कसुरदार होइनन्, निज निर्दोष रहेछन् भनी निष्कर्षमा पुगिहाल्न हुँदैन । नाबालिका पीडिताले आफूउपर जबरजस्ती करणीको वारदात भएको भनी व्यक्त गरेको भनाइलाई गम्भीरतापूर्वक लिई सोलाई अन्य निर्जीव, भौतिक एवम् योनि र शारीरिक परीक्षण प्रतिवेदन जस्ता स्वतन्त्र प्रमाणहरूबाट समर्थित भएको अवस्था छ छैन ? सोलाई समेत सूक्ष्म तरिकाले केलाएर दाँजेर हेर्नुपर्ने हुन्छ । प्रस्तुत वारदातमा पीडिताले आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने निजको मौकाको भनाइ एवम् अदालतसमक्ष गरेको बकपत्रसमेतलाई निजको मौकाको योनि एवम् शारीरिक परीक्षणको कन्याजाली च्यातिएको, सुरूवालमा रगत लागेको र स्तनमा खोस्रिएको भन्ने प्रतिवेदनले समर्थन र पुष्टि गरेको अवस्थामा निज प्रतिवादी मौका र अदालतसमक्ष समेत कसुरप्रति इन्कार भएको तथ्य कानून एवम् प्रमाण मूल्याङ्कनको दृष्टिकोणबाट कमजोर रहेको पुष्टि हुन गएको छ। प्रतिवादी मिनबहादुर खड्का मौकामा अख्तियारप्राप्त अधिकारी र साथै अदालतमा समेत कसुरप्रति इन्कार रहे पनि निजको इन्कारी बयान र सो बयानलाई समर्थन हुने गरी निजका साक्षीहरूले गरेको बकपत्र अन्य कुनै पनि स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको हुँदा प्रतिवादी मिनबहादुर खड्काले लिएको कसुरप्रतिको इन्कारी जिकिरलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिएन। उल्लिखित अवस्थामा प्रतिवादीले पीडितउपर जबरजस्ती करणीको महलको ३(२) नं. को कसुर गरेको पुष्टि हुन आएकोले निजलाई सोही महलको ३(२) नं. बमोजिम १० वर्ष कैद गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत दिपायलको फैसला मिलेकै देखिने।

तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट पीडित स्वयम्ले मौकामा गरेको कागज र सो कागजलाई समर्थन हुने गरी अदालतमा गरेको पीडितको बकपत्र, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रतिवादी मिनबहादुर खड्कालाई देखाउँदा देखी चिनी सनाखत गरेको कागजसमेतका मिसिल संलग्न प्रमाण तथा प्रतिवादी मिनबहादुर खड्काले वारदात स्थलमा आफू बाख्रा किन्न गएको कुरा स्वीकार गर्नुलगायतका मिसिल संलग्न मालाकार रूपमा आधार प्रमाणबाट प्रतिवादी मिनबहादुर खड्काले नै पीडित परिवर्तित नाम डोटी "क" लाई जबरजस्ती करणी गरेको हो

भन्ने कुरा पुष्टि भइरहेको देखिँदा सुरू डोटी जिल्ला अदालतबाट भएको मिति २०७१।५।१२ को फैसला सदर ठहऱ्याएको पुनरावेदन अदालत दिपायलको मिति २०७१।११।१३ को फैसला सदर हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल चैत्र २७ गते रोज ३ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-WO-०३२२, ०६६१, कर्तव्य ज्यान, *लाक्पा शेर्पासमेत वि. नेपाल सरकार*

प्रतिवादीहरू विरूद्ध परेको किटानी जाहेरीलाई जाहेरवालाले अदालतसमक्ष गरेको बकपत्रबाट पुष्टि भएको प्रस्तुत वारदातको मिसिल संलग्न घटना विवरण कागज र वस्तुस्थिति मुचुल्काका प्राय: सबै व्यक्तिहरूले यी प्रतिवादीहरू विरूद्ध अदालतमा आई किटानीसाथ गरेको बकपत्र र प्रतिवादीहरूको साबितीसमेतका मिसिल संलग्न कागजातहरूबाट मृतक ङातेम्बा शेर्पाको मृत्यु कर्तव्यबाट नै भएको कुरामा विवाद नदेखिने।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूद्वय मिङमा शेर्पा र पासाङतेम्बा शेर्पाले लाक्पादोर्ची शेर्पाको मत-सल्लाहअनुसार मृतकको गोठमा गई दाउराले कञ्चटमा प्रहार गरी डोरीले घाँटीमा बाँधी ङातेम्बा शेर्पालाई कर्तव्य गरी मारेको तथ्य मिसिल संलग्न सबुत प्रमाणहरूबाट पुष्टि भइरहेकोले निज प्रतिवादीहरू ज्यानसम्बन्धी महलको १३(३) नं. को व्यवस्थाबमोजिम नै जन्मकैदको सजाय हुन सक्ने नै देखिने।

प्रतिवादी लाक्पादोर्ची शेर्पाले पूर्वरिसइवीको कारणबाट मृतकलाई मार्नलाई बचन दिई रूपैयाँसमेत दिई प्रतिवादीहरूद्वय मिङमा शेर्पा र पासाङतेम्बा शेर्पालाई प्रलोभनमा पारी वारदात घटाउनमा मुख्य योजनाकारको भूमिका निभाएको तथ्य निजको अदालतसमक्षको बयान एवम् सह-अभियुक्त पासाङतेम्बा र मिङ्मा शेर्पाले आफू कसुरमा साबित भई यी प्रतिवादीलाई पोल गरेको तथ्यबाट स्थापित भएको अवस्थामा निजलाई ज्यानसम्बन्धीको १३ नं. बमोजिम सजाय हुने नै देखिन्छ। तसर्थ प्रतिवादीहरू मिङ्मा शेर्पा र पासाङतेम्बा शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम तथा लाक्पा दोर्ची शेर्पालाई ऐ. १३(४) नं. बमोजिम जन्मकैदको सजाय गरेको पुनरावेदन अदालत धनकुटाको फैसलामा कुनै परिवर्तन गर्नुपर्ने नदेखिने।

प्रतिवादी पासाङतेम्बा शेर्पा र मिङ्मा शेर्पाले आफूहरूले रूपैयाँको प्रलोभनमा परी हत्या गरेको, साँचो सत्य कुरा लेखाई अदालतलाई सहयोग गरेको र वारदातको समयमा रहेको उमेरसमेतलाई मध्यनजर गरी विवेकसम्मत निर्णय होस् भनी लिएको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा त्यसरी साँचो कुरा लेखाई दिएबापत सजायमा छुट दिने गरी तत्कालीन अवस्थामा हाम्रो कानूनी व्यवस्था रहेको देखिँदैन। प्रलोभन वा अन्य कुनै कारणबाट पनि कसैले कसैको कर्तव्य गरी ज्यान मार्न नहुने सामान्य विवेकको विषय हो। यस्तो विवेक गुमाउनु पर्ने परिस्थितिको सिर्जना भएको कुनै तथ्ययुक्त कारण उल्लेख गर्न नसकेको अवस्थामा केवल आरोपित कसुरमा साबिती भएको भन्ने आधारमा मात्र सजायमा छुट पाउन सक्ने अवस्था नदेखिँदा यस सम्बन्धमा निजहरूले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अभियोग दाबीभन्दा कम सजाय गरेकोले दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा निजले अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रहेको देखिन्छ। निज वारदात स्थलमा नगएको तर

"मृतकलाई उसको अण्डकोषमा हान्नु, मार्नु र निजको रगत र मासु ल्याउनु, म भुटेर खान्छु भन्यो" भनी सहअभियुक्तहरू मिङ्मा शेर्पा र पासाङतेम्बा शेर्पाले अदालतमा बयान गरे तापनि निजहरूको बयान बेहोरा अन्य स्वतन्त्र प्रमाणहरूबाट समर्थित भएको देखिँदैन। सहप्रतिवादीहरूको भनाइलाई मात्र आधार मानी प्रतिवादी सोमालामुले सो अभिव्यक्ति दिएको भन्ने अर्थ गर्न मिल्ने अवस्था देखिँदैन। मृतकलाई मार्ने भन्ने कुराको पूर्वजानकारी निजलाई भएको र सो कुराको सूचना नदिई चुप लागेर घरमै बसेको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट देखिन्छ। यसबाट निज ज्यान मार्नलाई मतलबमा पसेको देखिएको तर षड्यन्त्र गरेको भन्ने कहीँकतै खुल्न आएको देखिँदैन। निज वारदात स्थलमा मौजुद रहेको भन्ने तथ्य पनि देखिँदैन। ज्यान मार्न मुख्य भई वचन दिने लाक्पादोर्ची शेर्पा देखिएको अवस्था छ। यस्तो अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं. बमोजिम मुख्य भई षड्यन्त्र गरेको वा मुख्य भई त्यस्तो काम गरेको भन्ने कसुर स्थापित भई निजलाई सोअनुरूप सजाय हुन सक्ने अवस्था नदेखिने।

अब प्रतिवादी सोमालामुले गरेको उपर्युक्तबमोजिमको कसुरमा कुन कानून आकर्षित हुने हो भनी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. हेर्दा "ज्यान मार्नलाई मतलबमा भने पसेको तर मुख्य भई वचन पनि नदिने, हतियार पनि नछोड्ने, जिउमा पनि नछुने, वारदातमा जानेबाहेकका अन्य मतलबीलाई ६ महिनादेखि ३ वर्षसम्म कैद गर्नु पर्दछ" भन्ने कानूनी व्यवस्था देखिन्छ। प्रस्तुत मुद्दाको तथ्यबाट पनि प्रतिवादी सोमालामु शेर्पा मृतकलाई कर्तव्य गरी मार्नमा मतसल्लाहमा सम्म पसेको अवस्था देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम ६ महिना कैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालत धनकुटाको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, माथि विवेचित तथ्य, आधार र कारणहरूबाट प्रतिवादी लाक्पादोर्ची शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम र प्रतिवादीहरू मिङ्मा शेर्पा र पासाङतेम्बा शेर्पालाई ऐजनको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने र प्रतिवादी सोमालामु शेर्पालाई ऐ. १७(३) नं. बमोजिम ६ महिना कैदको सजाय हुने ठहऱ्याएको सुरू संखुवासभा जिल्ला अदालतको मिति २०७२।३।२९ को फैसला सदर गरेको पुनरावेदन अदालत धनकुटाको मिति २०७३।२।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : तीर्थराज भट्टराई

इति संवत् २०७५ साल कात्तिक ११ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-१४००, उत्प्रेषण / परमादेश, *रजनेश्वरकुमार साह वि. मोहन साह तेलीसमेत*

मुलुकी ऐन, लेनदेन महलको ८ नं. र ९ नं. को व्यवस्था हेर्दा घरको मुख्य भई कामकाज गर्ने व्यक्तिबाहेक एकाघरको उमेर पुगेको अन्य व्यक्तिले कुनै व्यवहार गर्दा मुख्य भई कामकाज गर्नेको स्वीकृति आवश्यक मानिन्छ। अन्यथा त्यस्ता व्यक्तिले गरेको व्यवहारको सम्बन्धमा त्यस्ता व्यक्तिको हक पुग्नेसम्मको सम्पत्तिमा मात्र साहुले समाउन पाउँछ, अन्य एकाघरको सबै व्यक्तिको सम्पत्तिमा समाउन पाउने स्पष्ट व्यवस्था नदेखिने।

निवेदक रजनेश्वरकुमार साह र विपक्षी रामकुमार साहबिचमा भएको लेनदेनको कारोबारमा विपक्षी रामकुमार साह घरको मुख्य व्यक्ति हो भन्ने कुरा कहीँकतैबाट पुष्टि हुन आउँदैन। विपक्षी रामकुमार साह र निजको बुबा मोहन साह तेली एकासगोलमा रहेको र बुबा मोहन साह तेली नै घरको मुख्य व्यक्ति रहेको भन्ने देखिन्छ। ऋण रकम सगोलमा प्रयोग भएको प्रमाण यस अदालतको मिसिलबाट देखिँदैन। विपक्षी मोहन साह तेली घरको मुख्य भएको अवस्थामा निजको मन्जुरी वा

संलग्नताविना भएको लेनदेनको व्यवहार कारोबारमा संलग्न विपक्षी रामकुमार साह नै जिम्मेवार हुने र निजको हक पुग्ने सम्पत्तिबाट नै साहुले असुलउपर गर्न पाउने देखिन आउने।

अब, निवेदक सफाहात लिई अदालत आएको हो होइन भन्ने सम्बन्धमा पनि विचार गर्नुपर्ने आवश्यक देखिन्छ। निवेदक रजनेश्वरकुमार साहले एकासगोलमा रहेका निजको बुबा मोहन साह तेलीको नाउँको सम्पत्ति / जग्गा रोक्का राखी पाउँ भनी सप्तरी जिल्ला अदालतमा मिति २०७३।३।१० मा निवेदन पेस गरेकोमा सुरू जिल्ला अदालतबाट मिति २०७३।३।१२ मा निवेदन मागबमोजिमका जग्गाहरू ऋणीको नाउँको नभई निजको बुबाको नाउँको देखिएकोले रोक्का राख्न मिलेन भनी आदेश भएको देखिन्छ। निवेदक रजनेश्वरकुमार साहले आफूअनुकूलको आदेश नआएपछि सो आदेशको तथ्य लुकाई सोही विषयमा पुन: मिति २०७३।३।२४ मा सुरू अदालतमा पुन: सोही विषयमा निवेदन गरेबाट निज निवेदक अदालत प्रवेश गर्दा सफाहात लिई आएको देखिँदैन । निज निवेदकले यस अदालतमा समेत सो विषयमा कुनै कुरा उल्लेख नगरी निवेदन गरेको देखिन्छ । यसबाट निवेदकले एकातिर अदालतलाई झुक्याई आफ्नोअनुकूल आदेश लिने बदनियत देखियो भने अर्कोतर्फ अदालतले पनि आफ्नो मिसिलभित्र प्रवेश नगरी मिसिल संलग्न पूर्वआदेशतर्फ ध्यान नपुऱ्याएको देखिने।

अत: माथि विवेचित आधार कारण र कानूनी व्यवस्थाअनुसार यस्तो अवस्थामा विपक्षी मोहन साह तेलीको नाउँको जग्गा फुकुवा गर्ने गरी उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७४।१।७ मा भएको उक्त आदेश बदर गर्नुपर्ने अवस्था देखिन आएन । उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७४।१।७ मा भएको उक्त आदेश बदर गरी सुरू अदालतबाट मिति २०७३।३।२४ र मिति २०७३।९।८ मा भएको आदेशबमोजिम गरिपाउँ भन्ने निवेदकको माग दाबी पुग्न सक्ने नदेखिँदा खारेज हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल असार १३ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-०२१८, अपहरण तथा शरीर बन्धक, *हरिदेव ठाकुर वि. नेपाल सरकार*

प्रतिवादीहरू सन्तोष महतो र श्रवण यादव अनुसन्धानको क्रममा पक्राउ पर्न नसकेका र अदालतबाट जारी भएको म्यादभित्रसमेत उपस्थित नभई म्याद गुजारी बसेको मिसिलबाट देखिन्छ। यसैको आधारमा सुरू अदालतबाट निज प्रतिवादीहरूको मुद्दा मुलुकी ऐन, अ.बं. १९० नं. बमोजिम मुल्तबीमा राखिदिएको देखिन्छ । प्रस्तुत मुद्दा मुलुकी ऐन, अपहरण तथा शरीरबन्धक लने महलअन्तर्गतको कसुर भएको देखिएको छ। उक्त महलमा फरार रहेका प्रतिवादीहरूको हकमा मुद्दा मुल्तबीमा राखी पक्राउ परेका प्रतिवादीका हकमा मात्र फैसला गर्न मिल्ने सम्बन्धमा कुनै व्यवस्था रहे भएको देखिँदैन भने पक्राउ नपरेका प्रतिवादीका हकमा वारेन्ट जारी गर्ने सम्बन्धमा समेत कुनै व्यवस्था भएको नपाइने।

वारेन्ट जारी हुने मुद्दामा मुलुकी ऐन, अ.बं. १९० नं. बमोजिम मुल्तबी रहने भए तापनि मुल्तबी रहन नसक्ने मुद्दाको हकमा सबै प्रतिवादीहरूको हकमा प्रमाण बुझी ठहरेबमोजिम एकै पटक निर्णय गर्नुपर्ने प्रस्ट कानूनी व्यवस्था रहेबाट उक्त कानूनी व्यवस्थाअनुसार अभियोग दाबीमा उल्लिखित पक्राउ परेका र नपरेका सबै प्रतिवादीहरूको हकमा उपलब्ध प्रमाणहरूको आधारमा एकै पटक फैसला गर्नुपर्ने नै देखिन्छ । अनुसन्धानको क्रममा पक्राउ नपरेका प्रतिवादीहरूको हकमा मुलतबीमा राख्ने गरी भएको फैसला नमिलेको हुँदा सबै प्रतिवादीहरूको एकै पटक कारबाही किनारा

गर्नु भनी सुरू अदालतमा पठाउने ठहरी पुनरावेदन अदालत राजविराजबाट भएको फैसला अन्यथा देखिन नआउने।

तसर्थ, उल्लिखित आधार, प्रमाण र कारणबाट सुरू अदालतको फैसला उल्टी गरी प्रतिवादी हरिदेव ठाकुरलगायतका अन्य प्रतिवादीको हकमा समेत एकै पटक कारबाही किनारा गर्नु भनी सुरू अदालतमा पठाउने ठहरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।१२।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७५ साल साउन १४ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७४-WO-०४०१, उत्प्रेषण / प्रतिषेध / परमादेश, *काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ मा कार्यालय रहेको ताप्लेजुङ पाथिभरा केबुलकार सरोकार समितिको तर्फबाट अख्तियारप्राप्त ऐ.को अध्यक्ष ईश्वरी पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

त्रिवेणी केबलकार प्रा.लि.ले किर्ते कागजातहरूको आधारमा पेस गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनलाई मिति २०७३।२।३० मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौंले स्वीकृत गर्ने गरी भएको निर्णय गैरकानूनी छ। विपक्षी त्रिवेणी केबलकार प्रा.लि.ले उक्त प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने क्रममा वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ को कानूनी प्रक्रिया नपुर्‍याई तयार गरेको उक्त प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनलाई विपक्षी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौंले स्वीकृति दिएको अवस्था छ। यदि उक्त गैरकानूनी निर्णयको आधारमा विपक्षी त्रिवेणी केवलकार प्रा.लि.ले हक प्राप्त गरी कार्य गर्न अनुमति दिने हो भने त्यसले स्थानीय बासिन्दाको हक हित, वन, खनिज, खोलानाला, प्राकृतिक सौन्दर्यविपरीतको कार्य हुन गई सामाजिक सांस्कृतिक पर्यटकीय क्षेत्रमा गम्भीर असर पुर्‍याउने भएकोले विपक्षी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौंले विपक्षी त्रिवेणी केबलकार प्रा.लि. को नाममा दिएको मिति २०७३।२।३० को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको स्वीकृतिको निर्णय सोसँग भए गरेका टिप्पणीहरू, पत्राचारहरू उत्प्रेषणको आदेशले बदर गरी कानूनबमोजिमको प्रक्रिया पूरा गरी स्थानीय बासिन्दा सामाजिक, सांस्कृतिक, पर्यटन, वातावरणसँग प्रत्यक्ष र परोक्ष सम्बन्धित निकाय, संघ संस्था आदिसँग आवश्यक सिफारिस लिई प्राप्त प्रतिवेदनको जाँचबुझ गरी सार्वजनिक खरिद कानूनहरूको पालना गर्ने गरी पुन: निर्णय गर्नु, गराउनु भनी विपक्षीहरूको नाममा परमादेशलगायतका जो चाहिने उपयुक्त आदेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन दाबी रहेको देखिने।

प्रस्तुत रिट निवेदनसँग सम्बन्धित विपक्षी त्रिवेणी केबुलकार प्रा.लि. को तर्फबाट दायर भएको यसै अदालतमा विचाराधीन रहेका ०७५-WO-०७७०, ०७४-WO-०१६४, ०७४-WO-०३०३, ०७५-WO-०५२४ नं. का रिट निवेदनहरूमा निवेदक त्रिवेणी केबलकार प्रा.लि. को तर्फबाट अधिकारप्राप्त गंगाबहादुर भुजेलले यस अदालतमा विचाराधीन उल्लिखित रिट निवेदनहरू फिर्ता गरिपाउँ भनी निवेदन दिई आजै यसै इजलासबाट उक्त रिट निवेदनहरू फिर्ता गरिएको अवस्था छ। विपक्षी त्रिवेणी केवलकार प्रा.लि. ले आफ्नो परियोजना नै परित्याग गरी निर्माण कार्य नगर्ने निर्णय गरी रिट निवेदनहरू फिर्ता लिइसकेको अवस्थामा यी रिट निवेदकले निवेदनमा उठाइएका विषयवस्तुभित्र प्रवेश गरी निर्णय गरिरहनु नपर्ने तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार,

काठमाडौंको मिति २०७३।२।३० को निर्णयको समेत औचित्य समाप्त भइसकेकोले प्रस्तुत रिट निवेदनको बारेमा कुनै विवेचना गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

अत: विवेचित आधार, कारण र प्रमाणसमेतबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौंबाट मिति २०७३।२।३० मा भएको निर्णयको औचित्य समाप्त भइसकेको प्रस्तुत रिट निवेदनको बारेमा कुनै विवेचना गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल चैत ५ गते रोज ३ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-CI-०११६६, लागु औषध निर्णय बदरसमेत, *गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाडौंसमेत वि. लक्ष्मण थापा*

विवादित जग्गाको साबिक मोही कृष्णप्रसाद अधिकारी र जग्गाधनी दक्षिणकाली गुठी भण्डार रहेको भन्ने कुरा मिसिल संलग्न पेस भएको फिल्डबुकको नक्कलमा जोताहाको महलमा कृष्णप्रसाद अधिकारी का.ई. सोखेल पञ्चायत ३ नं. वार्ड, किसानको बेहोरामा यो जग्गा श्री ५ को सरकार गुठी हो का.ई. सोखेल पञ्चायत ५ नं. वार्ड बस्ने कृष्णबहादुर श्रेष्ठलाई तिरी खाएको छु भन्ने र कैफियत महलमा ख.नं. ६५६ श्री दक्षिणकाली भण्डार गुठी ६०।१ सिम्ले भन्ने लेखिएको बेहोराबाट पुष्टि हुने ।

जग्गा वादीका पत्नी जयन्तीकुमारी थापाले मिति २०३२।८।२९ मा र.नं. २६३१ मा कृष्णबहादुरको छोरा देवराज श्रेष्ठबाट राजीनामाको लिखत गरी लिएको देखिन्छ । निज जयन्तीकुमारी थापाले उक्त जग्गा आफूले लिएपछि निरन्तर भोगचलन गर्दै आएकोले र कुत तिर्न बाँकी रहेकोले कुत तिरो तिरान तिरी जग्गाधनी प्रमाण पुर्जा पाउँ भनी गुठी संस्थान कालमोचनसमक्ष मिति २०५६।९।२२ मा निवेदन परेपछि साबिक मोही कृष्णप्रसाद अधिकारीको नाममा म्याद जारी गर्दा उपस्थित नभएपछि स्थलगत सरजमिन मुचुल्का हुँदा निज कृष्णप्रसाद अधिकारी मिति २०२५ सालदेखि निजको परिवारसहित नै हालसम्म अत्तोपत्तो नभई कि.नं. २९ को जग्गा २०३३ सालदेखि जयन्ती थापाले जोतभोग गरी आएको बेहोरा लेखी आएपश्चात् दर्तावाला मोहीको नाममा देवराज श्रेष्ठ र जोताहा मोहीको नाम, थर, वतन हाल जयन्तीकुमारी थापा भनी काठमाडौं गुठी तहसिल कार्यालयको असुली लगतमा उल्लेख भएको देखिने ।

जयन्तीकुमारी थापाले जग्गाधनी दक्षिणकाली भण्डार गुठी र जोताहा मोहीमा आफ्नो नाम दर्ता गरिपाउँ भनी गुठी संस्थान तहसिल कार्यालय कालमोचनसमक्ष मिति २०६२।५।२७ मा निवेदन दिएको देखिने ।

विवादको जग्गा आफूले खरिद गरेदेखि नै मोहीको हैसियतले भोगचलन गर्दै आएकोले मोही कायम गरिपाउँ भन्ने निवेदनबाट देखियो । वास्तविक मोही को हो ? भन्ने सम्बन्धमा सबुद प्रमाण बुझी मोही हक बेहकको निर्णय गर्ने अधिकार साधिकार निकाय भूमिसुधार कार्यालय नै भएको देखिँदा गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०६७।१।२९ को निर्णय कानूनसम्मत नदेखिने ।

अतः गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०६७।१।२९ को निर्णय बदर गरी मोहीयानी हक सम्बन्धमा भूमिसुधार कार्यालयबाट निर्णय गर्न पठाइदिने गरी भएको पुनरावेदन अदालत पाटनको

मिति २०६९।१०।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल फागुन ६ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CR-०१६८, लागु औषध (ब्राउन सुगर) समेत, *नेपाल सरकार वि. शिवप्रसाद यादव*

प्रत्यर्थी प्रतिवादी लम्बु बकुल्ला भन्ने शिवप्रसाद यादवको शरीरमा लगाएको कपडाको खल्तीबाट डाइजेपाम ट्याब्लेट ५० थान, ब्राउन सुगर ५ ग्राम र गाँजा ५० ग्राम बरामद भएको भन्ने मिति २०६६।८।२८ को बरामदी मुचुल्का तथा वस्तुस्थिति मुचुल्कासमेतबाट देखिन्छ । विगत २-३ सालदेखि आफूले लागु औषध सेवन गर्ने गरेको र उक्त लागु औषध आफूले सेवन गर्ने प्रयोजनका लागि वीरगन्ज तथा भारतको रक्सौलबाट खरिद गरी ल्याएको भनी निजले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा समेत स्वीकारी बयान गरेको देखिन्छ। निज प्रतिवादीले उक्त लागु औषध बिक्री वितरण गर्ने गरी साथमा लिई हिँडेको वा बेच्दै वा खरिद गर्दागर्दै बरामद भएको भन्ने देखिँदैन । बरामद भएको लागु औषधको परिमाण र प्रतिवादीले प्रहरीसमक्ष तथा सुरू अदालतमा गरेको बयानसमेतलाई दृष्टिगत गर्दा निज प्रतिवादी शिवप्रसाद यादव लागु औषध दुर्व्यसनी हुन भन्ने देखिएको छ । निजले व्यापारिक प्रयोजनका लागि लागु औषध खरिद बिक्री, ओसारपसार वा सञ्चयसम्बन्धी कसुर गरेको तथ्य प्रमाणित हुन आएको देखिँदैन । यस स्थितिमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(क) अनुसार रू.२,०००।– जरिवाना, सोही दफा १४(१)(ङ) अनुसार रू.१०,०००।- जरिवाना र सोही ऐनको दफा १४(१)(ज) अनुसार २ (दुई) महिना कैद र रू.२,०००।- जरिवाना गर्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला कानूनअनुकूल नै देखिने।

अतः प्रतिवादी लम्बु बकुल्ला भन्ने शिवप्रसाद यादवलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (क), (ङ) र (ज) बमोजिम लागु औषध सेवनतर्फको कसुर ठहर गरी सजाय गर्ने भनी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।५।१२।३ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : भिमप्रसाद भुसाल

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल कात्तिक २२ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-WO-०४५८, उत्प्रेषण / परमादेश, *रामसिंह रावल वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

विद्रोह भइरहेको समयमा निवेदकले सदाझैं सामान्य रूपमा ड्युटी गरेको तथा अन्य प्रहरी कर्मचारीले कर गरेकै भरमा सामान्य ड्युटी गरेको हो भनी मान्न मिल्ने पनि देखिँदैन। विद्रोह भइरहेको मिति २०६५।०३।२८ मा १०:००-१४:०० र १५:००-१७:०० बजेसम्म ड्युटी बसेको र विद्रोह रोक्ने वा आफू सो विद्रोहको कार्यबाट अगल हुने प्रयाससम्म गरेको पाइँदैन । विद्रोह भइरहेको समयमा निवेदक ड्युटी बसी विद्रोहलाई समर्थन गरेको देखिन आएकाले उक्त विद्रोहमा निवेदकको सहभागिता रहेको देखिने।

अनुशासन प्रहरी संगठनको मूल आधार स्तम्भ हो। अनुशासन तथा Chain of Command विना प्रहरी संगठन सुचारू एवम् प्रभावकारी रूपमा सञ्चालन हुनै सक्दैन । जनताको जिउ, ज्यान

तथा शान्ति सुरक्षाको पहरेदार प्रहरी कर्मचारीले नै संगठनभित्र उपल्लो दर्जाको अधिकारीहरूलाई बन्दी बनाउने, विद्रोह गर्नेजस्ता कार्यले प्रहरी संगठनप्रति जनताको आस्था र भरोसा रहन सक्दैन । यस प्रकारको अनुशासनहीन तथा विद्रोहमा प्रहरी कर्मचारी कुनै रूपमा सहमत तथा सहभागी बन्ने कार्य क्षमायोग्य हुन नसक्ने । उक्त विद्रोह भइरहेको अवस्थामा अन्य प्रहरी कर्मचारीहरू पनि कार्यालयमा रहे पनि विद्रोहमा सरोकार, सहभागिता तथा सहयोग नै नगरी न्युट्रलरूपमा रहेको पनि देखिन आएको छ । तर निवेदकले विद्रोहको समयमा ड्युटीमा बसी अनुशासन तथा Chain of Command विपरीतको कार्य गरेको देखिने ।

रिट निवेदक प्रहरी विद्रोहको समयमा ड्युटी बसी विद्रोहको कार्यमा मतियार बनेको पुष्टि भएको अवस्थामा ऐन, नियमको बर्खिलाप गरी अनुशासन तोडेको आरोपमा निवेदकलाई भएको कारबाही र सो कारबाही सदर भइसकेको अवस्थामा सो कारबाहीमा त्यस्तो गम्भीर त्रुटि रहे, भएको नदेखिएकोले कारबाहीसम्बन्धी निर्णयसमेतका कामकारबाही बदर हुनुपर्दछ भन्ने निवेदन दाबीसँग सहमत हुन सकिएन । निज निवेदकको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग समेत सहमत हुन नसकिने ।

अतः विवेचित आधार कारणबाट प्रहरी संगठनजस्तो अनुशासन र मर्यादामा रहनुपर्ने कर्मचारीहरूले Chain of Command विपरीत उपल्लो दर्जाको अधिकृतहरूलाई बन्दी बनाएको घटना गम्भीर रहेको देखिँदा विद्रोहको कार्यमा संलग्न निवेदकलाई प्रहरी नियमावली, २०४९ को नियम ८८(ङ) को कसुरमा ऐ.नियमावलीको नियम ८४(छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी मध्यपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी गण मुख्यालय, कर्मचारी प्रशासन शाखाबाट मिति २०६५।०५।०६ मा भएको विभागीय निर्णयलाई मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, कर्मचारी प्रशासन शाखाबाट मिति २०६७।०५।०७ मा पुनरावेदनको रोहबाट समेत सदर भइसकेको अवस्थामा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन, रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कालिबहादुर साम्यू लिम्बू
कम्प्युटर: देवीमाया खतिवडा
इति संवत् २०७६ साल असार १७ गते रोज ३ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-WO-०४५९, उत्प्रेषण / परमादेश, *कुलबहादुर चन्द ठकुरी वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०४६०, उत्प्रेषण / परमादेश, *कुलमान खड्का वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०४६१, उत्प्रेषण / परमादेश, *बलबहादुर कुमाल वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०४६२, उत्प्रेषण / परमादेश, *दिलबहादुर वि.क. वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०४६३, उत्प्रेषण / परमादेश, *चक्रपाणी अधिकारी वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०४६४, उत्प्रेषण / परमादेश, *पुर्णबहादुर चौधरी वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०४६५, उत्प्रेषण / परमादेश, *शेरबहादुर खत्री वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०४६६, उत्प्रेषण / परमादेश,

*लालवीर भण्डारी वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

- ०६७-WO-०४५९, उत्प्रेषण / परमादेश, *कुलबहादुर चन्द ठकुरी वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०४६७, उत्प्रेषण / परमादेश, *विनोद डि.सी. क्षेत्री वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०५४१, उत्प्रेषण / परमादेश, *केशरसी नेपाली वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०५४०, उत्प्रेषण / परमादेश, *वीरबहादुर सुनार वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०५३९, उत्प्रेषण / परमादेश, *कुमबहादुर बुढा वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०५२२, उत्प्रेषण / परमादेश, *कृष्णकुमार बोहरा वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०५२१, उत्प्रेषण / परमादेश, *तगतबहादुर कुँवर वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०५२०, उत्प्रेषण / परमादेश, *रामकुमार श्रेष्ठ वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०५१९, उत्प्रेषण / परमादेश, *भरतबहादुर थापा वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०५१८, उत्प्रेषण / परमादेश, *प्रदिप शाही वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०४६९, उत्प्रेषण / परमादेश, *जयराम कट्टेल वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०४६८, उत्प्रेषण / परमादेश, *देवीराम चौधरी वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*
- ०६७-WO-०६०२, उत्प्रेषण / परमादेश, *चक्रदेव भट्ट वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०७०-CI-०२७५, *लिखत बदर, भूमिराज घर्ती वि. गोरा घर्तीमगर*

प्रतिवादी आइतमला घर्तीले बागलुङ जिल्ला, बोबाङ गाउँ विकास समिति वडा नं. ५ स्थित कि.नं. २६७ समेतका ९ कित्ता जग्गा प्रतिवादी भूमिराज घर्तीलाई आफूखुसी गर्न पाउने सम्पत्ति हो भनी र.नं. ५८५ मिति २०६५।८।१८ मा राजीनामा पारित गरी हक हस्तान्तरण गरेको मिसिल संलग्न उक्त लिखितको प्रमाणित प्रतिलिपिबाट देखिन्छ । उक्त लिखतमा यी वादीलाई रोहवर साक्षी राखेको देखिँदैन । यी वादी र प्रतिवादी आइतमला घर्ती एकासगोलका अंशियार होइनन् भनी पुष्टि हुने कुनै प्रमाण प्रतिवादीले पेस गर्न सकेको देखिँदैन । त्यसैगरी उक्त सम्पत्ति पैतृक सम्पत्ति नभई आफूखुस गर्ने सम्पत्ति हो भन्ने कुरासमेत मिसिलबाट नदेखिने ।

लेनदेन व्यवहारको १० नं. तथा अंशबन्डाको १९(१) नं. मा उल्लिखित कानूनी व्यवस्थाअनुसार विवादित लिखत हुँदा कानूनबमोजिमको कार्यविधि पूरा भएको थियो भन्ने प्रमाण पुर्‍याउने दायित्व पुनरावेदक प्रतिवादीको हुने हुन्छ । लिखत प्रमाणबाट नै वादीले सो विवादित लिखत गर्दा सहमति मन्जुरी दिएको, साक्षी बसेको भन्ने नदेखिँदा उक्त लेनदेन व्यवहारको १० नं. को कानूनी व्यवस्थाअनुसारको कार्य गरी व्यवहार भएको पाइएन । उक्त सम्पत्ति घर व्यवहार चलाई बिक्री गरेको र बिक्रीबाट प्राप्त रकममा यी वादीको व्यवहारमा

पनि खर्च समावेश भएको तथ्य पुष्टि हुनुपर्नेमा सो तथ्य पुष्टि भएको मिसिल संलग्न प्रमाणबाट देखिएन । विवादित सम्पत्ति पैतृक भएको र पैतृक रूपबाट नै आएको मिसिल संलग्न प्रमाण कागजबाट पुष्टि भइरहेको देखिँदा त्यस्तो सम्पत्ति बिक्री वितरण, हक हस्तान्तरण गर्दा एकाघर सगोलका अंशियारको अनिवार्य मन्जुरी लिनु पर्ने देखिँदा वादी दाबीबमोजिम २ भागको १ भाग लिखत बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत बाग्लुङको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

तसर्थ, उल्लिखित आधार कारणहरूबाट वादी र प्रतिवादी आइतमला घर्ती एकाघर सगोलका अंशियार रहेको देखिएकोमा र.नं.५८५ मिति २०६५।८।१८ गते प्रतिवादी आइतमला घर्तीले प्रतिवादी भूमिराज घर्तीलाई गरिदिएको राजीनामाको लिखतमा यी वादी गौरा घर्तीलाई साक्षी राखेको वा मन्जुरीको लिखित गरिदिएको नदेखिनुको साथै उक्त सम्पत्ति प्रतिवादी आइतमलाको आफूखुस गर्न पाउने सम्पत्ति हो भनी प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्था हुँदा सुरू बागलुङ जिल्ला अदालतको फैसला उल्टी गरी २ भागको १ भाग लिखत बदर गरी हुने ठहऱ्याई पुनरावेदन अदालत बाग्लुङबाट मिति २०६९।१२।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल पुस ४ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-११४३, लागु औषध, *नेपाल सरकार वि. सन्तोष थनेत चौधरी*

मिति २०६९।३।२२ गते प्रतिवादी सन्तोष थनेत चौधरीको शरीर खानतलासी गर्दा निजले लगाएको आकाशे रङ्गको पाइन्टभित्र दाहिने खुट्टाको तिघ्रामा लागु औषध २।२ एम.एल.को झोलसहितको नुर्फिन ४० सिसि, डाइजोपाम ४० सिसि, बायाँ खुट्टाको तिघ्रामा फेनारगन ४२ सिसि र सुपिजेसिक २ सिसि सेतो टेपले बेरी लुकाई छिपाई राखेको र पाइन्टको अगाडिको बायाँ गोजीमा लागु औषध नाइट्रोजन २ पत्ता (२० ट्याब्लेट) र नाइट्रमेट ६ (ट्याब्लेट) समेत बरामद भएको भन्ने बरामदी मुचुल्कामा उल्लेख भएको देखिन्छ । साथै उक्त लागु औषध बरामद गर्ने व्यक्तिहरू प्र.ना.नि. भवानीप्रसाद धमला, प्र.स.नि. यमलाल बन्जाडे, प्र.ह.दिपक के.सी. र प्र.ज. विनोद शाहले सोहीबमोजिम निज प्र.सन्तोष थनेत चौधरीबाट लागु औषध बरामद भएको हो भनी प्रतिवेदनसमेत दिएको देखिन्छ । यसबाट यी प्रतिवादीले उक्त लागु औषध कसैलाई बिक्री गर्न लागेको अवस्थामा बरामद भएको र पक्राउ परेको भन्ने देखिँदैन । प्रतिवादीबाट बरामद भएको थरी थरीका लागु औषधको परिमाण हेर्दा बिक्री वितरण गर्नकै लागि लिई खरिद गरी ल्याएको भन्ने देखिँदैन । साथै प्रतिवादी सन्तोष थनेत चौधरीले ३/४ वर्षदेखि दिनमा २ पटक लागु औषध सेवन गर्दै आएको र आफूबाट बरामद भएको लागु औषध १५ दिनको लागि मात्र पुग्छ भनी आफूले लागु औषध सेवन गर्ने कुरामा स्वीकार गरेकोबाट पनि निजबाट बरामद भएको लागु औषध सेवन गर्ने प्रयोजनकै लागि खरिद गरी ल्याएको भन्ने देखिने ।

प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने कानूनी व्यवस्था छ । प्रतिवादी सन्तोष थनेत चौधरीको साथबाट बरामद भएको लागु औषध, लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) (ङ) र (च) बमोजिम बिक्री वितरण गर्नको लागि खरिद गरी ल्याएको भन्ने दाबी भए तापनि सोबमोजिम बिक्री वितरण गर्न लिई हिँडेको भन्ने पुष्टि हुने प्रमाण पुऱ्याउन सकेको देखिँदैन । प्रतिवादी सन्तोष थनेत चौधरीको साथबाट बरामद भएको लागु औषधको प्रकृति, परिमाण र निजको बयानसमेतलाई हेर्दा

निजले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) बमोजिम लागु औषध सेवनसम्मको कसुर गरेको देखिने।

यसप्रकार प्रतिवादी सन्तोष थनेत चौधरीको साथबाट बरामद भएको लागु औषधको परिमाण र यी प्रतिवादीले आफूले ३/४ वर्षदेखि लागु औषध सेवन गर्दै आएको, दिनमा २ पटक लागु औषध सेवन गर्ने गरेको र बरामद भएको लागु औषध १५ दिनको लागि पुग्न भनी गरेको बयानसमेतबाट निज प्रतिवादीलाई सुरू अदालतबाट लागु औषध बिक्री वितरणको कसुर ठहर गरेको फैसला केही उल्टी गरी लागु औषध सेवनतर्फको कसुर ठहर्‍याई भएको फैसला अन्यथा नदेखिने।

तसर्थ, पुनरावेदन अदालत बुटवलबाट सुरू रूपन्देही जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी सन्तोष थनेत चौधरीलाई लागु औषध (नियन्त्रण) ऐन,२०३३ को दफा ४(छ) बमोजिमको कसुर गरेको ठहर्‍याई ऐ.दफा १४(१) (ज) बमोजिम २ महिना कैद र रू.२,०००।– (दुई हजार) जरिवाना हुने ठहर्‍याएको मिति २०७०।१०।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

फैसला लेखनमा सहयोग गर्नेः इजलास अधिकृत भोजराज रेग्मी

कम्प्युटर: कान्छा धौवन्जार

इति संवत् २०७४ साल कात्तिक २० गते रोज २ शुभम्।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६९-CI-०३००, सिफारिस निर्णय बदर, *नागेश्वर यादव वि. रूपालाल साह सेडीसमेत*

प्रतिवादी रूपलाल साहले जग्गा धनीपुर्जा बनाई दिने सम्बन्धमा गुठी संस्थान मटिहानी गुठी तहसिल तथा खर्च कार्यालयमा निवेदन दिएकोमा मिति २०४९।०४।०६ मा निवेदन मागबमोजिम नै सिफारिस भएको देखिन्छ । उक्त सिफारिस पत्रको बेहोरा हेर्दा, धनुषा जिल्ला, सपही गा.वि.स. वडा नं.९ बस्ने बिलटु साह सुडी नाउँको कि.नं.१५५ को जग्गा मालपोत कार्यालय, धनुषाको र.नं.५६३५, मिति २०२७।०३।११ मा राजीनामा पारित गराई लिएको र सोको दा.खा. गरी जग्गाधनी प्रमाण पुर्जाको सिफारिस गरिपाउँ भनी रूपलाल साहले निवेदन दिएकोले नियमानुसार बिलटु साह सुडीको नाउँबाट लगत कट्टा गरी खरिद गर्ने रूपलाल साह सुडीको नाउँमा लगत कायम गरिदिनु भन्ने बेहोरा उल्लेख भएको पाइन्छ । यसै सिफारिसबमोजिम मालपोत कार्यालय, धनुषाबाट मिति २०४९।४।२२ मा रूपलाल साह सुडीको नाउँमा दाबीको कि.नं.१५५ दर्ता हुने निर्णय भएको पाइन्छ । प्रतिवादीले मिति २०४९।०४।२२ मा आफ्नो नाउँमा दर्ता स्रेस्ता कायम हुन आएको कि.नं.१५५ को जग्गा कित्ताकाट भई कि.नं.९९७ को ०-३-१६१।२ जग्गा विनोदकुमार यादवलाई राजीनामा पारित गरी बिक्री गरेको देखिन्छ । सोही कि.नं.१५५ को कि.नं.९९८ को ०-३-१६१।२ जग्गा रूपलाल साह सुडीले जनकदुलारी देवीलाई बिक्री गरेको देखिने।

प्रतिवादी रूपलाल साह सुडीले दाबीको कि.नं.१५५ कित्ताकाट गरी कि.नं.९९७ को जग्गा विनोदकुमार यादव र कि.नं.९९८ को जग्गा जनकदुलारीलाई राजीनामा गरी बिक्री गरेकोमा निजहरूउपर रामअवतार यादवसमेतले जग्गा किचोला मुद्दा धनुषा जिल्ला अदालतमा दायर गरेकोमा निजहरूले जग्गा खिचोला गरेको ठहर भई फैसला भएको तथ्य प्रमाणको रूपमा पेस गरेको फैसलाको प्रमाणित प्रतिलिपिबाट देखिन आएको छ । मिति २०४९।४।२२ मा मालपोत कार्यालय धनुषाबाट भएको निर्णय बदर गरिपाउँ भनी वादीले मिति २०६३।३।६ मा १४ वर्षपछि फिराद गरेको देखिन आयो । यतिका लामो समयसम्म वादीले

दाबीको जग्गामा आफ्नो हक कायम तथा दर्ता गराउन कुनै प्रयाससम्म गरेको पाइँदैन । अर्कातर्फ प्रतिवादी रूपलाल साहले साधिकार निकायबाट दाबीको जग्गा आफ्नो नाउँमा दर्ता गराई बिक्री गरेको र बिक्री गरेको सो जग्गामा खिचोला मुद्दा परी खिचोलासमेत ठहर भएको देखिएको अवस्था छ। उक्त तथ्यहरूबाट दाबीको जग्गामा प्रतिवादीहरूको लामो समयसम्म हकभोग रहेको देखिन्छ भने वादीको कुनै भोग तथा हक कायम गराउन लामो समयसम्म कुनै प्रयाससम्म देखिन आएन । तसर्थ, वादीको जग्गादाताकै दाबीको जग्गामा हक स्वामित्व रहेको तथ्य पुष्टि हुने कुनै प्रमाण नदेखिनुको साथै वादीको समेत उक्त जग्गामा कुनै भोग नरहेको अवस्थामा पुनरावेदन अदालत जनकपुरको फैसला अन्यथा भन्न मिलेन। वादीको पुनरावेदन जिकिर तथा निजको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रमाणको अभावमा वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू धनुषा जिल्ला अदालतको फैसला सदर हुने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६७।०७।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालीबहादुर साम्यू लिम्बू

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७५ साल चैत १३ गते रोज ४ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६९-CR-०२१७, जालसाजी, *नागेश्वर यादव वि. रूपालाल साह सेडीसमेत*
- ०६९-CR-०२१८, जालसाजी, *नागेश्वर यादव वि. रूपालाल साह सेडीसमेत*
- ०६९-CR-०३०१, लिखत दर्ता बदर, *नागेश्वर यादव वि. रूपालाल साह सेडीसमेत*

## इजलास नं. ९

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CR-०१९१, हातहतियार खरखजाना, *नेपाल सरकार वि. ज्ञानबहादुर श्रेष्ठ*

प्रतिवादीहरूउपर जाहेरवालाको किटानी जाहेरी परेको देखियो । ज्ञानबहादुर श्रेष्ठ र जितेन्द्र महराको शरीर तलासी गर्दा ज्ञानबहादुर श्रेष्ठको साथबाट माडवारी २ थान र जितेन्द्र महराको साथबाट कटुवा बन्दुक पेस्तोल फेला परेको भन्ने बरामदी मुचुल्का रहेको पाइयो। बरामद भएको सुनको माडवारी थान-२ देखाउँदा हेरी चिनेको, सुनको माडवारी चोर्ने चिनेका मानिस ज्ञानबहादुर श्रेष्ठ, जितेन्द्र महरा र गंगाराम महरा हुन् भनी इन्द्रकुमारी श्रेष्ठले सनाखत गरिदिएको पाइने।

प्रतिवादी जितेन्द्र महराले अदालतमा बयान गर्दा जाहेरवालाको आमाको माडवारी चोरी भएको रात मिति २०६६।४।१७ गते आफ्नै घरमा थिएँ । मलाई देखाइएको माडवारी र पेस्तोल मेरो साथबाट बरामद भएको होइन भनी अदालतमा इन्कारी बयान गरे पनि अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा प्रतिवादीमध्येका जितेन्द्र महराले हामी ३ जना भई जबरजस्ती मारवाडी चोरी गरेको हो। वारदातमा प्रयोग गरेको कटुवा पेस्तोल-१ सोको १ राउन्ड गोली तथा सुनको माडवारी १ जोर बरामद भएको र उक्त वारदात मलगायत गंगाराम महरा र ज्ञानबहादुर श्रेष्ठसमेत ३ जना भई घटाएको हो । मैले उक्त वारदातमा प्रयोग गरेको कटुवा पेस्तोल र सोको गोली भारतबाट भा.रू.१५००।- मा किनेको थिए। उक्त पेस्तोल मैले आफ्नो स्वार्थ सिद्ध गर्नका लागि खरिद गरेको थिएँ। मसँग हातहतियार राख्ने, लिएर हिँड्ने कुनै लाइसेन्स

छैन। बरामद भएको पेस्तोल देखाउँदा देखेँ चिनेँ, उक्त पेस्तोल र गोली मैले नै किनेर ल्याएको हो भनी गरेको बयानसमेतबाट उक्त हातहतियार खरखजाना ल्याउने राख्ने कार्यमा प्रतिवादीहरूमध्येका जितेन्द्र महराको नै मुख्य भूमिका रहे भएको भई निजले हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) अनुसारको कसुर गरेको देखिन आउने।

प्रतिवादीमध्येका ज्ञानबहादुर श्रेष्ठले अदालतमा बयान गर्दा जाहेरवालाको आमाको माडवारी चोरी भएको रात मिति २०६६।४।१७ गते आफ्नै घरमा थिएँ। मलाई देखाइएको माडवारी मेरो साथबाट बरामद भएको होइन भनी अदालतमा इन्कारी बयान गरे पनि अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा जितेन्द्र महरा, गंगाराम महरा र मसमेत भई जाहेरवालाको आमाको सुनको माडवारी जबरजस्ती चोरी गरेको हो। चोरी गर्न जाँदा गंगाराम महरा र मसँग कुनै हातहतियार थिएन। जितेन्द्र महरासँग कटुवा पेस्तोल थियो। चोरी गर्दा प्रयोग गरेको कटुवा पेस्तोल थान-१ र ऐ. को १ राउण्ड गोलीसमेत जितेन्द्र महराको साथबाट प्रहरीले बरामद गरेको हो। बरामद भएको सुनको माडवारी, कटुवा पेस्तोल र गोली देखाउँदा देखेँ, उक्त सुनको माडवारी जाहेरवालाको आमाको हो र पेस्तोल र सोको गोली जितेन्द्र महराको हो भनी बयान गरेको पाइएबाट प्रतिवादी ज्ञानबहादुर श्रेष्ठ र गंगाराम महरालाई समेत अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर मनासिब नदेखिने।

अत: विवेचित आधार प्रमाणहरूबाट फरार प्रतिवादी गंगाराम महरासमेतका सबै प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने गरी भएको पुनरावेदन अदालत राजविराजको मिति २०६७।१०।२६ को फैसला केही उल्टी भई प्रतिवादीमध्येका जितेन्द्र महरालाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२), ५(१) बमोजिमको कसुरमा ऐ. दफा २०(२) बमोजिम रू. ६०,०००।- (साठी हजार रूपैयाँ) जरिवाना हुने ठहर्छ। निज जितेन्द्र महराबाहेक अन्य प्रतिवादी ज्ञानबहादुर श्रेष्ठ र गंगाराम महरालाई सफाइ दिने ठहर गरेको हदसम्म पुनरावेदन अदालत राजविराजको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७५ साल चैत ४ गते रोज २ शुभम्।

- यसै लगाउको ०६८-CR-०१९१, जबरजस्ती चोरी, *नेपाल सरकार वि. जितेन्द्र महरासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** ०७०-WO-०९०८, उत्प्रेषण / परमादेश, *सन्तबहादुर गुरूङ वि. रूपन्देही जिल्ला बुटवल नगरपालिका वडा नं.८ मा रहेको तिनाउ विकास बैंक लिमिटेडसमेत*

ऋण प्रवाह गर्नुअघि जग्गाको Valuation भएको छ। लिलामीसम्बन्धी कागजको नक्कल निवेदक सन्तबहादुर गुरूङले २०६९।०४।२३ को निवेदनअनुसार २०६९।०४।२४ मा बुझी लिएको देखिएको अवस्थामा ऋणी स्वयम् पनि सचेष्ट भई बैंकको ऋण समयमा तिरी आफ्नो जग्गा फुकुवा गर्न सक्नु पर्थ्यो। बैंकले जग्गा लिलाम गरेको विषयमा लिलाम बदरको विषय जिल्ला अदालतमा दाबी लाग्नेमा निवेदक सम्बन्धित जिल्ला अदालतमा नगई लिलाम भएको लगभग ४ वर्षपछि रिट निवेदन लिई वैकल्पिक उपचारको बाटो हुँदाहुँदै यस अदालतमा आएको देखिने।

असाधारण अधिकार क्षेत्रको परिधिबारे लामो समयदेखि यो अदालतले अवलम्बन गरेको मार्गलाई प्रस्तुत मुद्दामा अन्यथा मान्नु पर्ने अवस्था छैन। त्यसको अलावा अनुचित विलम्बका सम्बन्धमा सोको औचित्य पुष्टि गर्न नसकी आफ्नो अधिकारप्रति

लापरवाह रहेको रिट निवेदकलाई अदालतले सहयोग गर्न नसक्ने अवस्थासमेत प्रस्तुत विवादमा विद्यमान रहेको देखियो । बैंक कर्जासम्बन्धी प्रश्नमा विलम्बको आधारमा रिट खारेज भएको ने.का.प. २०५१ नि. नं. ४८६९ पृष्ठ १२० मा यसै अदालतले "२०४६।९।५ मा आफ्नो सम्पत्ति रोक्का गरी लिलाम हुने थाहा जानकारी पाएको निवेदकले २०४९।१।९ मा मात्र आएर रिट दर्ता गरेको देखिएकोले विलम्बको सिद्धान्तको आधारमा प्रस्तुत रिट निवेदन खारेज हुने" व्याख्या भएको छ । यस रिट निवेदनका निवेदकले कर्जा लिएखाएको र सोबापत धितोमा राखेको अचल सम्पत्ति कर्जा चुक्ता भुक्तान नभएपछि बैंकले कुनै पनि समयमा लिलाम गर्छ भन्ने कुरा निजलाई बैंकले लेखेको पत्रहरू, सार्वजनिक सूचनाबाट जानकारी भइराखेको अवस्थामा २०६५।१०।१० मा लिलाम भई दा.खा. भइसकेको विषयमा २०७१।०३।११ मा रिट निवेदन दर्ता भएकोले समेत रिट निवेदन औचित्यहीन देखिन्छ। यसरी अनुचित विलम्ब गरी बैंकको ऋण कर्जा तिर्ने आफ्नो दायित्व पूरा नगरी निवेदक यस अदालतमा आएको देखिनुको अलावा अन्य मार्गबाट पनि उपचार खोजी असफल भएकोबारे अदालतलाई गुमराहमा पारी सफाहात नलिई अदालत प्रवेश गरेकोसमेत पुष्टि भएको देखिँदा रिट निवेदन जारी गरिपाउँ भन्ने रिट निवेदकको दाबी र निवेदकका कानून व्यवसायीहरूको बहससँग सहमत हुन नसकिने।

अतः उल्लिखित आधार कारणसमेतबाट निवेदकको निवेदन मागबमोजिम रिट जारी गर्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७६ साल असार २ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** ०७५-WH-०२०९, बन्दीप्रत्यक्षीकरण, *सन्ध्यादेवी पुनको हकमा उमेशकुमार वि.क. वि. गृह मन्त्रालयसमेत*

कुनै व्यक्तिलाई पक्राउ गर्न र थुनामा राख्न पर्याप्त आधार र कारण हुनुपर्छ । बन्दी सन्ध्यादेवी पुनलाई शङ्कास्पद अवस्थामा हिँडिरहेकोले पक्राउ गर्न खोज्दा प्रहरी कर्मचारीलाई अभद्र व्यवहार गरेको भन्नेसम्मको कारण देखाई बन्दी बनाएको देखियो । के कस्तो प्रकारको अभद्र व्यवहार गरेको हो भन्ने सम्बन्धमा कुनै तथ्य, आधार र कारण खुलाइएको देखिँदैन । गस्तीमा रहेको "१० जना जती" प्रहरी कर्मचारीउपर एउटी युवतीले बिनाकारण अभद्र व्यवहार गरेको भनी उल्लेख गरिएको तथ्य विश्वसनीय मान्न सकिँदैन । विपक्षीहरूले उल्लेख गरेको घटनाक्रम आफैँमा प्रतितलायक छैन । "अभद्र व्यवहार गरेको" भन्नु मात्रै पर्याप्त पनि हुँदैन । बोली, बचन, इसारा वा व्यवहारबाट कसरी, कस्तो प्रकारबाट अभद्र व्यवहार गरियो भन्ने कुराको वस्तुगत आधार खुलाइएको देखिँदैन । विपक्षीले पेस गरेको लिखित जवाफमा उल्लेख गरेको बेहोराबाट जरूरी पक्राउ पुर्जी दिई थुनामा राख्नुपर्नेसम्मको पर्याप्त र मनासिब कारण विद्यमान रहेको मान्न मिल्ने देखिँदैन । निवेदिकाबाट मोबाइल फोन बरामद भएको भनिएको छ । मोबाइल साथमा रहनु स्वयम्मा कसुर पनि हुँदैन । यो आममानिसको सामान्य दैनन्दिनी व्यवहारभित्र पर्ने।

यस प्रकारका अतार्किक कुराहरूको आडमा कसैको पनि वैयक्तिक स्वतन्त्रतामा हस्तक्षेप गर्नु अनुचित कार्य मानिन्छ । समग्र परिस्थितितर्फ विचार गर्दा निवेदिकालाई प्रवृत्त भावना राखेर बन्दी बनाएको देखियो । यस अवस्थामा थुनामा राख्ने कुराको न्यायोचित मूल्याङ्कन नगरी तथा उचित कारण नखुलाई अनुसन्धानका लागि भनी मुद्दा हेर्ने अधिकारीले म्याद थप गरेको भन्ने आधारमा मात्र थुनाको कानूनी वैधता पुष्टि हुन सक्दैन । तसर्थ निवेदिका सन्ध्यादेवी पुनलाई कानूनअनुकूल थुनामा राखेको मान्न मिल्ने अवस्था नदेखिएकोले निजलाई

थुनामुक्त गरीदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । संक्षिप्त आदेशअनुसार बन्दी सन्ध्यादेवी पुनलाई यस अदालतका मुख्य रजिस्ट्रारको रोहवरमा थुनामुक्त गरिसकेको देखिँदा अब यसमा थप केही गरिरहन नपर्ने।

यस अदालतबाट बन्दीलाई आज सुनुवाइको दिन दिउँसो १० बजे यस अदालतमा उपस्थित गराउनु भनी आदेश भएको देखिन्छ । तर, अदालतबाट तोकिएको समयमा बन्दी र मिसिल पेस गर्न नल्याई आलटाल गरेको देखियो । मध्यान्नको अवस्थासम्म पनि बन्दीलाई अदालतमा उपस्थित गराएको पाइएन । यसबाट न्याय सम्पादन प्रक्रियामा समेत असर पर्न गएको छ। यस प्रकारको प्रवृत्ति मान्य र स्वीकार्य हुँदैन । तसर्थ यस पटकलाई महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंका कार्यालय प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक उत्तमराज सुवेदीको ध्यानाकर्षण गराउनू। पुन: यस प्रकारको प्रवृत्ति देखिएमा सम्बन्धित प्रहरी कार्यालयका प्रमुखउपर न्याय सम्पादन कार्यमा सहयोग नगरेको भनी कानूनी कारबाही गर्नुपर्ने स्थिति आउने हुँदा सोतर्फ आवश्यक ध्यानाकर्षण हुन प्रहरी प्रधान कार्यालयसमेतलाई लेखी पठाउने।

इजलास अधिकृत : अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७६ साल असार २ गते रोज २ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-CR-०११३, ००१६, ००१७, लागु औषध ब्राउनसुगर, *नेपाल सरकार वि. गोविन्द अधिकारी, गोविन्द अधिकारी वि. नेपाल सरकार, बिन्दा अधिकारी वि. नेपाल सरकार*

प्रतिवादी गोविन्द अधिकारीले बरामदी मुचुल्कामा उल्लिखित ८१ ग्रामको परिमाण बरामद भएको होइन भनी उल्लेख गरे तापनि आफ्नो जिकिरलाई पुष्टि गर्ने कुनै विश्वसनीय प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन । साथै निजलाई झुट्टा आरोपमा फसाउनु पर्नेसम्मको कुनै कारण वा परिस्थिति मिसिल संलग्न तथ्य एवम् प्रमाणबाट देखिँदैन । प्रतिवादीले अदालतबाट तोकिएको समयमा आफ्नो साक्षीसमेत उपस्थित गराउन नसकेको, ८१ ग्राम ब्राउन सुगर बरामद भएको, बरामदी मुचुल्कालाई पुष्टि हुने गरी प्र.ना.नि. विद्याधर त्रिपाठीले बकपत्र गरिदिएको तथा प्रतिवादी मौकामा अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा साबित रहेकोसमेतका आधार कारणबाट प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि हुन आएकोले अदालतको इन्कारी बयानको आधारमा मात्र निजले सफाइ पाउन सक्ने अवस्था नहुँदा निजको हकमा पुनरावेदन अदालत पोखराबाट भएको मिति २०७१।१२।९ को फैसला मिलेको देखिँदा सदर हुने।

प्रतिवादी विन्दा अधिकारी अर्का प्रतिवादी गोविन्द अधिकारीको श्रीमती रहेको अवस्था छ । निजको साथबाट उक्त लागु औषध बरामद भएको अवस्थासमेत छैन । निज सेवनकर्ता भएकोसमेत देखिएको छैन । जहाँसम्म निज प्रतिवादी विन्दा अधिकारीको साथबाट नगद रू. १०,०००।– बरामद भएको र सो बरामद भएको रकम प्रतिवादीहरूले लागु औषध कारोबारबाट प्राप्त गरेको रकम हो भनी नेपाल सरकारको अभियोग दाबी रहेको भए पनि सो बरामद रकम रू.१०,०००।– लागु औषध कारोबारको सिलसिलामा बरामद भएको हुन सक्ने वस्तुस्थिति र आधार पेस हुन सकेको पाइँदैन । एउटा गृहिणी महिलाको साथबाट जम्मा रू. १०,०००।– बरामद भएको सम्बन्धमा निज प्रतिवादी विन्दा अधिकारीले घर व्यवहार सञ्चालनको सिलसिलामा आफूसँग रहेको हो भनी लिएको जिकिरलाई वादी नेपाल सरकारले अन्यथा प्रमाणित हुने गरी कुनै वस्तुनिष्ठ प्रमाणद्वारा खण्डन गर्न सकेको देखिँदैन । तसर्थ सो बरामद

भएको रकम रू.१०,०००।– निज प्रतिवादी विन्दा अधिकारीको सम्पत्ति हुन सक्ने कुरामा आशङ्का गर्नुपर्ने कुनै आधार कारण नहुँदा निजलाई लागु औषध ब्राउन सुगर अपराधको मुख्य कसुरदार (Principal Offender) को रूपमा लिन मिल्ने नदेखिएकोले निज प्रतिवादी विन्दा अधिकारीलाई सुरू अदालतले मुख्य कसुरदार कायम गरी १० वर्ष कैद र ७५,०००।– जरिवाना सजाय हुने ठहर गरी भएको फैसलालाई सदर ठहर गर्ने गरी पुनरावेदन अदालत पोखराबाट भएको फैसलालाई मिलेको नदेखिने।

आफ्नो पति गोविन्द अधिकारीबाट बरामद भएको लागु औषध निज विन्दा अधिकारीसमेतले प्रयोग गर्ने गरेको ट्वाइलेटमा लुकाई राखेको अवस्थामा बरामद र उक्त कसुरमा सम्बन्धमा कोही कसैलाई नभनी गुपचुप गरी लागु औषध ब्राउन सुगर सञ्चय, खरिद बिक्री ओसारपसारमा प्रतिवादी गोविन्द अधिकारीलाई सहयोग गरेको देखिन आयो । निज प्रतिवादी विन्दा अधिकारी उक्त लागु औषध ब्राउन सुगर खरिद बिक्री, औसारपसार, सञ्चय तथा सेवनसम्बन्धी अपराधको मतियार रहेको पुष्टि भएकोले निज प्रतिवादी विन्दा अधिकारीलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १७ बमोजिम ५ (पाँच) कर्ष कैद र रू. ३७,५००।– (सैंतिस हजार पाँच सय) जरिवाना हुने।

प्रतिवादी गोविन्द अधिकारीले मिति २०६९।१।२६ मा बैंकमा उक्त खाता खोली सो रकम जम्मा गरेको भन्ने देखिन्छ । अर्कोतर्फ प्रतिवादीले मिति २०६९।१।२५ गते लागु औषध खरिद गरी ल्याएको भन्ने अवस्था मिसिलबाट देखिन्छ। यसरी त्यति छोटो समयमा लागु औषध बिक्री गरी बैंक खातामा जम्मा गरको होला भनी अनुमान गर्न सक्ने अवस्थासमेत देखिँदैन । निज गोविन्द अधिकारीले खरिद गरी ल्याएको १०० ग्राम ब्राउन सुगरमध्ये प्रतिग्राम रू.३५००।– ले जम्मा १७ ग्राम बिक्री गरेको भन्ने आरोपतर्फ विचार गर्दासमेत त्यति परिमाणको बिक्रीबाट उक्त बैंक खातामा रहेको रकम बराबर हुन आउने देखिएन। अतः प्रतिवादी गोविन्द अधिकारीको उक्त बैंक खाताको रकम जफत नहुने ठहर गरी भएको पुनरावेदन अदालतको फैसला मिलेको देखिँदा सो हदसम्म सदर हुने।

इजलास अधिकृत: मनकुमारी जि.एम. वि.क
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७४ साल चैत १९ गते रोज २ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७५-WO-००७६, उत्प्रेषण, *यामबहादुर लिम्बू वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*

बढुवा हुनको लागि तोकिएका आवश्यक सर्तहरू बढुवाको लागि सम्भावित उम्मेदवारहरूमा हुन जरूरी हुन्छ। ऐनले बढुवाको लागि सम्भावित उम्मेदवार हुन तोकेको योग्यतासँग सान्दर्भिक योग्यता भएमा मात्र त्यस्तो उम्मेदवार बढुवा प्रक्रियामा सामेल हुन सक्ने हुन्छ । त्यस्तैगरी तालिमबाट प्राप्त गरेका प्रमाणपत्र र शैक्षिक प्रमाणपत्र पनि फरकफरक विषय हुन् । अझ प्राविधिक पदहरूको लागि निश्चित शैक्षिक योग्यता हासिल गरी तत्पश्चात् लिइने प्राविधिक अध्ययन जुन पदको लागि आकर्षित हुने हो सोही पदको लागि मात्र मान्य हुन्छ । त्यस्तो प्राविधिक अध्ययनलाई अध्ययनअनुसारको प्राविधिक पदमा निजामती सेवा प्रवेशको लागि न्यूनतम योग्यता मानिए तापनि त्यस्ता प्राविधिक शैक्षिक योग्यतालाई बढुवाको लागि निजामती सेवा ऐन र निजामती सेवा नियमावलीले परिकल्पना गरेको न्यूनतम शैक्षिक योग्यता मान्न सकिँदैन । रिट निवेदकले बढुवाको लागि आवश्यक पर्ने न्यूनतम योग्यता कन्भर्सन कोर्ष (Conversion Course) पूरा गरी प्राविधिक प्रमाणपत्र तहको शैक्षिक प्रमाणपत्र (Academic Transcript) प्राप्त गरेको छु भनी निवेदनमा उल्लेख गर्न नसक्नुका साथै सोबमोजिमको

प्रमाणपत्र रिट निवेदनसाथ पेस गरेको पनि नदेखिने।

रिट निवेदकले बढुवाको लागि पेस गरेको शैक्षिक प्रमाणपत्र प्रविणता प्रमाणपत्र वा सोसरहको नभएको भन्ने कुरा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को च.नं. १२९३ मिति २०७५।०७।०९ र च.नं. ८६६ मिति २०७३।०७।०२ को पत्रसमेतबाट स्पष्ट भएको देखिन्छ । तालिमबाट प्राप्त भएका प्रमाणपत्रहरू शैक्षिक प्रमाणपत्र हुन नसक्ने भनी रिट निवेदक डोमी चौधरी विपक्षी लोक सेवा आयोग, केन्द्रीय कार्यालयसमेत भएको २०७२-WO-०३४२ को उत्प्रेषणसमेतको रिट निवेदनमा यस अदालतबाट मिति २०७४।७।७ को फैसलामा उल्लेख भइसकेको अवस्था छ । Conversion Course पूरा गरी Academic Transcript प्राप्त गरको अवस्थामा मात्र त्यसले प्रविणता प्रमाणपत्र वा सोसरहको मान्यता पाउन सक्ने देखिएकोमा रिट निवेदकले Conversion Course पूरा गरी Academic Transcript प्राप्त गरेको अवस्थासमेत देखिँदैन। Conversion Course पूरा गरी Academic Transcript प्राप्त नगरेको अवस्थामा निजामती सेवा ऐन, २०४९ को दफा २१, २४घ१क.(१)ग. तथा निजामती सेवा नियमावली, २०५० को नियम ७६(१) बमोजिम योग्यता पुगेको मान्न मिल्ने देखिएन। उल्लिखित आधार र कारणबाट यी रिट निवेदकलाई बढुवाको सूचीबाट हटाउने गरी बढुवा समितिबाट मिति २०७५।१।१९ मा भएको निर्णय र सो बढुवा निर्णयलाई सदर गर्ने गरी लोक सेवा आयोगबाट मिति २०७५।४।१० मा भएको निर्णयलाई अन्यथा मान्न मिल्ने नदेखिँदा रिट आदेश जारी हुनुपर्छ भनी रिट निवेदकका तर्फबाट उपस्थित भई बहस गर्नु हुने विद्वान् कानून व्यवसायी र विपक्षीमध्येका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सानोठिमी भक्तपुरको तर्फबाट उपस्थित भई बहस गर्नु हुने विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ उल्लिखित आधार, कारण र कानूनी व्यवस्थासमेतलाई हेर्दा बढुवा समितिले यी रिट निवेदकलाई ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट हुने बढुवामा सम्भाव्य उम्मेदवार हुनको लागि निजामती सेवा ऐनले तोकेबमोजिमको न्यूनतम शैक्षिक योग्यता नपुगेको भनी बढुवा सूचीबाट अलग गर्ने गरी गरेको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरले मिति २०७५।०४।१० मा गरेको निर्णय कानून प्रतिकूलको नदेखिई मिलेको नै देखिँदा प्रस्तुत रिट निवेदनसमेत खारेज हुने।

इजलास अधिकृत: महेन्द्रबहादुर कार्की
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७५ साल चैत ११ गते रोज २ शुभम्।

यसै समान प्रकृतिको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७५-WO-००७७, उत्प्रेषण, *सानुमाया श्रेष्ठ वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-००७८, उत्प्रेषण, *दोमलाल भुषाल वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-००७९, उत्प्रेषण, *बद्रीनाथ पौडेल वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-००८०, उत्प्रेषण, *नवराज आचार्य वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-००९०, उत्प्रेषण, *हिमालय पोखरेलसमेत वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-००९१, उत्प्रेषण / परमादेश, *सीताराम वलीसमेत वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*

- ०७५-WO-००९५, उत्प्रेषण, *तीर्थबहादुर खड्का वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-००९६, उत्प्रेषण, *मीनबहादुर के.सी. वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-००९७, उत्प्रेषण, *गणेश खत्री वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०१५४, उत्प्रेषण, *शत्रुहन यादव वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०१५३, उत्प्रेषण, *हेमबहादुर आले मगर वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०१५५, उत्प्रेषण, *महेश यादव वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०१७८, उत्प्रेषण, *रत्नबहादुर डाँगी वि. भूमि व्यवस्था तथा सहकारी मन्त्रालय सिंहदरबारसमेत*
- ०७५-WO-०१७९, उत्प्रेषण, *दुर्गा सिग्देल वि. भूमि व्यवस्था तथा सहकारी मन्त्रालय सिंहदरबारसमेत*
- ०७५-WO-०१८०, उत्प्रेषण, *विशेश्वरप्रसाद चौधरीसमेत वि. हरिनारायण प्रसाद थारूसमेत*
- ०७५-WO-०१८५, उत्प्रेषण, *भवानीकुमारी खतिवडा वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०१८६, उत्प्रेषण, *नवराज आचार्य वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०१८७, उत्प्रेषण, *बद्रीनाथ पौडेल वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०१८८, उत्प्रेषण, *सानुमाया श्रेष्ठ वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०१८९, उत्प्रेषण, *शत्रुहन यादव वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०१९०, उत्प्रेषण, *महेश यादव वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०१९१, उत्प्रेषण, *दोमलाल भुषाल वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०१९३, उत्प्रेषण, *यामबहादुर लिम्बू वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०१९४, उत्प्रेषण, *तीर्थबहादुर खड्का वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०१९५, उत्प्रेषण, *गणेश खत्री वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०१९६, उत्प्रेषण, *मीनबहादुर के.सी. वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०२३२, उत्प्रेषण, *अमृतलाल प्रसाद कर्ण वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०३१८, उत्प्रेषण, *सूर्यनारायण साह वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०३१९, उत्प्रेषण, *सूर्यनारायण साह वि. कृषि तथा पशुपन्छी विकास*

*मन्त्रालय, सिंहदरबारसमेत*

- ०७५-WO-०३२०, उत्प्रेषण, *सुब्बालाल मण्डल वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०८७०, उत्प्रेषण, *शंकर सिंहसमेत वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०८७७, उत्प्रेषण, *हरिलाल कँडेल वि. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०९४०, उत्प्रेषण, *दयाराम हरिजन वि. कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०९५९, उत्प्रेषण, *सोमराज स्डाई वि. कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०९६०, उत्प्रेषण, *विष्णुप्रसाद ओझासमेत वि. कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सिंहदरबारसमेत*
- ०७५-WO-०९६५, उत्प्रेषण, *इन्द्रनारायण साहसमेत वि. कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सिंहदरबारसमेत*

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** ०७६-WH-००४९, बन्दीप्रत्यक्षीकरण, *सुवर्ण थापा वि. महानगरिया प्रहरी परिसर टेकु, काठमाडौंसमेत*

प्रस्तुत रिट निवेदनमा निवेदक र उच्च अदालत पाटनमा दायर भई विचाराधीन बैंकिङ कसुरसम्बन्धी मुद्दाका जाहेरवालासमेतको बिचमा करारीय प्रकृतिको विवाद रहेको भन्ने निवेदन जिकिर देखिन्छ । निवेदकसमेत पदाधिकारी रहेको सुपरमैत्री यातायात व्यवसायी संघको तर्फबाट निवेदक कृष्णकान्त बास्तोला र नमस्ते प्यूठान यातायात प्रा.लि.का पदाधिकारी लिलाप सिंह के.सी. का बिचमा मिति २०७३।०३।१३ मा भएको करार सम्झौता र उक्त सम्झौता रद्द गर्ने तथा २५ दिनभित्र निवेदकसमेतका सहीछाप भएका चेकहरू फिर्ता गर्ने विषयमा निवेदकसमेत पदाधिकारी रहेको सुपरमैत्री यातायात व्यवसायी संघको तर्फबाट निवेदक र नमस्ते प्यूठान यातायात प्रा.लि.का पदाधिकारी भुपेन्द्र थापाका बिचमा मिति २०७४।०४।२२ मा करार भएको भन्ने पनि उल्लेख भएको पाइन्छ। अर्कोतर्फ यिनै पक्षहरूका बिचमा उक्त विवादित चेकको विषयलाई लिएर काठमाडौं जिल्ला अदालतमा किर्ते जालसाज मुद्दा दायर भई विचाराधीन रहेको भन्नेसमेत उल्लेख छ । उक्त विषयहरू बैंकिङ कसुरको मुद्दाबाट हेरी अदालत निष्कर्षमा पुग्न सकिने विषय हुन्। तसर्थ सो सम्बन्धमा बन्दीप्रत्यक्षीकरणको रिटबाट बोल्न वाञ्छनीय नहुने।

बन्दीप्रत्यक्षीकरणको रिटमा थुनाको वैधता परीक्षण गरिन्छ अर्थात् थुना गैरकानूनी हो होइन भन्ने सम्बन्धमा विचार गरिन्छ। सोतर्फ हेर्दा यी निवेदकउपर बैंकिङ कसुरसम्बन्धी मुद्दामा अनुसन्धान भई क्षेत्राधिकार प्राप्त उच्च अदालत पाटनमा निवेदकका विरूद्ध बैंकिङ कसुरसम्बन्धी मुद्दाको अभियोग दायर भई मिति २०७५।११।१५ मा आदेश हुँदा निवेदकसँग रू.१५,००,०००।- (पन्ध्र लाख) धरौटी माग भएको बेहोरा बहसको क्रममा पेस हुन आएको उच्च अदालत पाटनको आदेशबाट देखियो । यसरी साधिकार निकायमा मुद्दा दायर भई निवेदकले धरौटी दाखिल नगरी थुनामा रहेको देखिएको हुँदा थुनालाई गैरकानूनी भन्न नमिली बन्दीप्रत्यक्षीकरणको रिट जारी गरिपाउँ भन्ने निवेदन जिकिर तथा निवेदकको तर्फबाट बहस प्रस्तुत गर्नु हुने विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ उल्लिखित आधार र कारणबाट

निवेदकको थुनालाई गैरकानूनी भन्न मिलेन रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: भीमप्रसाद भुसाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल भदौ १३ गते रोज ६ शुभम् ।

## इजलास नं. ११

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-०९५७ र ०७४-CR-१०६७, कर्तव्य ज्यान, जबरजस्ती चोरी, *नेपाल सरकार वि. राजकुमार चौधरी (थारू) र राजकुमार चौधरी (थारू) वि. नेपाल सरकार*

प्रतिवादी राजकुमार चौधरीले नै मंगलीदेवी चौधरीलाई कर्तव्य गरी मारेको हो भनी जाहेरवाला उजतलाल चौधरीले अदालतसमक्ष बकपत्र गरिदिएको पाइन्छ । प्रतिवादी स्वयम् कसुरमा इन्कार रहेपनि प्रतिवादी राजकुमार चौधरीले कर्तव्य गरी मारेको भनी उजतलाल चौधरीले जाहेरी दिई सो जाहेरी दरखास्तमा लेखिएको बेहोरा मेरै हो भनी जाहेरवालाले बकपत्र गरेको पाइन्छ । प्रतिवादी अनुसन्धानको सिलसिलामा बयान गर्दा साबित भएको देखिन्छ भने अदालतको बयानमा इन्कारी देखिन्छ । प्रतिवादी कसुरमा इन्कारी रहे पनि अदालतमा बयान गर्दा मंगलीदेवीलाई मिति २०१६।११।२१ मा लिफ्ट दिई मोटरसाइकलमा विराटनगर ल्याइदिएको तथ्य स्वीकार गरेको छ । अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा आफू होटलको कोठाबाट बाहिर निस्कन खोज्दा नदिएकोले पेटिकोटको इजारले हात बाँधी बाथरूममा थुनी बाहिरबाट चाबी लगाई हिँडेको भनी उल्लेख गरेको पाइन्छ । यिनै प्रतिवादीलाई दोषी देखाई राधादेवी चौधरी, पवनी चौधरी, हरिजना चौधरीको बकपत्र रहेको छ । दिनेश के.सी.ले सँगै ल्याइएकी महिला मृतक मंगली चौधरी नै हुन् । दिनेश के.सी. र यी प्रतिवादी राजकुमार चौधरी एकै व्यक्ति हुन् । कोठा बुक गर्ने दिनेश के.सी. ले मंगलीदेवीलाई मारेका हुन् भन्ने सुजन पुरीले बकपत्र गरेको देखिन आउँछ । यी सुजन पुरीले मिति २०६९।११।२२ मा प्रतिवादीले दिनेश के.सी. भनी नाम उल्लेख गरी कोठा बुक गर्दा मृतकलाई लिई आउँदा भोलिपल्ट २०६९।११।२३ मा बिहान ६:०० बजे गेट खोलेपछि टुथब्रस किन्न बाहिर जाँदासमेत प्रत्यक्ष देख्ने व्यक्ति भई निजले पहिचान गरेको अवस्था छ, यो तथ्य प्रतिवादीबाट प्रमाणद्वारा खण्डन गर्न सकेको नदेखिने ।

वारदातमा प्रतिवादी राजकुमार चौधरीको संलग्नता प्रमाणित भएको, अन्य कोही कसैको संलग्नता नदेखिएको अवस्थामा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने ठहर गरी भएको सुनसरी जिल्ला अदालतको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत विराटनगरको मिति २०७३/४।३० को फैसलालाई अन्यथा भन्न नमिल्ने ।

पुनरावेदक / प्रतिवादी राजकुमार चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं.को देहाय ३ अनुसार कसुरदार ठहऱ्याई निजलाई सर्वस्वसहित जन्मकैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको फैसला तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको भए पनि मिति २०७५।५।१ गतेदेखि लागु भएको मुलुकी अपराध संहिता, २०७४ ले सर्वस्व हुने गरी सजाय नगरिने व्यवस्था गरेको सन्दर्भमा सम्बन्धित कानूनी व्यवस्थाहरू उल्लेख गर्न सान्दर्भिक हुने ।

तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (३) मा रहेको मुख्य ज्यानमारालाई सर्वश्वसहित जन्मकैदको सजाय हुने व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत विराटनगरबाट पुनरावेदक / प्रतिवादी

राजकुमार चौधरीलाई ऐ. महलको १३ नं. को देहाय (३) बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गरेको मिलेको देखिन आए पनि मुलुकी अपराध संहिता, २०७४ दफा ४० को उपदफा (२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) मा रहेको व्यवस्था तथा उक्त ऐनहरू यही भाद्र १ गतेदेखि लागु भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी राजकुमार चौधरीलाई सर्वस्वको सजाय नहुने भई निजलाई जन्मकैद सजाय मात्र हुने देखिने।

अब नेपाल सरकारको तर्फबाट गरेको पुनरावेदनमा जबरजस्ती चोरीसमेतको मागदाबी रहेको प्रस्तुत मुद्दामा प्रतिवादीका साथबाट जाहेरीमा उल्लिखित कुनै नगद तथा धनमाल बरामद नभएको, प्रतिवादीबाट नै उक्त नगद तथा धनमाल चोरी भएको हो भन्ने तथ्ययुक्त र ठोस प्रमाण वादी पक्षले पेस गर्न तथा प्रमाणित गर्न नसकेको अवस्थामा "अदालत, स्वयम्ले कुनै प्रमाणको सिर्जना नगर्ने र सङ्कलित प्रमाणबाट कसुर पुष्टि हुने वा नहुने कुरा हेरिने, फौजदारी कसुर शङ्कारहित तवरबाट पुष्टि हुन नसकेमा शङ्काको सुविधा अभियुक्तले पाउने" भन्ने *ने.का.प.*२०६९, नि.नं. ८७६४ मा प्रतिपादित सिद्धान्तसमेतका आधारमा सुनसरी जिल्ला अदालतबाट प्रतिवादीलाई जबरजस्ती चोरीको कसुरबाट सफाइ दिने ठहर गरी भएको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत विराटनगरको मिति २०७३।४।३० को फैसला मिलेकै देखिन आयो। उक्त फैसला सदर हुने।

इजलास अधिकृत: पाराश्वर कँडेल

इति संवत् २०७६ साल वैशाख १७ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७४-CR-०४७८, जबरजस्ती करणी, *पदम सूर्यवंशी वि. नेपाल सरकार*

माथि विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादीले ५।६ वर्षकी बालिका पीडित परिवर्तित नाम ४७(F) कुमारीलाई जबरजस्ती करणी गरेको स्थापित हुन आएको अवस्थामा निज प्रतिवादीको कसुर मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. र ३ नं. को देहाय (१) बमोजिमको कसुर ठहर गरी ऐ. को ३ (१) नं.बमोजिम प्रतिवादीलाई १० वर्ष कैद तथा पीडितलाई रू. ६५,०००।- क्षतिपूर्ति दिलाई भराइदिने ठहऱ्याई भएको पाल्पा जिल्ला अदालतको फैसलालाई सदर हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७४।२।३० को फैसलालाई अन्यथा भन्न मिलेन। उक्त फैसला तथ्य र प्रमाणको विवेचना, फौजदारी कानूनको सिद्धान्त तथा कानूनको उचित प्रयोगसमेतका आधारमा मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रचलित कानून, फौजदारी न्यायको मान्य सिद्धान्त, सर्वोच्च अदालतका प्रतिपादित नजिर सिद्धान्त तथा बालबालिकाको अधिकार र सर्वोत्तम हितसमेतलाई विचार गर्दा यी पुनरावेदक प्रतिवादीबाट ५/६ वर्षकी अबोध बालिकाउपर भएको यस प्रकृतिको व्यवहार कुनै पनि दृष्टिकोणबाट क्षम्य देखिँदैन। आफूउपर विश्वास गरी बोलाउनासाथ मकैबारीमा गएकी यी पीडिता बालिकालाई रक्सी खाएको भन्ने बहानामा यस प्रकृतिको अमानवीय पशुवत् व्यवहार गर्नु अकल्पनीय कुरा हो। आफूले गरेको कुकर्ममा अदालतमा आई साबिती गरेकै कारणबाट कानूनमा उल्लिखित सजायभन्दा घटी गर्न सकिने हुँदैन। यी पुनरावेदक प्रतिवादीले गरेको कसुरको अवस्था र प्रकृतिअनुसार यी प्रतिवादीलाई १० देखि १५ वर्षसम्म सजाय हुन सक्नेमा सुरू अदालतबाटै यी प्रतिवादीले अनुसन्धानमा र अदालतमा पुऱ्याएको सहयोग एवम् यी प्रतिवादीको उमेरसमेत विचार गरी अधिकतम सजाय नगरी न्यूनतम सजाय गरेको देखिन्छ। मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) बमोजिम उक्त

सजाय आफैँमा न्यूनतम देखिएको हुँदा सोभन्दा पनि घटी कैद सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । एक ५/६ वर्ष उमेरकी अबोध बालिकाउपर भएको जबरजस्ती करणीजस्तो गम्भीर फौजदारी अपराधमा सजाय घटाई पाउँ भनी पर्न आएको प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: पाराश्वर कँडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल वैशाख १७ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७५-WO-०७६८, उत्प्रेषण, *सनराइज बैंक लिमिटेड, गौरीधाना वि. अरूणकुमार पराजुलीसमेत*

प्रस्तुत रिट निवेदन उच्च अदालत पाटनमा चलिरहेको रिट नं.०७५-WO-०५०५ को निवेदनमा उच्च अदालत पाटनको मिति २०७५।१०।२३ मा भएको अन्तरिम आदेशको विरूद्धमा पर्न आएको देखिन्छ । उच्च अदालतमा चलिरहेको रिट निवेदनमा जारी भएको अन्तरिम आदेशबाट निवेदकको के कुन कानूनी वा संवैधानिक हक कसरी हनन भयो भन्ने सम्बन्धमा र कुन आधारमा प्रस्तुत निवेदन मागबमोजिम आदेश जारी हुन सक्छ भन्ने विषयमा विस्तृत विवेचना गर्न आवश्यक भए तापनि उक्त रिट निवेदनका निवेदक अरूणकुमार पराजुलीले मिति २०७५।१२।८ मा तोकी पाएको तारेख गुजारी बसेकोले उच्च अदालत नियमावली, २०७३ को नियम ५० बमोजिम तामेली फैसला भइसकेको तथ्य सनराइज बैंक लिमिटेडका वारेस श्री राजु शाक्यको निवेदनसाथ यस अदालतमा प्राप्त यस मुद्दासँग सम्बन्धित उच्च अदालत पाटनको तामेली आदेशको प्रतिलिपिबाट देखिने ।

तसर्थ जुन निवेदनमा भएको आदेशउपर प्रस्तुत रिट निवेदन पर्न आएको हो, सो निवेदन नै हाल उच्च अदालत पाटनको मिति २०७६।१।११।४ को आदेशानुसार तामेलीमा राखिएको अवस्थामा प्रस्तुत विवादको तथ्यभित्र प्रवेश गरी त्यसको कानूनी आधारको विवेचना गर्नुपर्ने आवश्यकता देखिँदैन । उक्त निवेदनको तामेली आदेशबाट यस रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: पाराश्वर कँडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल वैशाख १५ गते रोज १ शुभम् ।

## इजलास नं. १२

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६८-CI-०५७०, फैसला बदर दर्ता बदर, *पर्वत जिल्ला कार्कीनेटा गा.वि.स. वडा नं. ३, ४ र ५ जमले भन्ने चिसापानी वन उपभोक्ता समूहका तर्फबाट ऐ.का वर्तमान अध्यक्ष लक्ष्मी शर्मा वि. थमानसिंह लामासमेत*

विवादित जग्गाका सम्बन्धमा विभिन्न अदालतमा पटक-पटक मुद्दा परी फैसला हुँदा विद्यालयको नाममा रहेको मोही दर्ता कायम हुने ठहरी निर्णय भएपश्चात् विद्यालयको तर्फबाट अदालतको फैसलाबमोजिम दाबीका जग्गाहरू विद्यालयका नाममा दर्ता स्रेस्ता कायम गरिपाउँ भनी मालपोत कार्यालय पर्वतमा निवेदन दिएकोमा सो कार्यालयबाट मिति २०६१।४।२६ मा सुरू अदालत र पुनरावेदन अदालतका फैसलालाई आधार मानी कि.नं. १०२४, १०२५ र १०२७ का जग्गाहरू विद्यालयका नाममा दर्ता हुने गरी निर्णय गरेको देखिन्छ । विवादित जग्गाका सम्बन्धमा पटक-पटक मुद्दा परी विभिन्न तहका अदालतबाट भएका फैसलाहरू अन्तिम भई बसेका र मालपोत कार्यालय पर्वतले मिति २०६१।४।२६ मा गरेको टिप्पणी आदेशसमेतबाट सरकारको स्वामित्वमा

रहेको विवादित जग्गाहरू थापाठाना मा.वि.ले कानूनी प्रक्रिया पूरा गरी आफ्नो नाममा दर्ता गरी लामो समयदेखि भोगचलन गरी आएको तथ्य प्रमाणित हुन आउने।

प्रस्तुत मुद्दामा वादीले सुरू अदालतबाट भएका फैसला बदरको माग दाबी नै नगरेको अवस्थामा वादी दाबी बाहिर गई सो विषयमा सम्बोधन गर्दा न्यायको मान्य सिद्धान्तको प्रतिकूल हुन जानुका साथै विद्यालय जस्तो सामाजिक संस्थाको सम्पत्तिमा असर पर्न जाने परिस्थितिको सिर्जना हुन सक्ने भएकाले यस्तो अवस्थामा सतर्कताका साथ विचार गर्नु वाञ्छनीय हुन्छ । "विपक्षीको लिखत पास हुने ठहऱ्याई गरेको बर्दिया जिल्ला अदालतको फैसला सदर गर्ने क्षेत्रीय अदालतको मिति २०४०।२।२ को फैसला मात्र बदर गरिपाउँ भन्ने माग गरेको तर जिल्ला अदालतको फैसला बदर गरी पाउने माग नगरेकोबाट उक्त फैसला यथावत् रहने भई निवेदन मागअनुसार आदेश जारी गरेमा सोको प्रयोजन हुने नदेखिएकोले आदेश जारी गर्नु उपयुक्त देखिँदैन" भनी पूर्णमाया श्रेष्ठ विरूद्ध मध्यपश्चिमाञ्चल क्षेत्रीय अदालत, सुर्खेत भएको (*ने.का.प.* २०४१, निर्णय नं.२०६८) उत्प्रेषणको मुद्दामा सिद्धान्तसमेत प्रतिपादन भएको र सो सिद्धान्त प्रस्तुत मुद्दामा आकर्षित हुने नै देखिन आयो । अतः जिल्ला अदालतको फैसलाहरू बदरमा दाबी नलिई पुनरावेदन तहबाट भएका फैसला मात्र बदर गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर कानूनसम्मत देखिन नआउने।

तसर्थ विवेचित मुद्दाको तथ्य, आधार र कारणबाट दे.पु.नं.५/४७९ जग्गा खिचोला दर्ता बदर, दे.पु.नं.१७/१०७ को दर्ता बदर मुद्दामा पुनरावेदन अदालत बागलुङबाट भएको फैसला तथा दे.पु. नं.१०५/५२ को दर्ता बदर जग्गा हक कायम मुद्दामा धौलागिरी अञ्चल अदालत, बागलुङबाट भएको फैसला बदर गरी मालपोत कार्यालय, पर्वतले मिति २०६१।४।२६ मा गरेको टिप्पणी आदेशबाट भएको थापाठाना मा.वि.का नामको दर्ता स्रेस्तासमेत बदर गरिपाउँ भन्ने फिराद दाबी खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत बागलुङबाट मिति २०६७।१२।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७६ साल भदौ २३ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६८-CI-०७३०, जालसाजी, *पूर्णबहादुर कुँवरसमेत वि. नन्दराज उपाध्याय*

यसमा वादी जमले चिसापानी सामुदायिक वन उपभोक्ता समूहले यी पुनरावेदकमध्येका थमान सिंह थापासमेत उपर आफ्नो समूहको वनबाट वन पैदावर लुटी लाने र हिनामिना गरी हानि नोक्सानी पुऱ्याएको भनी लुटपिट मुद्दा दर्ता गराएको र सोही लुटपिट मुद्दामा मृत्यु भइसकेको व्यक्तिको नाममा वारेसनामा खडा गरी साक्षी बकपत्र गराई मुद्दाको कारबाही र इन्साफमा असर पार्ने काम प्रतिवादीहरूबाट भएकाले प्रतिवादीहरूलाई किर्ते जालसाजीमा सजाय गरिपाउँ भनी वादीले दिएको फिरादपत्रबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। सो लुटपिट मुद्दामा २३ जना प्रतिवादी भएकोमा प्रतिवादीमध्येका प्रेमप्रसाद शर्माले अन्य प्रतिवादीहरूको वारेसनामा लिई प्रतिउत्तरपत्र दर्ता गरी तारेखमा रहेको र मिति २०६४।४।१५ मा साक्षी बकपत्रको लागि तारेख तोकिएको तथ्य प्रमाणमा पेस भएको उक्त लुटपिट मुद्दाको मिसिलबाट खुल्न आउँछ। तोकिएको तारेखका दिन प्रेमप्रसाद शर्मा तिर्थ गर्न दामोदर कुण्ड गएका कारण अदालतमा उपस्थित हुन नसक्ने भएपछि प्रस्तुत मुद्दाका पुनरावेदक महेशप्रसाद शर्माको नाममा वारेसनामा तयार गरी पुनरावेदकहरू थमानसिंह थापा र पूर्णबहादुर कुँवर साक्षी बसी मिति २०६४।४।१६ मा लुटपिट मुद्दामा

साक्षी बकपत्र गराएको देखियो । लुटपिट मुद्दाका प्रतिवादी रंगनाथ कुँवरको मृत्यु भइसकेको थाहा जानकारी हुँदाहुँदै निजको नाममा समेत नक्कली वारेसनामा खडा गरी अदालतमा साक्षी बकपत्र गराई प्रतिवादीहरूले किर्ते जालसाजी गरेको भन्ने वादीको जिकिर भए तापनि प्रतिवादीहरू धेरैजना भएको कारण सबै अदालतमा उपस्थित हुन असमर्थ हुने भएकाले कानूनबमोजिम वारेसनामा दिने प्रयोजनले २ प्रति लिफा बनाई राखिएको हो । सबै प्रतिवादीहरूको तर्फबाट प्रेमप्रसाद शर्मा वारेस बसेकोमा निज तिर्थ गर्न गएको कारण तोकिएको तारेखमा अदालतमा उपस्थित हुन नसक्ने भएपछि पुनरावेदकमध्येका महेश शर्माका नाउँमा बाँकी रहेको लिफामा वारेसनामा तयार गरी तोकिएको मितिमा साक्षी बकपत्र गराएको हो। लुटपिट मुद्दाका प्रतिवादीमध्ये रंगनाथ कुँवरको पोखरामा मृत्यु भएको रहेछ, तर निजको मृत्युको बारेमा वारेस बसेका हामीलाई थाहा नभएको र जानकारी प्राप्त हुनासाथ सो कुरा कानून व्यवसायीलाई जानकारी गराई तत्कालै निजका नाउँको वारेसनामा बदर गराउनका लागि निवेदनसमेत दिएको हुँदा किर्ते जालसाजीमा सजाय हुनुपर्ने होइन भनी प्रतिवादीहरूले वादीको जिकिरलाई खण्डन असहमति जनाएको पाइन्छ । पुनरावेदकका कानून व्यवसायी अभिवक्ता हेमराज पन्तले रंगनाथ कुँवरको पोखरामा मृत्यु भएको हाल थाहा जानकारी हुन आएकाले निजको नाउँको वारेसनामा बदर गरिपाउँ भनी मिति २०६४।४।१७ मा पर्वत जिल्ला अदालतमा निवेदन दर्ता गराएको समेत देखियो। रंगनाथ कुँवरको मृत्युको बारेमा आफूहरूलाई जानकारी नभएको र जानकारी हुने बित्तिकै कानून व्यवसायीलाई वारेसनामा बदर गराउनका लागि खबर दिएको भन्ने प्रतिवादीहरूको प्रतिउत्तर र पुनरावेदन जिकिरलाई प्रतिउत्तरपत्रको पेटबोलीमा उल्लिखित प्रतिवादीका कानून व्यवसायी अभिवक्ता हेमराज पन्तले मुलुकी ऐन, अ.बं.१३९ नं. बमोजिम गरेको बयानबाट थप पुष्टि भएको देखिन्छ। प्रस्तुत मुद्दा लुटपिट मुद्दाको जरियाबाट सुरू भएकोमा सो लुटपिट मुद्दा हकदैयाको अभावमा सुरु अदालतबाट दाबी खारेज हुने ठहरी फैसला भएको र सो खारेजी फैसला पुनरावेदन अदालतबाट समेत सदर भएको देखियो। लुटपिट मुद्दाका प्रतिवादी रंगनाथ कुँवरको मृत्युको बारेमा यी प्रतिवादीहरूलाई पूर्वजानकारी हुँदाहुँदै नक्कली वारेसनामा खडा गरी साक्षी बकपत्र गराई मुद्दाको कारबाही र इन्साफमा असर पुऱ्याएको भन्ने वादी पक्षको जिकिर भए तापनि सो जिकिरलाई पुष्टि हुने कुनै पनि प्रमाण कागज वादी पक्षले पेस गर्न सकेको देखिँदैन । रंगनाथ कुँवरको मृत्यु पोखरामा भएको र प्रतिवादीहरूका नाता सम्बन्धभित्रका व्यक्तिसमेत नदेखिएको अवस्थामा एउटै गाउँका बासिन्दा भएको आधारमा मात्र निजको मृत्युको बारेमा यी पुनरावेदकहरूलाई जानकारी थियो भनी अनुमान गर्न न्यायको रोहमा मिल्नेसमेत नदेखिने।

मुलुकी ऐन, किर्ते कागजको महलको दफा ३ मा अर्काको हक मेट्ने, हदम्याद तारेख जाने वा कुनै तरहसँग नोक्सान पार्ने इत्यादि जुनसुकै मतलबले होस नगरे नभएको झुट्टा कुरा गरे भएको हो भनी वा मिति अङ्क वा बेहोरा फरक पारी सहीछाप गरी गराई कागज बनाए वा बनाउन लगाएमा समेत जालसाजी गरेको ठहर्छ भन्ने कानूनी व्यवस्था भएको पाइन्छ । उक्त कानूनी व्यवस्थाअनुसार जालसाजी हुनका लागि पुनरावेदक प्रतिवादीहरूले गरेको कार्यले वादीलाई कुनै हक मेटिने, हदम्याद जाने वा कुनै किसिमको हानि नोक्सानी हुने स्थितिको सिर्जना भएको हुनुपर्दछ । तर प्रस्तुत मुद्दामा प्रतिवादीहरूले गरेको कार्यबाट वादीको हक मेटिने, हदम्याद जाने वा कुनै किसिमको हानि नोक्सानी भएको नदेखिँदा किर्ते कागजको ३ नं.को कसुरमा ऐ.१० नं.बमोजिम किर्ते जालसाजीमा सजाय गरेको पुनरावेदन अदालत बागलुङको फैसला मिलेको नदेखिँदा माथि विवेचित

आधार, कारण र प्रमाणसमेतबाट मृत्यु भइसकेको व्यक्तिको नाममा नक्कली वारेसनामा खडा गरिएको भनिएको लुटपिट मुद्दा नै हकदैयाको अभावमा खारेज हुनुका साथै प्रतिवादीहरूले गरेको कार्यबाट वादीलाई कुनै तरहको हानि नोक्सानी भएको नदेखिएकाले वादी दाबी पुग्न नसक्ने ठहर्छ भनी सुरू पर्वत जिल्ला अदालतबाट मिति २०६६।९।१ मा भएको फैसला उल्टी गरी प्रतिवादीहरू महेशप्रसाद शर्मा, थमानसिंह थापा र पूर्णबहादुर कुँवरलाई मुलुकी ऐन, किर्ते कागजको ३ नं. को कसुरमा ऐ.१० नं.बमोजिम रू.१५०।- (एक सय पचास रूपैयाँ) जरिवाना गर्ने गरी तत्कालीन पुनरावेदन अदालत बागलुङबाट मिति २०६७।१२।२१ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई प्रतिवादीहरू महेशप्रसाद शर्मा, थमानसिंह थापा र पूर्णबहादुर कुँवरले वादी दाबीबाट सफाइ पाउने।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७६ साल भदौ २३ गते रोज २ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी,** ०६८-WO-०६४८, परमादेश / प्रतिषेध, कृष्णबहादुर गुरूङ *वि. जिल्ला वन कार्यालय, तनहुँ, दमौलीसमेत*

यसमा रिट निवेदकले कि.नं. १७७ क्षे.फ. ७८-१०-२-१ को जग्गा आफ्नो हक भोगको रहेको भनी निवेदन जिकिर लिएको देखिन्छ तर सो जग्गामा निजको स्वामित्व कायम भएको देखिँदैन । आफ्नो जग्गा हो भनी दाबी लिने व्यक्तिले सोको पुष्टि हुने कागज प्रमाणसमेत पेस गर्नुपर्नेमा आफ्नो निवेदन साथ सो कुराको कुनै कागज प्रमाण पेस गर्न सकेको देखिँदैन । वन ऐन, २०४९ को दफा ३८ मा निजी वनको धनीले आफ्नो इच्छाअनुसार निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्ने छ भन्ने कानूनी व्यवस्था रहेकोमा ऐ. को दफा ३९ (१) मा निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ता गराइ पाउँ भनी जिल्ला वन कार्यालयमा निवेदन दिन सक्ने छ भन्ने व्यवस्था रहेको र दफा ३९(२) मा उपदफा (१) बमोजिम पर्न आएको निवेदनमा आवश्यक लगत खडा गरी जिल्ला वन अधिकृतले तोकिएबमोजिम प्रमाणपत्र दिने छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। वन ऐन, २०४९ को दफा ३८ बमोजिमको हक अधिकार पाउनका लागि उल्लिखित कानूनी व्यवस्थाको अनुशरण गरी निजी वन धनीले जिल्ला वन कार्यालयबाट निजी वनको प्रमाणपत्र लिनुपर्ने कानूनी व्यवस्था रहेको देखिन्छ । निजी वनमा दर्ता भएकोमा निजी वनको धनीले आफ्नो इच्छाअनुसार निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री बितरण गर्न सक्ने अवस्था देखिन्छ। कि.नं. १७७ को जग्गा २०३१ सालमा नापी भएकोमा २०४५ सालमा मालपोत कार्यालय तनहुँमा सो जग्गा दर्ताका लागि यी रिट निवेदकले निवेदन पेस गरेकोमा हालसम्म सो जग्गा निज निवेदकको नाममा दर्ता हुन सकेको देखिँदैन । कुनै पनि जग्गा जमिनमा हक पाउनका लागि कानूनबमोजिम सो जग्गा जमिनको स्वामित्व प्राप्त हुनु अनिवार्य हुन्छ। कानूनी प्रक्रिया पूरा गरी स्वामित्व प्राप्त नगरी हक प्राप्त हुन सक्ने अवस्था हुँदैन । निवेदकले आफ्नो भनी जिकिर लिएको जग्गा सरकारी पर्ती जग्गा देखिरहेको अवस्थामा सो जग्गा मेरो हो भन्ने निजको जिकिर कानूनसङ्गत रहे भएको देखिन नआउने।

निजी वनमा दर्ता भएकोमा निजी वनको धनीले आफ्नो इच्छाअनुसार निजी वनको विकास, संरक्षण,

व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्ने प्रचलित कानूनी व्यवस्था रहेकोमा सो हक अधिकार पाउनका लागि वन ऐन, २०४९ को दफा ३८ बमोजिमको प्रक्रिया पूरा गरी निजी वनको प्रमाणपत्रसमेत लिनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको र निजी वन कायम हुनका लागि सर्वप्रथम सो जग्गामा निर्विवाद रूपमा निवेदकको हक तथा स्वामित्व हुनुपर्ने हुन्छ । जग्गा दर्ताका लागि दिएको निवेदनकै आधारमा वन ऐन, २०४९ को दफा ३८ को हक अधिकार पाउन सक्ने अवस्था रहँदैन । दफा ३८ बमोजिमको फाइदा लिने व्यक्तिले निजी वनको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने कानूनी व्यवस्था रहेकोमा निवेदकले निजी वनको प्रमाणपत्र प्राप्त गर्न नसकेको अवस्थामा दफा ३८ को सुविधा यी निवेदकले लिन पाउने अवस्था नहुँदा निवेदन मागबमोजिम मेरो निजी रूखहरू उठाई लिने र मेरो जग्गा भोग गर्नसमेत नदिने विपक्षीको कार्य वन ऐन, २०४९ को दफा ३८ समेतको विपरीत रहेको छ भन्ने निवेदन जिकिर कानूनसङ्गत नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः जनक सिंह बोहरा

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल माघ १२ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, ०६८-CR-०८६१, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. सावित्री भन्ने सावित्रा राईसमेत*

प्रतिवादी सावित्री राई भन्ने सावित्रा राईले वैदेशिक रोजगारको लागि हङकङ पठाइदिन्छु भनी रू.५,००,०००।– बुझिलिई १५ दिनभित्र रोजगारमा पठाउने छु भनी लिखत कागज गरे तापनि भनेबमोजिम रोजगारमा नपठाई रकमसमेत नदिएको भनी जाहेरी दरखास्तमा उल्लेख भएको पाइन्छ । प्रतिवादी सावित्री राई भन्ने सावित्रा राईले मौकामा वैदेशिक रोजगार विभागमा र वैदेशिक रोजगार न्यायाधिकरणमा समेत आफूले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र लिएको छैन भनी बयान गरेको र मिसिल संलग्न कुनै कागज प्रमाणबाट प्रतिवादीहरूले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र लिएको नदेखिएकाले सो सम्बन्धमा कुनै विवाद नदेखिने ।

प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको नगरेकोतर्फ हेर्दा, निज प्रतिवादी सावित्री राई भन्ने सावित्रा राईले मौकामा वैदेशिक रोजगार विभागमा र वैदेशिक रोजगार न्यायाधिकरणमा समेत आफूले जाहेरवाला चन्द्रबहादुर विश्वकर्मालाई वैदेशिक रोजगारीमा पठाइदिने आश्वासन दिई कुनै रकम लिएको छैन, जाहेरवाला र आफ्नो देवर योगराज राईबिचको लेनदेनको कारोबारका विषयमा देवर सम्पर्क विहीन भएपछि जबरजस्ती ज्यान मार्ने धम्की दिई डर त्रास देखाई लेखेर ल्याएको कागज पढ्नसमेत नदिई आफूलाई वैदेशिक रोजगारको लिखत गराइएको हो भनी आरोपित कसुरमा पूर्णरूपमा इन्कार रही बयान गरेको अवस्था छ । प्रतिवादी सावित्री राई भन्ने सावित्रा राईले जाहेरवाला चन्द्रबहादुर विश्वकर्मालाई रोजगारीको लागि हङकङ पठाइदिने भनी रू.५,००,०००।- बुझिलिएको भन्नेसमेत बेहोराको मिति २०७२।१०।१३ गतेका लिखत कागजबाट देखिन्छ यद्यपि उक्त लिखतमा के सर्तमा कति अवधिका लागि कुन प्रकृतिको काममा पठाउने भन्ने खुलाएको पाइएन । साथै जाहेरवाला चन्द्रबहादुर विश्वकर्माले प्रतिवादीमध्येका योगराज राईलाई लेनदेनबापत रू.५,००,०००।- दिएकोमा योगराज राई सम्पर्कविहीन भएपछि निजको भाउजू सावित्रा राईसँग लेनदेनको रकम उठाउन सजिलो हुन्छ भनी वैदेशिक रोजगारको कागज गराएको र लेनदेन कारोबारअनुसारको सम्पूर्ण सावाँ र ब्याज रकमसमेत फिर्ता पाइसकेको छु भनी बकपत्र गरेकोबाट जाहेरी दरखास्त, अभियोग दाबी, लिखत कागज तथा सोलाई

समर्थन गरी साक्षी हरिबहादुर लामाले गरेको बकपत्र एवम् प्रमाणस्वरूप पेस भएका मिसिल संलग्न भारतका विभिन्न होटेलहरूको बिलसमेत खण्डित भइरहेको देखिन्छ । यसै सन्दर्भमा सर्वोच्च अदालतबाट पुनरावेदक प्रतिवादी काफ्ले तुलाधरवादी नेपाल सरकार भएको वैदेशिक रोजगार मुद्दामा (*ने.का.प.२०७५*, नि.नं.१००१७, अङ्क ५) "विवादमा आएको कुनै पनि लिखतमा लेखिएको बेहोरा अवस्था परिस्थितिअनुसार फरकफरक प्रकृतिबाट अन्य तथ्ययुक्त एवम् वस्तुनिष्ठ प्रमाणबाट समर्थित हुनु पनि आवश्यक हुन्छ । सदैव लिखतको शब्दबाट मात्र फौजदारी दायित्व सिर्जना हुँदैन, यसको लागि मनसाय र क्रियाको साथसाथै पक्षहरूको परिस्थितिजन्य प्रमाणको विश्वसनीयता आवश्यक हुन्छ । व्यक्तिव्यक्तिबिच भएको लिखतको हरेक अवस्थामा वैदेशिक रोजगारी भन्ने शब्दको प्रयोग हुनासाथ यान्त्रिक तवरबाट सजाय गरिहाल्ने प्रवृत्ति विकास भएमा न्याय मर्ने सम्भावना रहन्छ । यस अवस्थामा पक्षहरूले आफ्ना लेनदेन वा अन्य मनसायबाट खडा भएको कुनै लिखतमा त्यसको कार्यान्वयन गर्न दबाब सिर्जना गर्ने उद्देश्यले वैदेशिक रोजगार शब्दको प्रयोग गर्दैमा स्वतः दण्डनीय अपराध मानिएमा यसको दुरूपयोग भई परिबन्दबाट निरपराधी पनि सजायको भागी हुन जानेतर्फ अनुसन्धान एवम् अभियोजनकर्ता, अदालत तथा न्यायिक निकाय सदैव सचेत हुनुपर्ने ।" भनी सिद्धान्त प्रतिपादन भएको देखिने ।

यसरी प्रमाणको रूपमा पेस गरिएको लिखत कागज वैदेशिक रोजगारको लागि नभई लेनदेनबापत लिएको रकम उठाउनको लागि लेखिएको भनी जाहेरवाला स्वयम्ले बकपत्र गरिदिएबाट प्रतिवादीहरू सावित्री राई भन्ने सावित्रा राई र योगराज राईले अभियोग दाबीबमोजिमको कसुर नगरेको पुष्टि हुन आउँछ । जहाँसम्म प्रतिवादी योगराज राईले जाहेरवालाको दुबईको टिकट कन्फर्म भएको भनी प्रतिवादी सावित्री राई भन्ने सावित्रा राईलाई भाइबरमा पठाएको मेसेज छ, जाहेरी दरखास्तमा जाहेरवालालाई हङकङ पठाउन प्रतिवादीले रकम लिएको भनी उल्लेख भएकोमा दुबईको टिकट कन्फर्म भएको उक्त मेसेजले शङ्कारहित तवरबाट अभियोग दाबी पुष्टि गरेको देखिँदैन । फौजदारी कानूनमा प्रतिवादीउपरको कसुर शङ्का रहित तवरबाट पुष्टि हुनुपर्ने र प्रतिवादीउपरको अभियोग प्रमाणित गर्ने प्रमाणको भार वादीमाथि रहने प्रमाण ऐन, २०३१ को दफा २५ को कानूनी व्यवस्था रहेको छ । यसरी प्रतिवादीहरूउपर लगाइएको अभियोग दाबी पुष्टि गर्ने वस्तुनिष्ठ प्रमाणको अभाव देखिँदा प्रतिवादीहरू सावित्री राई भन्ने सावित्रा राई र योगराज राईलाई कसुरदार ठहर गरी सजाय गर्नुपर्ने भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

साथै जाहेरवाला चन्द्रबहादुर विश्वकर्माको हकमा हेर्दा, निज जाहेरवालाले प्रतिवादीमध्येका योगराज राईलाई लेनदेनबापत रू.५,००,०००।- दिएकोमा योगराज राई सम्पर्कविहीन भएपछि निजको भाउजू सावित्रा राईसँग लेनदेनको रकम उठाउन सजिलो हुन्छ भनी वैदेशिक रोजगारको कागज गराएको र आफूहरूले लेनदेन कारोबारअनुसारको सम्पूर्ण सावाँ र ब्याज रकमसमेत फिर्ता पाइसकेको भनी गरेको बकपत्र बेहोराबाट निजले लेनदेनको रकम उठाउने प्रयोजनका लागि वैदेशिक रोगजारको कागज गराएको र सोही लिखतको आधारमा जाहेरी दिएको कुरा पुष्टि हुन आउने ।

अतः जाहेरवाला चन्द्रबहादुर विश्वकर्माले जाहेरी बेहोरा खण्डन हुने गरी र प्रतिवादीको मौकामा र अदालतसमक्ष कसुरमा इन्कार रही गरेको बयानलाई समर्थन हुने गरी गरेको बकपत्र तथा मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरूउपरको अभियोग दाबी पुष्टि हुन नसकेको देखिँदा प्रतिवादीहरू सावित्री राई भन्ने सावित्रा राई र योगराज राईले अभियोग दाबीबाट

सफाइ पाउने र जाहेरवाला चन्द्रबहादुर विश्वकर्माले झुट्टा पोल गरेकोमा मुलुकी ऐन, दण्ड सजायको १८ नं. बमोजिम रू.५,०००।- (पाँच हजार रूपैयाँ) जरिवाना हुने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०७४।११।२९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: मतिना शाक्य

कम्प्युटर: चन्द्रावती तिमल्सेना

इति संवत् २०७७ साल जेठ ३० गते रोज ६ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७५-CR-०८६४, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. सावत्री राई भन्ने सावित्रा राईसमेत*
- ०७५-CR-१००८, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. सावत्री राई भन्ने सावित्रा राईसमेत*

## इजलास नं. १४

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-०३०८, अपहरण तथा शरीर बन्धक, *नेपाल सरकार वि. श्रीमती रेखा साहसमेत*

वारदातको पृष्ठभूमि र अवस्था हेर्दा प्रतिवादी रेखालाई आफू र आफ्नो छोरालाई जाहेरवाला जेठाजु विष्णु साह र लोग्ने राजेशले राम्रो रेखदेख, हेरचाह नगरेको र आफूलाई उपचार गर्ने पैसासमेत नदिने गरेको कारणबाट जेठाजु विष्णु साहको छोरालाई आफ्नो भाइ भरत साहको सहयोगमा अपहरण गरेजस्तो गरी आफूले ल्याई राखेको देखिन्छ । अपहरित बालक प्रसम साह आफ्नै परिवारको बालक भएकोमा प्रतिवादीले परिवारका अभिभावकसँग आफ्नो हक र अधिकारका कुराप्रति जानकार गराउन र संवेदनशील हुन भनी चेतावनीयुक्त शैलीमा प्रस्तुत कार्य गरेको देखिन्छ । यो अवस्थामा प्रतिवादी काकी रेखाले अपहरित भनिएका बालकलाई बाँधछाँद गर्ने, कुनै पीडा एवम् यातना दिने, खाना पानी आदि नदिने अथवा थुन्ने जस्ता यातनामूलक एवम् अमानवीय व्यवहारहरू गरेको देखिँदैन । वारदातको पृष्ठभूमि र परिस्थिति हेर्दा र बालकलाई प्रतिवादी रेखाको साथमा रहँदाको स्थिति, वातावरण र व्यवहार हेर्दा पनि एकातर्फ पीडित प्रसम साहलाई प्रतिवादीले अपहरण गरेको अवस्था देखिँदैन भने अर्कोतर्फ अपहरण नै गरेको कुरालाई पुष्टि गर्ने प्रयाप्त आधार र कारण पुनरावेदकले पेस गर्न सकेको देखिँदैन । विष्णु साहको जाहेरीबाट नै प्रस्तुत मुद्दाको सुरूवात भएकोमा निज जाहेरवाला नै अदालतमा बकपत्रको लागि उपस्थित हुँदा प्रतिवादीहरूले बालकलाई अपहरण गरी लगेको होइन भनी भनेको देखिन्छ । अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीहरूले साबिती बयान दिएको, फिरौती रकमसहित प्रतिवादीहरू पक्राउ परेको भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती बयान स्वयम्मा प्रमाण होइन जबसम्म त्यस्तो बयान अन्य स्वतन्त्र प्रमाणहरूबाट समर्थित भएको हुँदैन । त्यसमा पनि जेठाजु जाहेरवाला स्वयम्ले आफ्नो छोरालाई प्रतिवादी बुहारीले अपहरण गरेको होइन भनी अदालतमा बकपत्रसमेत गरेको देखिँदा त्यस्तो अवस्थामा अदालतले अपहरण गरेको हो भनी भन्न सक्ने अवस्था रहँदैन । फौजदारी कसुरमा केवल शङ्काको भरमा अपहरण गरेबापत फिरौती लिएको भनी निष्कर्षमा पुग्नु वस्तुनिष्ठ पनि देखिन नआउने ।

वारदातको प्रकृति हेर्दा पनि प्रतिवादीले आफूप्रति जाहेरवाला जेठाजु विष्णु साह र लोग्ने राजेश साहले खान लाउन, औषधी उपचार गर्ने सम्बन्धमा राम्रो हेरविचार नगर्ने र रकम खर्च नदिएको कारणबाट मात्र निजहरूको ध्यान आफ्नो पारिवारिक

हक अधिकारप्रति आकर्षित र पूरा गराउनमा भतिजा बालक प्रसमलाई उसको आफ्नो संरक्षकबाट केही दिनसम्म टुटाएकोसम्म देखिन आउँछ । यसरी प्रतिवादी रेखाले पीडित बालक प्रसम साहलाई केही दिन आफ्नो संरक्षकबाट टुटाई आफूसँग राखेको अवस्था देखिँदा सो हदसम्मको गल्ती कसुरमा उक्त कानूनी व्यवस्थाबमोजिम प्रतिवादीलाई सजाय हुने गरी गरेको फैसलालाई अन्यथा भन्न सक्ने अवस्था देखिन नआउने।

अतः उल्लिखित विवेचित आधार, कारण, प्रमाणहरूको आधारमा ७ बर्षे बालक प्रसम साहलाई अपहरण गरी बन्धक बनाई फिरौती रकम लिई छोडेको अवस्थामा पक्राउ परेका प्रतिवादीहरूलाई सुरू अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदकको जिकिरका सम्बन्धमा आफ्नै जेठाजुको नाबालक छोरालाई अपहरण नगरी, लिएर गएको मात्र हो भनी जाहेरवाला स्वयम् अदालतमा उपस्थित भई बकपत्र गरेको, निज प्रतिवादीहरूले अपहरण तथा शरीर बन्धक गरेको भन्ने वस्तुनिष्ठ प्रमाण पेस गर्न नसकेको र प्रतिवादीहरूलाई जिउ मास्ने बेच्नेको महलअन्तर्गत सजाय गरेकोमा सोउपर प्रतिवादीहरूको पुनरावेदन परेको नदेखिँदा सुरू काठमाडौं जिल्ला अदालतले पीडित नाबालकलाई निजको अभिभावकको संरक्षकत्वबाट छुटाएको भन्ने आधार लिई प्रतिवादीहरूले गरेको कसुरको मात्राको आधारमा निजहरूलाई मुलुकी ऐन, जिउ मास्ने बेच्नेको महलको २ नं. अनुसार जनही दुई वर्ष आठ महिना कैद र रू.५००।- जरिवाना हुने ठहऱ्याएको तथा जाहेरवालाले जाहेरी दिई जाहेरीविपरीत हुने गरी गरेको बकपत्रको प्रकृति, अवस्था एवम् परिस्थितिको आधारमा जाहेरवाला विष्णु साहलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८(२)(क) अनुसार रू.३०००।- जरिवाना हुन्छ भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०६७।६।१२ को फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।५।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : तिलक कार्की

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७६ साल साउन २० गते रोज २ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CI-१८१०, उत्प्रेषण / परमादेश, *जानकी लोहिया चौहान वि. भूमिसुधार कार्यालय, बाँकेसमेत*

मोही हक नामसारी गर्ने हकवाला भएको भन्ने देखिएन भनी खास कारकादौ गा.वि.स.को वडा नं. १क कि.नं. ७६ समेत जग्गाको मोही दरवारी लोनियाको मोही लगत कट्टा गर्ने गरी मिति २०५५।२।१३ को निर्णयउपर निजको हकवालाको कुनै उजुर परेको भन्ने देखिँदैन । सर्जमिन मुचुल्काबमोजिम पनि दरवारी लोनियाको भूमिसम्बन्धी ऐन, २०२१ को (२०५३।९।२४) चौथो संशोधन हुनुअघि नै मृत्यु भएको भन्ने उल्लेख छ । सो सर्जमिन मुचुल्का बदर भएको पाइँदैन । विपक्षी कार्यालयबाट सर्जमिनसमेत गरी सोको मोही लगत कट्टा गर्ने निर्णय गरी जग्गा धनीको हक सिर्जना भएको धेरै समयको अन्तरालपछि वडा समितिको अस्पष्ट सिफारिसलाई आधार लिई निवेदन मागबमोजिम आदेश जारी गर्नु पनि मनासिब देखिन नआउने।

बाबु मोहीको मृत्युपश्चात् निवेदिकाको पत्नी एवम् मोहीका छोरा सोहनलाल लोनियाले आफ्नो नाउँमा मोही हक नामसारी गराई आफ्नो नाउँमा मोही कायम गराउन सकेको देखिँदैन भने निवेदिका सोहनलाल लोनियाको श्रीमती भएको भन्ने अस्पष्ट सिफारिसको आधारमा आफ्ना पतिको नाममा मोही नामसारी भई मोही नै कायम नभएको जग्गाको मोही यी निवेदिकाको नाममा नामसारी गरिदिनु पर्ने र

हुने कानूनी आधार नै देखिन आउँदैन । उल्लिखित सन्दर्भ तथा दाबीको जग्गा सर्जमिन मुचुल्काबमोजिम जग्गाधनीको जोत गोडमा रहेको देखिएकोसमेतको आधारबाट समेत मायावती सोनारनी जग्गाधनी रहेको जग्गाको मोही दरवारी लोनियाको नाउँ भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१)(ग) बमोजिम मोही लगतबाट कट्टा गरी स्रेस्ता सच्चाई दिने निर्णय गरेको भूमि सुधार कार्यालय, बाँकेको मिति २०५५।२।१३ को निर्णय कानूनसम्मत नै देखिँदा परिवर्तन गर्नुपर्ने देखिन नआउने।

अत: माथि उल्लिखित आधार, कारण तथा कानूनी व्यवस्थाको रोहमा धनपता कर्मीले मिति २०६८।७।३० मा भूमि सुधार कार्यालय, बाँकेमा दर्ता गराएको मोही लगत कट्टा गरिपाउँ भन्ने निवेदनमा मोही दरवारी लोनिया परलोक भएको र मोही हक पाउने कानूनबमोजिमको पत्नी छोराहरू कोही नभएको उल्लेख भएको आधार लिई दर्ता गरेको निवेदनबमोजिम मोही लगत कट्टा गर्ने गरी भूमि सुधार कार्यालय, बाँकेले मिति २०६८।९।३ मा गरेको निर्णय कानूनसम्मत् ठहऱ्याएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७२।१।३० को आदेश न्याय र कानूनसम्मत देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७५ साल असोज ७ गते रोज १ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-CI-०५६९, अंशनामसारी, *बेचन जोल्हा वि. हलिम (जोल्हा) मुसलमानसमेत*

नवलपरासी जिल्ला अदालतबाट मिति २०७०।१२।११ मा फैसला भएकोमा उक्त मिति २०७०।१२।११ को फैसलामा भएको त्रुटि सच्याई रमपुरवा वडा नं.३क को कि.नं. ८४ र ३०७, ऐ. वडा नं.४ कि.नं. ५६२ र हरपुर वडा नं. ९ को कि.नं. ३० को प्रतिवादी इद्रिश जोल्हाबाट पेस भएको तायदाती फाँटवारीमा उल्लिखित जग्गाहरूसमेत फैसलाको तपसिल खण्डमा लेखिन छुट भएको हुँदा त्रुटि सच्याई तपसिल खण्डमा समावेश गरिपाउँ भनी मिति २०७१।५।३ मा वादी बेचन जोल्हाको नवलपरासी जिल्ला अदालतमा निवेदन परेकोमा, "उक्त फैसलाको तपसिलमा उल्लिखित प्रतिवादी अलाउद्धिन जोल्हा, कमरूद्धिन जोल्हा, हसिबुन निसा, सालिम जोल्हा, हस्मती अली जोल्हा, सागिर अली जोल्हा र सितारा नेसाको नाउँमा रहेका विभिन्न बन्डा नलाग्ने निजी आर्जनको जग्गाको स्थानमा क्रमश: निजहरूका नाममा रहेका उक्त जग्गाहरू बन्डा लाग्ने जग्गा कायम हुने तथा प्रतिवादी इद्रिश जोल्हाबाट पेस भएको तायदाती फाँटवारीमा उल्लिखित जग्गा फैसलाको तपसिल खण्डमा लेखिन छुटेको सम्पत्तिसमेत उल्लेख गरी सच्चाई पाउँ भनी निवेदन माग गरेको सम्बन्धमा तत्काल अवस्थामा पेस भएको सम्पत्ति र दर्ता स्रेस्ता मेल नखाई फैसलामा उल्लेख भएको नदेखिँदा सो सम्बन्धमा यस अदालतबाट केही बोलिरहन मिलेन" भन्नेसमेतको बेहोरा उल्लेख भई मिति २०७१।५।११ मा नवलपरासी जिल्ला अदालतबाट पहिलो संशोधन आदेश भएको देखिने।

तत्पश्चात् तपसिल खण्डमा तायदाती सार्दा प्रतिवादी इद्रिश जोल्हाबाट पेस भएको रमपुरवा, वडा नं.३क को कि.नं. ८४, ऐ. कि.नं. ३०७, ऐ. वडा नं.४ कि.नं.५६२ र हरपुर वडा नं. ९, कि.नं. ३० समेतका जग्गाहरू फैसलाको तपसिलमा सार्न छुट भएको हुँदा उक्त जग्गाहरूसमेत फैसला तपसिल खण्डमा सच्चाई समावेश गरिपाउँ भनी वादी वेचन जोल्हाको तर्फबाट पुन: सोही जग्गालाई लिई निवेदन परेकोमा प्रतिवादीहरू अलाउद्धिन जोल्हा, सलिम जोल्हासमेतले उक्त

निवेदन बेहोरासँग सहमत भई निवेदन साथै हाजिर भएकोमा "फैसला लेख्दा भुलवश प्रतिवादी इद्रिश जोल्हाबाट पेस भएको तायदाती फाँटवारी सार्न छुट भएको देखिँदा उक्त इद्रिश जोल्हाबाट पेस भएको तायदाती फाँटवारीअनुसार स्व. सरदार मुसलमानका नाम दर्ताको जि.न.प. रमपुरवा गा.वि.स. वडा नं.३ क कि.नं.८४, ३०७, ऐ. वडा नं. ४ को कि.नं.५६२ र ऐ. हरपुर गा.वि.स. वडा नं. ९ कि.नं.३० समेतका जग्गाहरू सुरू २०७०।१२।११ को फैसलामा समावेश हुने गरी तपसिल खण्डमा जिल्ला अदालत नियमावली, २०५२ को नियम ५२ बमोजिम संशोधन गरिदिएको छ" भन्नेसमेत बेहोरामा नवलपरासी जिल्ला अदालतबाट मिति २०७१।९।१७ मा दोस्रो संशोधन आदेश भएको देखियो। यसरी इद्रिश जोल्हाबाट पेस भएको तायदाती फाँटवारीमा उल्लिखित जग्गा फैसलामा समावेश हुने गरी संशोधन गर्ने गरी सुरू नवलपरासी जिल्ला अदालतले मिति २०७१।९।१७ मा गरेको आदेश पूर्वआदेश प्रतिकूलको देखिने।

तसर्थ यसमा इद्रिश जोल्हाबाट पेस भएको तायदाती फाँटवारीमा उल्लेख भएका जग्गा ठहर खण्डमा किटानसाथ बन्डा नलाग्ने भनी उल्लेख नभएको तथा तपसिल खण्डमा उक्त जग्गाहरू उल्लेख नै नभएको अवस्थामा यी पुनरावेदक वादीले उक्त जग्गासमेत तपसिल खण्डमा समावेश गरिपाउँ भनी मिति २०७१।०५।०३ मा निवेदन दिएकोमा "तत्काल अवस्थामा पेस भएको सम्पत्ति र दर्ता स्रेस्ता मेल नखाई फैसलामा उल्लेख भएको नदेखिँदा सो सम्बन्धमा यस अदालतबाट केही बोलिरहन मिलेन" भनी सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०७१।५।११ मा पहिलो संशोधन आदेश भएकोमा इद्रिश जोल्हाबाट पेस भएको तायदाती फाँटवारीमा उल्लेख भएका सोही नवलपरासी जिल्ला, रमपुरवा गा.वि.स. वडा नं. ३ क कि.नं.८४, कि.नं.३०७, ऐ. वडा नं. ४ को कि.नं. ५६२ र ऐ. हरपुर गा.वि.स. वडा नं. ९ कि.नं. ३० का जग्गाहरूको विषयमा पहिले गरेको संशोधन आदेशको विपरीत हुने गरी उल्लिखित जग्गाहरूसमेत सुरू मिति २०७०।१२।११ को फैसलामा समावेश हुने गरी तपसिल खण्डमा संशोधन गरिदिने गरी सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०७१।९।१७ मा दोस्रो संशोधन आदेश भएको देखिन आयो। यसरी उल्लिखित संशोधन आदेशहरू मिति २०७०।१२।११ को मूल फैसलालाई विवादास्पद बनाई गरेको पाइयो। साथै तायदातीमा उल्लिखित के कुन कित्ता नम्बरका जग्गा बन्डा लाग्ने हो ? कुन जग्गा बन्डा नलाग्ने हो ? सोसमेत स्पष्ट खुलाइएको नदेखिएको स्थितिमा सुरू नवलपरासी जिल्ला अदालतले मिति २०७०।१२।११ मा गरेको फैसला र सो फैसलालाई संशोधन गर्ने गरी नवलपरासी जिल्ला अदालतले मिति २०७१।५।११ र मिति २०७१।९।१७ मा गरेको आदेशसमेत बदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआउने।

अत: विवेचित तथ्य, आधारसमेतबाट नवलपरासी जिल्ला अदालतबाट मिति २०७०।१२।११ मा भएको फैसला र सो फैसलालाई संशोधन गर्ने गरी मिति २०७१।५।११ र मिति २०७१।९।१७ मा भएका संशोधन आदेशहरूसमेत बदर गरी, अब जे जो बुझ्नु पर्ने हो ? पुन: बुझी, बन्डा गर्नुपर्ने वा नपर्ने सम्पत्ति यकिन किटान गरी, पुनः निर्णय गर्नु भनी मुद्दाका पक्षहरूलाई सुरू अदालतमा उपस्थित हुन जाने तारेख तोकी पुनः निर्णयको लागि मिसिल नवलपरासी जिल्ला अदालतमा पठाइदिने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।१०।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कृति थापा

इति संवत् २०७५ साल असोज २ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** ०७६-WH-०२६२,

बन्दीप्रत्यक्षीकरण, *विकास थापा र राजकुमार मगरसमेत २ जनाको हकमा नवराज थापा वि. महानगरीय प्रहरी परिसर, जावलाखेल, ललितपुरसमेत*

विपक्षीको लिखित जवाफबाट रिट निवेदक विकास थापा र राजकुमार मगरसमेतका डेराकोठामा गैरकानूनी रूपमा चन्दा संकलन गरेको रसिदको अर्धकट्टीलगायतको अन्य कागजातहरूसमेत फेला परी निजहरूउपर अवैध चन्दा असुली मुद्दा दर्ता भई ललितपुर जिल्ला अदालतबाट हिरासतमा राख्न समयमा नै म्याद थप भएको, निज निवेदकहरूको अनुसन्धान अधिकारीसमक्षको बयान, चन्दा उठाउन स्वीकृत लिए / नलिएको बुझ्ने र चन्दा दाता उद्योगी व्यवसायीहरूलाई बुझ्न पत्राचार गर्नेसमेतको अनुसन्धान कार्य सम्पन्न भइसकेको तर पत्राचार गरिएका पत्रहरूको जवाफ प्राप्त गर्ने, बुझ्नुपर्ने मानिसहरू बुझ्ने, अनुसन्धान राय प्रतिवेदन तयार गरी मिसिल पेस गर्नेलगायतको अनुसन्धानसम्बन्धी अन्य कार्यहरू बाँकी रहेकोले निजहरू हालसम्म थुनामा रहेको हो भनी उल्लेख भएको देखिन्छ । यसरी अवैध चन्दा असुलीसम्बन्धी मुद्दाको अनुसन्धानको लागि अनुसन्धान गर्ने निकायबाट मुद्दा हेर्ने निकाय जिल्ला अदालतको अनुमति लिई थुनामा राखी अनुसन्धान भइरहेको देखिएकोले निवेदकहरूको थुना गैरकानूनी हो भनी भन्न सक्ने अवस्था देखिँदैन । कानूनबमोजिम अधिकारप्राप्त अधिकारीले अवैध चन्दा असुलीसम्बन्धी कसुरमा अनुसन्धान गर्न भनी विधिवत् अनुमति भइरहेको अवस्थामा अनुसन्धानको कार्य अवरूद्ध हुनेगरी यस अदालतबाट आदेश जारी गर्न मिल्ने पनि देखिँदैन । निजहरूको कार्य कानूनन वा गैरकानूनी के हो ? सो कुरा उक्त मुद्दाबाट निर्क्यौल हुने नै हुँदा हालको प्रारम्भिक अनुसन्धानकै चरणमा रहेको मुद्दामा संलग्न यी निवेदकहरूको थुना गैरकानूनी हो भनी भन्न मिल्ने नदेखिने ।

तसर्थ, विवेचित मुद्दाको तथ्य, आधार र कारणहरूबाट समेत निवेदकहरूलाई मुद्दा हर्ने अधिकारप्राप्त निकाय ललितपुर जिल्ला अदालतले अवैध चन्दा असुलीसम्बन्धी कसुरको अनुसन्धानको लागि थुनामा राख्न पाउने म्याद दिई राखेको अवस्थामा निजहरूको थुना गैरकानूनी नदेखिँदा मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: करूणा श्रेष्ठ

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल फागुन १२ गते रोज २ शुभम् ।

## इजलास नं. १६

१

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७३-CR-१७०५, जबरजस्ती करणी, *नेपाल सरकार वि. तारकनाथ सापकोटा*

प्रतिवादी तारकनाथ सापकोटाले अधिकारप्राप्त अधिकारीसमक्षको बयान र अदालतसमक्ष गरेको बयान दुवैमा अभियोगमा इन्कार रहेको पाइन्छ । पीडितको घरमा आमा वैदेशिक रोजगारको लागि विदेशमा रहेको र घरमा पीडित, बुबा र उनको दाजुसहित तीनजना सँगै बस्दै आइरहेको भन्ने कुरा मिसिलबाट देखिन्छ । पीडितले आफ्नो बयानमा घटना हुनु ३/४ महिनाअघिदेखि प्रतिवादीले आफूलाई अप्राकृतिक रूपमा शरीरमा छुने चलाउने र चुम्बन गर्ने गरेको भनी लेखाएको पाइन्छ । आफूलाई ३/४ महिनादेखि त्यस्तो व्यवहार गरिरहेको कुरा किन पीडिताले आफ्नो सँगै बस्ने दाजुलाई व्यक्त गरिनन् भन्ने कुरा विचारणीय देखिन्छ । पीडिताले घरमा कसैलाई पनि थाहा जानकारी नदिई घरमा रहेको नगद रू.५,०००।- लिई भारतको कोलकाता जान हिँडेकोमा वीरगन्ज रक्सौल बोर्डरमा पुगेको अवस्थामा माइती नेपालले फेला पारी काठमाडौं ल्याएको भन्ने तथ्यमा

विवाद देखिँदैन। पीडिताले आफ्नो बयानमा ३/४ हजार बोकेर हिँडेको भनी लेखाएको पाइन्छ जबकी निजले रू.५०००।- बोकेर गएको भन्ने कुरा पीडिताका बाबु र दाजुको बयानबाट पुष्टि भइरहेको देखिन्छ। घरबाट आफूखुसी पैसा लुकाएर काठमाडौंमा बस्ने मान्छे भारतको कोलकत्तामा जाने हिम्मत राख्ने पीडिताले आफ्नो बाबुले आफूमाथि अनैतिक व्यवहार गरेकोमा कुनै प्रतिकार नै नगरी वा कसैलाई केही नबताई बसेको भन्ने भनाइ पत्यारलायक नदेखिने।

अब, प्रतिवादीलाई सुरू अभियोग मागदाबीबमोजिम नै सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. मा "जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ" भन्ने व्यवस्था रहेको पाइन्छ। यसमा पीडितको संरक्षक भई माइती नेपालको कर्मचारी चनमती बानियाले दायर गरेको जाहेरी दरखास्त र पीडिता आफैँले गरेको कागजसमेतलाई विचार गर्ने हो भने बाबुले आफू सुतेको विस्ताराबाट मेरो विस्तरामा आई मेरो स्तन समाउने, छातीतर्फ सुमसुमाउने किस गर्ने जस्ता कार्य गरेकोले भनी लेखाएको पाइन्छ तर जबरजस्ती करणी नै गर्ने कोसिस गरेको भनी लेखाएको नपाइएको यस्तो अवस्थामा अभियोग दाबीलाई पुष्टि गर्ने तथ्ययुक्त भरपर्दो कुनै पनि सबुत प्रमाण पनि पेस गर्न सकेको मिसिलमा पाइँदैन । अपराध हुनलाई नियतको भूमिकाबारे अनभिज्ञ रहने हो भने त्यसबाट फौजदारी न्यायको सिद्धान्तको उद्देश्य र मर्ममा नकारात्मक प्रभाव र असर छोड्छ भन्ने कुरालाई बिर्सन मिल्दैन। अपराध हुनको लागि नियतवश मनसायबाट प्रेरित भई तयारीका साथ कार्यको लागि उन्मुख भएको देखिनु आवश्यक हुन्छ। एउटा अविभावकले आफ्नो सन्तानलाई स्नहेभावले छुने र सामान्य चुम्बन गर्ने भन्ने कुरा हामी सबैमा सामान्य नै हो तर आफूले घरमा थाहा जानकारी नदिई पैसासमेत लिई घर छोडी हिँडेको अवस्थामा समातिएपछि बाबुको डरको कारणले बाबुमाथि झुटा आरोप लगाएको हुनसक्ने भनी सहजै अनुमान गर्न सकिने अवस्था मिसिलमा रहेको पाइन्छ। जुन कुरा तथ्य आफैँले बोलिरहेको देखिने।

कुनै पनि ठोस प्रमाण बिना कसैलाई जबरजस्ती करणीको उद्योग र हाडनातामा करणी गर्नेको महलको १ नं. बमोजिमको सजाय दिनु न्यायको रोहमा मुनासिब देखिँदैन । पीडित आफैँले मलाई प्रतिवादी बाबुले जबरजस्ती करणी गर्ने प्रयास गरेको भनी कहीँकतै उल्लेख गरेको अवस्था नहुँदा प्रतिवादीलाई दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत पाटनबाट मिति ०७२।११।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हिरा डंगोल

इति संवत् २०७६ साल फागुन ३० गते रोज ६ शुभम्।

**२**

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७४-CR-११९४, जबरजस्ती करणी, *नेपाल सरकार वि. लछी कामी*

पीडित परिवर्तित नाम जुम्ला 'घ' ले "वारदातको दिन बिहान वनमा काठ लिन साथीहरूसँगै गएकोमा साथीहरू घरमा आइसकेपछि प्रतिवादी लछी कामीले आफूलाई अं. १० मिनेटजति जबरजस्ती करणी गरी कोही कसैलाई नभन्नु भनी आफ्नो लुगा लगाई भागी गएको हो। म रूँदै कराउँदै घरमा आएपछि उक्त घटनाबारे बाबु, आमा र छरछिमेकीलाई भनेपछि थाहा पाएका हुन्" भनी मौकाको कागजमा बयान गरेको देखिन्छ । निज पीडित अदालतमा उपस्थित भई बकपत्र गर्दा भने "प्रतिवादीले मेरो भित्री कट्टुसमेत खोली जबरजस्ती करणी गरेको थियो। मलाई करिब ५ मिनेटसम्म करणी गर्ने क्रममा प्रतिवादी लछी कामीले म तिमीलाई मन पराउँछु भनी बारम्बार भनिरहेको, करणी गरिसकेपछि आफ्ना पेन्टसमेतका कपडा खोलानिर

छोडेर भागेको, म पनि उठेर कपडा लगाई बाटोमा राखेको काठ बोकी रूँदै घरतिर गएकी, घरमा जाँदा बाबा आमा कोही पनि घरमा नभई सबैजना काममा गएका थिए भनी बकपत्रको स. ज. ५ मा लेखाएको देखिने।

यसरी, जबरजस्ती करणीजस्तो गम्भीर अपराधमा प्रतिवादीको संलग्नता सम्बन्धमा पीडितले मौकामा र अदालतमा फरक फरक बेहोराको बयान लेखाएबाट पीडितको मौकाको कागज र बकपत्रमा एकरूपता रहे भएको देखिँदैन। त्यसमाथि बकपत्रमा प्रतिवादीले आफूलाई जबरजस्ती करणी गर्दा आफू चिच्याएको वा कराई प्रतिरोध गरेको भनी लेखाउन सकेकोसमेत देखिँदैन । पीडितको शारीरिक तथा मानसिक जाँचबाट निजको भर्खरै करणी गरिएको जस्तो कुनै पनि चिह्न भेटिएको थिएन भन्ने बुझिएका विशेषज्ञ डा. भूमिका बुढाथोकीले गरेको बकपत्रबाट समेत पीडितमाथि घटित भएको भनिएको अपराध वा प्रतिवादीले गरेको भनिएको कसुर नै विश्वसनीय नदेखिने।

यसरी, प्रतिवादीले पीडित जुम्ला 'घ' लाई जबरजस्ती करणी गरेको भन्ने वादी दाबी प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी नेपाल सरकारले शङ्कारहित तवरबाट पुष्टि गर्नसमेत नसकेको देखिँदा प्रतिवादीलाई अभियोग माग दाबीबाट सफाइ दिने ठहऱ्याएको सुरू अदालतको फैसला नै सदर गरी भएको पुनरावेदन अदालत जुम्लाको फैसला बदर गरी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। अतः माथि उल्लेख भई विवेचनासमेत भएको आधार ऐन, प्रमाणबाट पुनरावेदन अदालत जुम्लाको मिति २०७१।१२।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हिरा डंगोल

इति संवत् २०७६ साल फागुन ३० गते रोज ६ शुभम्।

## एकल इजलास

१

**स.प्र.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा.,** ०७६-WO-०७२४, उत्प्रेषण, *लडे बोहरा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

प्रस्तुत रिट निवेदनमा निवेदकले एकातिर विपक्षीहरूको निर्णयले आफ्नो संवैधानिक र कानूनी हकमा आघात पुगेको भनी उल्लेख गरेको अवस्था देखिन्छ भने अर्कोतिर निर्णय गरेको १५ वर्षभन्दा पनि बढी अवधि व्यतित भएपछि उपचार खोज्न रिट दर्ता गरी अदालतमा प्रवेश गरेको अवस्था देखिन्छ । निवेदकले आफ्नो संविधान र कानूनप्रदत्त हकमा आघात पुगेको भए समयमै उपचार खोज्न अदालत प्रवेश गर्नुपर्ने तथा आफ्नो पीडा र चिन्ता समयमै अदालतसमक्ष व्यक्त गर्नुपर्नेमा सो गरेको देखिँदैन, साथै निर्णय भएको १५ वर्षभन्दा बढी अवधि व्यतित भएपछि अदालत प्रवेश गर्नुपरेको औचित्यपूर्ण र विश्वसनीय कारणसमेत निवेदकले रिट निवेदनमा प्रस्तुत गर्न सकेको देखिँदैन । कानूनमा रिट निवेदनमार्फत उपचार माग गर्ने हदम्याद तोकिएको हुँदैन तर हदम्याद नतोकिँदैमा जुनसुकै निर्णय वा घटनाको जहिलेसुकै निवेदन दिन र उपचार प्राप्त गर्न सकिन्छ भन्ने होइन। रिट निवेदनमार्फत उपचार माग गर्ने निवेदकले आफ्नो संवैधानिक वा कानूनी हकमा आघात परेपछि तत्कालै उपचार माग गर्नुपर्दछ, यदि तत्कालै उपचार माग गर्न नसकी ढिला हुन गएमा त्यसरी ढिलो हुनुको औचित्यपूर्ण कारण स्थापित गर्न सक्नुपर्दछ तर प्रस्तुत रिट निवेदनमा निवेदकले समयमै उपचार माग गर्न अदालत, प्रवेश गरेको देखिँदैन भने ढिला उपचार माग गर्नु परेको औचित्यपूर्ण र विश्वसनीय कारण स्थापित गर्न सकेकोसमेत देखिँदैन। समयमै आफ्नो अधिकारप्रति सचेत हुने वा समयमै उपचार खोज्न अदालत, प्रवेश

गर्नेलाई मात्र अदालतले सहयोग गर्नुपर्दछ । यो नै विलम्बको सिद्धान्तको विधिशास्त्रीय मान्यता हो। यही मान्यतालाई यस सर्वोच्च अदालतले स्वीकार गरेको तथा विभिन्न रिट निवेदनमा अवलम्बनसमेत गरेको अवस्था छ । यस सम्बन्धमा लामो अवधि व्यतीत हुनाको आधार प्रस्तुत गर्न नसक्ने निवेदकलाई सर्वोच्च अदालतले असाधारण अधिकार क्षेत्रअन्तर्गतबाट सहयोग गर्न सक्ने अवस्था हुँदैन भनी यस अदालतबाट व्याख्या भई *ने.का.प.*२०६४ नि.नं.७८६५ मा सिद्धान्त प्रतिपादनसमेत भइसकेको देखिने।

तसर्थ उल्लिखित विवेचनासमेतका आधारमा निर्णय भएको १५ वर्षभन्दा बढी अवधि व्यतीत भइसकेपछि उपचार माग गर्न अदालत, प्रवेश गरेको तथा त्यसरी ढिलो उपचार माग गर्न आउनु पर्नाको विश्वसनीय आधार र कारणसमेत निवेदनमा उल्लेख गर्न नसकेको अवस्था हुँदा प्रस्तुत रिट निवेदनमा निवेदनको औचित्यभित्र प्रवेश थप विवेचना गरिरहनु उपयुक्त देखिएन, अतः अनुचित विलम्ब गरी दायर हुन आएको देखिँदा प्रस्तुत निवेदनमा कारण देखाउ आदेश जारी गरी विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु पर्ने अवस्थासमेत देखिन आएन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७६ साल माघ १६ गते रोज ५ शुभम्।

२

**स.प्र.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा.**, ०७६-WO-१०४८, उत्प्रेषण / परमादेश, *पूर्ण तण्डुकारसमेत वि. अधिकार सम्पन्न बाग्मती एकीकृत विकास समिति, गुहेश्वरी, काठमाडौंसमेत*

रिट निवेदनमा उल्लेख भएको विषय जग्गाको दर्ता तथा निर्णय बदरसँग सम्बन्धित विषय भएकोले त्यस्तो विषयमा ऐतिहासिक वा विभिन्न प्रकारका कागज प्रमाण केलाई तथ्य र प्रमाणका आधारमा निर्णय दिनुपर्दछ। सैद्धान्तिक दृष्टिबाट पनि यस्तो तथ्य प्रमाण केलाई निर्णय दिने विषयमा सामान्य कानूनअन्तर्गत परी रिट क्षेत्रअन्तर्गत पर्न पाउँदै, साथै त्यस्तो विषयमा निर्णय गर्ने अधिकार सामान्य कानूनअन्तर्गतको मालपोत ऐनको दफा ८ ले मालपोत कार्यालयलाई भएको देखिन्छ भने मालपोत ऐन, २०३४ को दफा ३१ अनुसार मालपोत कार्यालयले गरेको निर्णयउपर जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेको देखिने।

यसप्रकार नेपाल सरकारबाट मिति २०५९।७।१३ मा भएको निर्णय तथा मालपोत कार्यालय, डिल्लीबजारबाट भएको निर्णयउपर रिट निवेदकले सामान्य कानूनको माध्यमबाट उपचार खोज्न तथा उपचार प्राप्त गर्न सक्ने अवस्था रहेको देखियो । सामान्य कानूनी व्यवस्थाअन्तर्गत तथा साधारण अधिकार क्षेत्रअन्तर्गत उपचार प्राप्त हुन सक्ने अवस्थामा रिट क्षेत्राधिकार आकर्षित हुँदैन। सामान्यतः अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएपनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन हुने देखिएको अवस्थामा मात्र रिट क्षेत्राधिकार अकर्षित हुन्छ यो नै रिट क्षेत्रको वा असाधारण अधिकार क्षेत्रको विधिशास्त्रीय मान्यता पनि हो। प्रस्तुत रिट निवेदनमा निवेदकले २०५९।७।१३ मा भएको निर्णय बदरको माग गरेको देखिन्छ तर सो निर्णय बदर गर्न अन्य सामान्य मार्ग अवलम्बन गरी अन्तिम टुङ्गोमा पुगेको वा त्यस्तो सामान्य मार्ग अवलम्बन गर्दा न्याय प्राप्त गर्न सक्ने अवस्था नरहेको भन्ने अवस्था उल्लेख गरेको देखिन आएन । तसर्थ रिट निवेदकले उल्लेख गरेको विषय निजले सामान्य कानूनअन्तर्गत वा साधारण क्षेत्राधिकारबाट उपचार प्राप्त गर्न सक्ने प्रकृतिको विषय भएकोमा निजले त्यस्तो सामान्य कानूनअन्तर्गतको मार्ग अवलम्बन नगरी असाधारण अधिकारक्षेत्र प्रयोग गरी प्रस्तुत रिट निवेदन दिएकोलाई औचित्यपूर्ण र मनासिब मान्न नमिल्ने।

अतः विवेचित आधार र कारणसमेतबाट प्रस्तुत निवेदनमा रिट निवेदकले उठाएको विवादको विषय सामान्य कानूनी मार्गबाट निरूपण हुने प्रकृतिको भएकोले तथा प्रस्तुत निवेदनलाई असाधारण अधिकार क्षेत्रअन्तर्गत हेर्नुपर्ने आधार र कारणसमेत उल्लेख भएको नदेखिँदा निवेदकको मागबमोजिम कारण देखाउ आदेश गरी विपक्षीबाट लिखित जवाफ मगाई थप विवेचना गरिरहनुपर्नेसम्मको अवस्था देखिन आएन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७७ साल असार १४ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा**, ०७६-WO-०९६८, उत्प्रेषण, *अधिवक्ता डा.श्री पुण्यप्रसाद खतिवडासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सामान्यतयाः सबै तहका शैक्षिक गतिविधि नियमित रूपमा निर्धारित कार्यतालिकाअनुसार सञ्चालन हुनु पर्दछ। यस हदमा विवाद र धेरै चर्चा परिचर्चा गरिरहनु पर्ने आवश्यकता देखिँदैन। तर यस प्रकारका शैक्षिक गतिविधिका कुरालाई सधैँ एउटै मापदण्डबाट हेर्ने र निरपेक्ष रूपमा प्रयोगमा ल्याउने कुरा पनि तर्कपूर्ण देखिँदैन। कोभिड-१९ महामारीबाट शैक्षिक गतिविधि मात्र नभएर सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक आदि राष्ट्रिय जीवनका विविध पक्षमा गम्भीर असर परेको देखिन्छ। स्वभावतः यसबाट शैक्षिक गतिविधिमा समेत असर परेको छ। तर यसरी असर पर्‍यो भन्दैमा महामारीबाट सिर्जित जोखिमप्रति उदासीन भई सबै प्रकारका सार्वजनिक गतिविधि सञ्चालन गर्नु पर्दछ भन्नु उचित हुँदैन। बन्दाबन्दी रहेको, सार्वजनिक यातायातका साधनहरू नियमित रूपमा सञ्चालन नभएको, सङ्क्रमणको क्रम निरन्तर बढ्दै आएको, सामाजिक दुरी कायम गर्ने कुरामा अझबढी सचेष्ट रहनु पर्ने अवस्था रहेको र आम-जनस्वास्थ्यमा चुनौती थप हुँदै आएको वर्तमान अवस्थामा लाखौंको संख्याका छात्र-छात्राहरू सामेल हुने एस.ई.ई. परीक्षा सञ्चालन तत्काल गर्नुपर्छ भन्ने कुरा मनासिब नदेखिने।

यसका अतिरिक्त निवेदकले उठाएका प्रश्न वा विषयहरू अनिश्चित, अस्पष्ट (Vague) देखियो; न्यायिक निरूपण र न्यायिक व्यवस्थापनका लागि उपयुक्त विषय (Judicially manageable विषय) भन्ने देखिएन। महामारीबाट पैदा भएको परिस्थिति, जटिलता, कार्य-सञ्चालनको सम्भाव्यता वा अनुकूलता, जनस्वास्थ्यउपरको चुनौती जस्ता कुराहरू मूल्याङ्कन गर्ने कुरा आधारभूत रूपमा प्राविधिक विषयहरू हुन्। परीक्षा कहिले, कुन मितिमा सञ्चालन गरिनु पर्दछ, परीक्षाको व्यवस्थापन कसरी गरिनु पर्दछ, पठन-पाठन कसरी सञ्चालन गर्ने हो भन्ने जस्ता विषयहरू सरकारको सम्बद्ध निकायका शिक्षाविद्हरूबाट निर्धारण गरिनु पर्ने कुराहरू हुन्। सम्बन्धित निकायबाट कानूनबमोजिम गर्नुपर्ने कार्य नगरेको वा कानूनबमोजिम गर्न नहुने कार्य गरेको कारणबाट कसैको मौलिक वा कानूनी हक अधिकारमा आघात परेको भन्ने देखिने अवस्थामा शैक्षिक गतिविधि सञ्चालनको विषय पनि न्यायिक निरूपणको विषय बन्न सक्तछन्। त्यसप्रकारको अवस्था नदेखिएसम्म यस प्रकारका शैक्षिक गतिविधि सञ्चालनको कुरालाई न्यायिक निरूपणको विषय बनाउनु केवल बौद्धिक-विलास वा प्राज्ञिक सन्तुष्टिको अभ्यास हुन जान्छ। पठनपाठन तथा परीक्षा सञ्चालन गर्ने कुरा परिस्थितिको मूल्याङ्कन गरेर नेपाल सरकारका सम्बद्ध निकायलगायतका शैक्षिक संस्थाहरूबाट उचित समयमा उचित निर्णय हुने कुरामा अहिले नै अन्यथा सोच्नु पर्ने कारण देखिँदैन। तसर्थ रिट निवेदकले उल्लेख गरेका कुरालाई न्यायिक परीक्षणको विषय बनाउनु मनासिब नदेखिने।

अतः निवेदकले उल्लेख गरेको जिकिरका सन्दर्भमा हेर्दा विपक्षीहरूका नाउँमा कारण देखाउ आदेश जारी गर्नुपर्नेसम्मको गरे-बिराएको जस्तो देखिने अवस्था (Prima Facie Case) देखिएन । निवेदन जिकिरबाट प्रथमदृष्टिमा नै सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४६(१) बमोजिम निवेदन जिकिर उचित र कानूनसङ्गत नदेखिएको अर्थात् कारण देखाउ आदेश जारी गर्नुपर्नेसम्मको पूर्वावस्था विद्यमान रहेको नदेखिएको हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल जेठ २५ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री आनन्दमोहन भट्टराई**, ०७६-WH-००९८, बन्दीप्रत्यक्षीकरण, *अधिवक्ता डा.श्री कृष्णप्रसाद वाग्लेको हकमा सुवास वाग्ले वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत*

निवेदकलाई कास्की जिल्ला अदालतबाट विष्फोटक पदार्थ, आपराधिक उपद्रव र राज्य विरूद्धको कसुरसमेत तीन छुट्टाछुट्टै मुद्दामा मिति २०७६।६।९ मा साधारण तारेखमा छाडिएकोमा निजलाई त्यसै दिन जिल्ला प्रहरी कार्यालय, कास्कीबाट खटिएका प्रहरीले पुनः पक्राउ गरी गोरखा पुऱ्याई जिल्ला प्रहरी कार्यालय गोरखाको हिरासतमा राखिएको भन्ने निवेदन जिकिर रहेको छ । निज बन्दी कृष्णप्रसाद वाग्लेलाई मिति २०७६।६।१० मा पक्राउ गरी सार्वजनिक शान्ति विरूद्धको कसुरमा जिल्ला प्रशासन कार्यालय, गोरखाबाट प्रथम पटक म्याद थप गरिएको भन्ने विपक्षीको लिखित जवाफबाट देखिन्छ । कुनै पनि व्यक्तिलाई कुनै पनि आरोपमा पक्राउ गर्दा निजले आरोपित कार्य गरेको अवस्थाको विद्यमानता हुनु जरूरी हुन्छ । जसलाई हामी आरोपको पूर्वावस्था (Pre-condition) भन्न सक्छौं । त्यस्तै कुनै आरोपित कार्य गर्न मानिसलाई त्यस्तो कार्यको प्रकृतिअनुसार समय लाग्ने अवस्था रहन्छ । खास समयको अभावमा कुनै खास कार्य गर्न सक्ने अवस्था हुँदैन । प्रस्तुत रिट निवेदनमा निवेदकलाई सुरूमा मिति २०७६।५।६ मा पक्राउ गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएपछि पुनः पक्राउ गरिएको र जिल्ला प्रहरी कार्यालय तनहुँ र त्यसपछि कास्की जिल्ला प्रहरी कार्यालयबाट मुक्त गरिएको दिन नै निज बन्दी कृष्णप्रसाद वाग्लेलाई गोरखाको प्रहरी कार्यालयको हिरासतमा राखिएको भन्ने निवेदन जिकिर, निजलाई म्याद थप गरिएको उल्लिखित मिति, कास्की र गोरखाबिचको भौगोलिक दुरीसमेतलाई विचार गर्दा विपक्षीले लिखित जवाफमा उल्लेख गरेजस्तो निज बन्दी कृष्णप्रसाद वाग्लेले प्रहरीसँग वादविवाद गाली गलौज, अभद्र व्यवहार गरी सार्वजनिक शान्ति विरूद्धको कसुर गरेको भन्ने कुरा त्यस्तो कार्य गर्ने पूर्वावस्थाको अभावमा विश्वसनीय देखिँदैन । तसर्थ निज बन्दी कृष्णप्रसाद वाग्लेलाई शान्ति विरूद्धको कसुरमा अनुसन्धानको क्रममा गोरखा प्रहरी कार्यालयको हिरासतमा राखिएको थुनालाई स्वाभाविक रूपमा लिन सक्ने अवस्था नदेखिने ।

माथि उल्लेख गरेबमोजिम यी निवेदिका २०७६।५।२४ बाटै प्रहरी हिरासतमा रहेको, लगातार हिरासतमा रहेको र एक जिल्लाबाट अर्को जिल्लामा लगिएको व्यक्तिले प्रहरीलाई अभद्र व्यवहार गऱ्यो भन्ने कुरा पत्यारलायक नभई पूर्वावस्थाको विद्यमानता नदेखिँदा यसमा विपक्षीहरूबाट प्रवृत्त भावनासमेत राखी कार्य गरेकोसमेत अवस्था देखिने ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(२) मा कुनै व्यक्तिलाई कसुरको अनुसन्धानको सिलसिलामा यस परिच्छेदबमोजिम तत्कालै पक्राउ गर्नुपर्ने भएमा त्यसको कारण खुलाई

सम्भव भएसम्म पक्राउ गर्नुपर्ने व्यक्तिको पहिचान खुल्ने विवरणसहित पक्राउ पुर्जी जारी गर्ने अनुमतिको लागि मुद्दा हेर्ने अधिकारीसमक्ष निवेदन दिनुपर्ने छ भन्ने उल्लेख भएको पाइन्छ भने सोको दफा (६) मा उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसुर गर्ने व्यक्ति तत्काल पक्राउ नभएमा त्यस्तो व्यक्ति भाग्ने, उम्कने वा निजले प्रमाण, दशी वा सबुद नष्ट गर्ने मनासिब कारण भएमा त्यस्तो व्यक्तिलाई अनुसूची-९ बमोजिमको ढाँचामा तत्कालै जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ गरी स्वीकृतिको लागि पक्राउ परेको व्यक्तिसहित मुद्दा हेर्ने अधिकारीसमक्ष पेस गर्नुपर्ने छ भन्ने उल्लेख भएको पाइने।

त्यस्तै फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५(१) मा अनुसन्धान अधिकारी वा प्रहरी कार्यालय वा अनुसन्धान गर्ने कार्यालयको प्रमुखले ऐनको दफा ९ को उपदफा (६) बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ गरेको व्यक्ति र सम्बन्धित कागजातहरूसहित पक्राउको स्वीकृतिको लागि अदालतमा पेस गर्नुपर्ने र त्यसरी पेस भएपछि पक्राउको कारण मनासिब देखिएमा अदालतले सोही दफाको उपदफा (२) बमोजिम पक्राउको स्वीकृत दिन सक्ने छ र अदालतले स्वीकृति दिएकोमा सोको अभिलेख अनुसूची-५ बमोजिमको ढाँचामा राख्नु पर्ने छ भन्ने सोही दफाको उपदफा (३) मा व्यवस्था रहेको देखिन्छ। उक्त व्यवस्थाको ध्येय जरूरी पक्राउ पुर्जीको दुरूपयोग नहोस् र तत्काल पक्राउ गर्ने अपरिहार्य भएमा मात्र जरूरी पक्राउ पुर्जी जारी गरियोस् भन्ने हो। प्रस्तुत मुद्दाका विपक्षीहरूले यी निवेदकहरूलाई तत्काल पक्राउ पुर्जी जारी गर्नु पर्नाको मनासिब कारण र स्वीकृत गर्नु पर्नाका मनासिब आधार जिल्ला प्रशासन कार्यालयसमक्ष पेस गरेको च.नं.५७६ मिति २०७६।६।१० को सोसम्बन्धी पत्रमा उल्लेख गर्न सकेको नपाइने।

नेपालको संविधानले कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई स्वतन्त्रताको हकबाट वञ्चित नगरिने कुराको संवैधानिक प्रत्याभूति प्रदान गरेको देखिन्छ। उक्त संवैधानिक व्यवस्थाअनुसार कानूनबमोजिम मात्र कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रतालाई सीमित गर्न सकिने अवस्था रहन्छ। तर उक्त संवैधानिक प्रबन्धले कानूनले तय गरेको विधि प्रक्रियाभन्दा बाहिर गएर वा पालना गर्नुपर्ने विधि र प्रक्रियाको पालना नगरी कुनै व्यक्तिको वैयक्तिक स्वन्त्रताको मार्गलाई अवरूद्ध गर्न भने बर्जित गरेको मान्नु पर्ने हुन्छ। यसै सम्बन्धमा महेन्द्र खड्का विरूद्ध नेपाल सरकार गृह मन्त्रालय सिंहदरबारसमेत भएको बन्दीप्रत्यक्षीकरणको मुद्दामा *(ने.का.प.२०७१,* अङ्क ४, नि.नं.१०२५३) कुनै पनि नागरिकलाई पटकपटक बन्दी बनाई धरौटी माग भएकोमा धरौटी दाखिला भएपछि पनि निरन्तर थुनामा राख्नु अनुचित, अतार्किक र जवाफदेहिताहीन कार्य हुने भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ भने मोहनबहादुर कार्की विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको बन्दीप्रत्यक्षीकरणको मुद्दामा (ने.का.प.२०७६, अंक ३, नि.नं.१०२२२) वैयक्तिक स्वतन्त्रताको अधिकारबाट वञ्चित गर्दा कानूनले तोकेको उचित प्रक्रियाको अनिवार्यरूपमा अनुशरण गर्नुपर्ने, कानूनको उचित प्रक्रियाको अनुशरण नगरी वैयक्तिक स्वतन्त्रतामाथि लगाइएको अङ्कुशले न्यायिक वैधता प्राप्त गर्न नसक्ने, राज्यले कुनै नागरिकप्रति प्रवृत्त धारणा राखेर व्यवहार गर्न नहुने, प्रवृत्त धारणा राखेर गरिएको व्यवहारलाई उचित ठान्न नसकिने, अदालतबाट आदेश जारी भई बन्दीलाई थुनामुक्त गर्नासाथ तत्कालै अदालतको परिसर नजिकबाटै पक्राउ गरी निरन्तर थुनामा राखेको देखिँदा यसलाई अदालतको आदेशको पालना गर्नमा वाञ्छित संवेदनशीलता नअपनाएको र निवेदकहरूउपर प्रवृत्त धारणा राखी बन्दी बनाउने कार्य गरेको मान्नुपर्ने भनी विस्तृत रूपमा सिध्दान्त प्रतिपादन भएको देखिन्छ जुन प्रस्तुत मुद्दाको हकमा समेत सान्दर्भिक

देखिन्छ । उल्लिखित सिद्धान्तसमेत प्रतिपादन भएर रहेको परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनमा पनि कानूनमा भएको आधारभूत व्यवस्थाको पालना नगरी (Due process of law) समेत विपरीत गरी बन्दी कृष्णप्रसाद वाग्लेलाई थुनामा राखिएको कारणबाट निजको स्वतन्त्रताको हक कुण्ठित हुन पुग्ने हुँदा मौलिक हकको संरक्षकसमेत भएको कारणबाट अदालतबाट त्यस्तो थुनालाई गैरकानूनी थुनाको संज्ञा दिन उपयुक्त हुने ।

अतः विवेचित आधार कारणहरूबाट अभद्र व्यवहारमा जरूरी पक्राउ पुर्जी जारी गर्ने, म्याद थप गर्ने आदि जुन कार्यहरू भएका छन् सोमा फौजदारी कार्यविधि संहिताको दफा ९(६) तथा फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५ बमोजिमको कार्यविधि र अवस्था आधारभूत रूपमा पूरा भएको नदेखिई पक्राउ गर्नुपर्ने पूर्वावस्थाको अभाव र प्रवृत्त भावनाको अवस्थासमेत विद्यमान रहेको देखिई यी बन्दी कृष्णप्रसाद वाग्लेको थुना गैरकानूनी पाइँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निजलाई थुनाबाट मुक्त गरिदिने ।

इजलास अधिकृत : ध्रुवराज कार्की

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७६ साल असोज १७ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७५-WO-११९९, उत्प्रेषण, *अधिवक्ता सल्लु तिवारीको वारेस भई आफ्नो हकमा समेत सबिन पोख्रेल वि. सम्माननीय प्रधान न्यायाधीश तथा न्याय परिषद्‌को अध्यक्ष चोलेन्द्र शमशेर ज.ब.रा., सर्वोच्च अदालतसमेत*

विपक्षी न्याय परिषद्‌समेतले गरेको कार्य उल्लिखित संवैधानिक र कानूनी व्यवस्था एवम् अन्तर्राष्ट्रिय कानून र मूल्य मान्यता प्रतिकूल हुने गरी अयोग्य व्यक्तिलाई सिफारिस र नियुक्ति गरिएको भन्ने निवेदकको भनाइमा सत्यता रहे नरहेको सम्बन्धमा हेर्दा, विपक्षीमध्येका रेणुका साहले अधिवक्ताको प्रमाणपत्र लिएर निरन्तर वकालत नगरेको, CTEVT मा काम गरेको हुँदा योग्यता नपुगेको भन्ने कुरा निवेदनमा उल्लेख गरेको भए तापनि निज रेणुका साहले अधिवक्ताको प्रमाणपत्र लिएको कुरालाई निवेदकहरू स्वयम्‌ले स्वीकार गरेको अवस्था छ । CTEVT मा अधिकृत स्तरको कर्मचारीको रूपमा कार्यरत रहेको कुरा जानकारीमा आएको भन्ने कुरासम्म उल्लेख गरेको पाइन्छ । त्यसरी कुनै संस्थामा काम गर्नुलाई नै अयोग्यताको रूपमा लिनुपर्ने भन्ने हुँदैन । प्रमाणपत्र लिएर निरन्तर १० वर्ष वकालत गरेको छैन भन्ने भनाइलाई पुष्टि गर्ने आधिकारिक तथ्य र प्रमाणपत्र लिएको मितिको आधारमा प्रमाणपत्रको आयु नै १० वर्षभन्दा कम छ भनी अवधि खुल्ने प्रमाण निवेदनसाथ पेस गरेको अवस्थासमेत छैन । न्याय परिषद्‌जस्तो जिम्मेवार निकायले निर्णय गर्दा त्यति कुरा नहेरी नियुक्तिको सिफारिस र निर्णय गरेको होला भनी अनुमान गर्नुपर्नेसमेत हुँदैन । यस अवस्थामा निवेदकहरूको सो भनाइमा सत्यता रहेको नदेखिने ।

विपक्षीमध्येका उच्च अदालतको न्यायाधीश पदमा सिफारिस भई नियुक्ति पाएका व्यक्तित्वहरू नवराज थपलिया, उज्वल शुक्ल, डालकुमार खड्का, विमल सुवेदी, सरलाकुमारी पाण्डे, जगतबहादुर थापा, अन्जु उप्रेती कुनै न कुनै रूपमा विपक्षी न्याय परिषद्‌का पदाधिकारीहरू र पूर्व प्रधानन्यायाधीशसँग नाता र सम्पर्कमा रहेका व्यक्तिहरू देखिएको र मोलाहिजा र व्यक्तिगत प्रभावमा परेर सिफारिस र नियुक्तिको निर्णय गरेको देखिन्छ भन्ने निवेदन दाबीको सन्दर्भमा हेर्दा निज विपक्षीहरू नेपाली नागरिक नरहेको, नियुक्ति पाएको पदको लागि आवश्यक योग्यता निजहरूमा नरहेको वा अन्य कुनै किसिमले अयोग्य रहेको भन्ने दाबी निवेदकहरूले गरेको पाइँदैन । कोही कसैको नातेदार हुनु र सम्पर्कमा रहनुलाई नै उसको अयोग्यता बनाई सोही कारणले कुनै पनि नागरिकको समान अधिकारमाथि बन्देज लगाउने आधार सिर्जना गर्नु

निवेदकहरूले उल्लेख गरेबमोजिम नै संवैधानिक, कानूनी र अन्तर्राष्ट्रिय मूल्यमान्यतासमेतको प्रतिकूल हुने देखिन्छ। तसर्थ निवेदकहरूले लिएको सो दाबीमा समेत सत्यता रहेको देखिन नआउने।

अब विपक्षी न्याय परिषद्द्वारा सिफारिस र नियुक्ति सम्बन्धमा भए गरेका काम कारबाहीहरू माथि उल्लिखित संवैधानिक र कानूनी प्रक्रिया नपुर्‍याई गरेको भन्ने दाबीको सन्दर्भमा हेर्दा, उक्त सिफारिस र नियुक्तिसम्बन्धी कार्यहरू सोअनुरूप संवैधानिक, कानूनी प्रक्रियाविहीन ढङ्गले भए गरिएको भन्ने कुरा निवेदकहरूबाट स्पष्टतः देखिन आएको छैन। न्यायाधीश पदमा नियुक्त व्यक्तिहरूमा उल्लिखित योग्यता रहे नरहेको भन्नेतर्फ हेर्दा उल्लिखित संवैधानिक व्यवस्थाअनुसार कुनै पनि नेपाली नागरिक उच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि उपर्युक्तानुसारको ४ वटा योग्यताहरूमध्ये कुनै एक योग्यता पुगेको हुनुपर्ने देखिन आउँछ। तीमध्ये कानून व्यवसायीको क्षेत्रबाट नियुक्त हुने व्यक्ति कानूनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको रूपमा कम्तीमा दश वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा दश वर्ष कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्यायसम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर काम गरेको व्यक्ति हुनुपर्ने भन्ने स्पष्टत: देखिन आउँछ। संवैधानिक र कानूनी व्यवस्थाअनुरूप विपक्षी खण्डमा उल्लिखित न्यायाधीश पदमा सिफारिस र नियुक्ति पाएका व्यक्तिहरूमा उक्त योग्यता रहेको नै देखिने।

न्यायाधीश नियुक्तिको कार्य नियुक्ति हुने व्यक्ति आफैँमा बढी योग्य एवम् सक्षम हुनुको साथ-साथै सिफारिसकर्ता एवम् नियुक्तिकर्ताको सन्तुष्टिको विषय पनि हुने गर्दछ। योग्यताको दृष्टिकोणबाट हेर्दा, विपक्षी उच्च अदालतको न्यायधीश पदमा नियुक्त व्यक्तिहरूमा संविधानले निर्धारण गरेको योग्यता पुगेकोमा कुनै द्विविधा छैन। सक्षमताको दृष्टिकोणबाट हेर्दा, निजहरूले १० वर्षभन्दा बढी अवधि कानून तथा न्यायको क्षेत्रमा र अधिवक्ताको हैसियतमा काम गरेको नै देखिन्छ। उच्च अदालतलगायत कुनै पनि तहको अदालतको न्यायाधीश पदमा रहेर काम गर्न निश्चय पनि नियुक्त हुने व्यक्ति सक्षम हुनुपर्छ। योग्यता र सक्षमता दुई पृथक् कुरा हुन्। योग्यता पुगेका सबै र कानूनको कुनै खास खास क्षेत्रमा दखल भएको व्यक्ति सुरुवातदेखि नै न्यायाधीश पदको हैसियतले सबै प्रकृति र क्षेत्रको न्यायिक काम गर्नको लागि सक्षम हुन्छन् भन्न सकिँदैन। फेरि सबै प्रकृति र क्षेत्रको न्यायिक कार्यमा पूर्ण सक्षम भएर मात्र न्यायाधीश पदमा नियुक्ति गर्न सम्भव पनि हुँदैन र हुने पनि होइन, भए पनि बहुतै नगन्य हुने गर्दछ। यो असाध्यै गहिरो र बृहत् कानूनी एवम् संवैधानिक व्यवस्था र दर्शनका सिद्धान्तहरू समाविष्ट भएको विषय हो। सिद्धान्तत: दाबीका पदमा आकांक्षीहरू धेरै रहेकोमा कानून र संवैधानिक रूपमा योग्यता पुगेको व्यक्तिलाई न्यायाधीश पदमा नियुक्त गरेपछि सबै प्रकृतिको कार्य र क्षेत्रका कार्यानुभवले विस्तारै ऊ सक्षम न्यायाधीश बन्दै जाने हो। यसै पृष्ठभूमिमा योग्यताको दृष्टिकोणबाट हेर्दा, विपक्षी न्यायाधीश पदमा नियुक्त व्यक्तिहरूको संविधानले निर्धारण गरेको योग्यता पुगेकोमा कुनै द्विविधा छैन। सक्षमताको सम्बन्धमा हेर्दा, निजहरूले १० वर्षको अवधि न्याय कानूनको क्षेत्रमा र अधिवक्ताको हैसियतमा काम नगरेको भन्ने देखिन नआउने।

विपक्षीहरूलाई उच्च अदालतको न्यायाधीश नियुक्तिको लागि न्याय परिषद्बाट मिति २०७५।१२।१९ मा गरिएको सिफारिस एवम् नियुक्ति, सपथलगायतका त्यससँग सम्बन्धित सम्पूर्ण काम कारबाही संवैधानिक रूपमा साधिकार निकाय न्याय परिषद्बाट नेपालको संविधान तथा कानूनबमोजिम नै गरे भएको अवस्थामा सो विषयमा पुन: प्रवेश गर्नु रिट क्षेत्राधिकारको सैद्धान्तिक मान्यताको दृष्टिकोणबाट समेत उपयुक्त हुने देखिँदैन। यसै सन्दर्भमा निवेदक

अधिवक्ता सुवोधमान नापितसमेत वि. सम्माननीय प्रधानन्यायाधीश, सर्वोच्च अदालतसमेत भएको संवत् २०६१ सालको रिट नं.२९०३ उत्प्रेषणसमेतको रिट निवेदनमा *(ने.का.प.* २०६१, अङ्क ४, निर्णय नं. ७३७४) "संवैधानिक एवम् कानूनी प्रावधानको पृष्ठभूमिमा अधिकारप्राप्त निकायले संविधान र कानूनको मर्म र भावनाअनुरूप सम्पूर्ण पक्षहरूको विहंगम मूल्याङ्कन र विश्लेषण गरी सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिको लागि कुनै व्यक्तिलाई योग्य ठहऱ्याई सिफारिस गरिएको अवस्थामा सिफारिसकर्ता निकायको विषयगत सन्तुष्टिको औचित्यभित्र प्रवेश गर्नु रिट क्षेत्राधिकारको सैद्धान्तिक मान्यताको दृष्टिकोणबाट समेत उपयुक्त नहुने" भनी सिद्धान्त प्रतिपादन भएकोसमेत देखिन्छ । उक्त सिद्धान्तसमेतको आधारमा रिट निवेदकहरूको निवेदन दाबी संविधान र कानूनसङ्गत रहेको मान्न सकिने अवस्था रहेको नदेखिने ।

अतः माथि विवेचित आधार र कारणबाट विपक्षीमध्येका उच्च अदालतको न्यायाधीश पदमा नियुक्त व्यक्तिहरूको संविधानको धारा १४०(२) बमोजिमको योग्यता पुगेको छैन वा निजहरू सो पदका लागि अयोग्य छन् र विपक्षी न्याय परिषद्समेतले गरेको सिफारिस र नियुक्तिको कार्य बदरयोग्य छ भन्ने नदेखिँदा नियुक्त व्यक्तिहरूको योग्यता परीक्षण गरी सिफारिस, नियुक्ति, सपथलगायतका सबै निर्णय, सबै काम कारबाही बदर गरी रिक्त पदमा अब उप्रान्त योग्यता र क्षमताको आधारमा सबैलाई समान अवसर दिई स्वच्छ र पारदर्शी निर्णय गर्नु भनी परमादेशलगायत आदेशद्वारा बृहत् निर्देशिका जारी गरिपाउँ भन्ने निवेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत रिट निवेदन प्रथमदृष्टि (prima facie) मा नै खारेज हुने ।

इजलास अधिकृत: फणेश्वरी घिमिरे

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७६ साल जेठ १६ गते रोज ५ शुभम् ।